# रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय


## मौवाफाँट, म्याग्दी



# पर्यटन विकास गुरुयोजना

आ.व. २०७५/०७६

# रघुगंगा गाउँपालिका



म्याग्दी जिल्ला
रघुगंगा गाउँपालिका
N
मुस्ताङ
८
कुइनेमंगले
७
चिमखोला
अन्नपूर्ण गाउँपालिका
धवलागिरी गाउँपालिका
१
बेगखोला
६
पाखापानी
४
दग्नाम
५
राखु भगवती
२
३
राखु पिप्ले
मालिका गाउँपालिका
मंगला गाउँपालिका
बेनी नगरपालिका
पर्वत
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका / नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 2 4 8
Km
स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट,म्याग्दी
## ४ नं प्रदेश नेपाल



## शुभकामना

रघुगंगा गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयार पार्ने महत्वपूर्ण जिम्मेवारी पाउनुभएकोमा श्री शुभारम्भ उद्यमशिल नेपाल प्रा.लि. लाई बधाई दिन चाहान्छु । आफुले पाएको जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गर्नु भएको छ भन्ने विश्वास लिएको छु ।

पर्यटन विकास गुरुयोजना तयार गर्नुको उद्देश्य कुनै पनि स्थानको भौगोलिक, आर्थिक,सामाजिक, साँस्कृतिक,धार्मिक, पुरातात्विक तथा वातावरणीय आयामका विभिन्न सुचकहरुको आधारमा सम्भावित पर्यटकीय स्थानहरुको पहिचान गरी सो को पर्वर्द्धन गर्नको लागि आवश्यक कार्ययोजना तयार गर्नु हो । पर्यटनले यसैपनि वहुआयामिक विषय र क्षेत्र समेट्ने हुनाले हाम्रो यस गाउँपालिका क्षेत्र भित्र रहेका परम्परागत कला, सँस्कृति, रहनसहन, रीतिरिवाज, पदमार्गहरु, प्राकृतिक सुन्दरता, वन्यजन्तु, चराचुरुङ्गी आदीको संरक्षण र पर्वर्द्धनको लागि यस गुरुयोजनाले अल्पकालिन तथा दीर्घकालिन रणनीति तय गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु ।

विगत लामो समय सम्म राज्य जनप्रतिनिधि विहिन अवस्थामा गुज्रेको अवस्था र राज्यको नयाँ संरचना अनुरुपको निर्वाचन भई जनप्रतिनिधिले पद वहाल भई आफ्नो क्षेत्रको विकास कार्यमा अगाडी वढिरहको अवस्थामा यो पर्यटन गुरुयोजना तयार भएको छ । नेपालको सन्दर्भमा सम्वृद्दीको एउटा भरपर्दो माध्यम पर्यटन भएको र आफ्नो क्षेत्रभित्र भएका प्राकृतिक सुन्दरता, कला, संस्कृतिहरुको जगेर्ना, प्रवर्द्धन र वजारीकरणको लागिमहत्वपुर्ण भूमीका खेली पर्यटकीय हिसावले रघुगंगा गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा विकास गर्न सहयोग पुर्याउन सकोस भन्ने शुभेच्छा प्रकट गर्न चाहान्छु ।

(भव बहादुर भण्डारी)

अध्यक्ष

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट,म्याग्दी
### ४ नं प्रदेश नेपाल



## शुभकामना

रघुगंगा गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयार पार्ने महत्वपूर्ण जिम्मेवारी पाउनुभएकोमा श्री शुभारम्भ उद्यमशिल नेपाल प्रा.लि. लाई बधाई दिन चाहान्छु । आफुले पाएको जिम्मेवारी इमान्दारीताका साथ समयमैव सम्पन्न गर्नुहुने छ भन्ने अपक्षा गरेको छु।

कुनै पनि स्थानको भौगोलिक, आर्थिक,सामाजिक, सौंस्कृतिक,धार्मिक, क्षेत्रको पर्वर्द्धन गर्नको लागि आवश्यक कार्ययोजना तयार गर्ने उद्धेश्यका साथ तयार हुन लागेको पर्यटन गुरुयोजनाले बहुआयामिक विषय र क्षेत्र समेट्ने हुनाले हाम्रो यस गाउँपालिका क्षेत्र भित्र रहेका कला, सँस्कृति, रहनसहन, रीतिरिवाज, पदमार्गहरु, प्राकृतिक सुन्दरता, वन्यजन्तु, चराचुरुङ्गी आदीको संरक्षण र पर्वर्द्धनको लागि यस गुरुयोजनाले सघाउ पुऱ्याउनेछ । राज्यको नयाँ संरचना पश्चात निर्वाचित भएरआएका जनप्रतिनिधिले आफ्नो क्षेत्रको विकास कार्यमा अगाडी बढिरहको अवस्थामा यो पर्यटन गुरुयोजना तयार गरिएको छ । बिकासको भरपर्दो माध्यम पर्यटन भएको हुनाले स्थानिय स्तरमा रहेका कला, संस्कृतिहरुको जगेर्ना, प्रवर्द्धन र बजारीकरणको माध्यमबाट यस गाउँपालिकालाई पर्यटकिय गाउँपालिकाको रुपमा विकास गर्न सहयोग पुगोस भन्ने शुभकामना ब्यक्त गर्दछु।

(कमला तिलिजा)
उपाध्यक्ष

रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट,म्याग्दी
४ नं प्रदेश नेपाल

# शुभकामना



बिकासका बिभिन्न आयमहरु मध्ये पर्यटन बिकास अहिलेको परिप्रक्ष्यमा आर्थिक बिकासको मेरुदण्डको रुपमा रहेको छ। रघुगंगा गाउँपालिकाले पनि पर्यटन बिकासको लागि आवश्यक वस्तुगत विवरण संकलन गरी प्रथम पटक तयार हुन लागेको पर्यटन बिकास गुरुयोजनाले गाउँपालिका भित्र रहेका प्रमुख पर्यटकिय स्थलहरु, स्थानीय कला संस्कृती, रीतिरिवाज, प्राकृतिक सम्पदाहरु लगायतका पर्यटकिय आकर्षणका क्षेत्रहरुको यथार्थतालाई तथ्य र तथ्याङ्क मार्फत उजागर गर्नेछ भन्ने विश्वास लिएकोछु ।

पर्यटन गुरुयोजनाको मुख्य उद्धेश्य भनेको पर्यटन विकास संग सम्बन्धित विकास योजना तथा वार्षिक वजेट तर्जुमाको आधार तयार गरि आगामी दिनमा पर्यटन क्षेत्रको बिकासको लागि मार्गचित्र तयार गर्नु हो। यसरी निर्माण गरिएको योजना कार्यान्वयनयोग्य र नतिजामुखी हुने कुरामा दुईमत छैन ।अवका दिनहरुमा गाउँपालिकाले अवलम्बन गर्ने नीति कार्यक्रम तथा वजेटलाई परिणाममुखी वनाउन यस पर्यटन बिकास गुरुयोजनाले सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएकोछु।

रघुगंगा गाउँपालिकाको समग्र भूगोल, पर्यटन संग सम्बन्धित गतिबिधीहरु र पर्यटन बिकासको लागि चाल्नुपर्ने कदमहरुलाई समेत समेटी यस भित्रका विविध आयामहरुको माधमवाट पर्यटन संग सम्बन्धित योजनाहरु निर्माण गर्न सहज हुनेछ । गाउँपालिका भित्र रहेका समुदाय तथा बस्ति स्तरसम्म पुगी विकासका प्राथमिकता निर्धारण गर्न यो पर्यटन बिकास गुरुयोजनाले अहम भुमीका खेल्ने निश्चित छ।समग्र गाउँपालिकाको सन्तुलित विकासका लागि यो पर्यटन बिकास गुरुयोजना उपयोगी हुन सकोस भन्ने शुभेच्छा ब्यक्त गर्न चाहान्छु ।

(नारायण प्रसाद चापागाइं)
प्रमख प्रशासकीय अधिकृत

मु.अ. कर द.नं:६०६८७२९४६ कम्पनी रजिष्टारको कार्यालय द.नं:१७६२७४/०७४/०७५

# शुभारम्भ उद्यमशिल नेपाल प्रा.लि.

स्था: २०७४

## दुई शब्द

बर्तमान नेपालको राज्यको पुनसंरचना पश्चात मुख्यतया विकास कार्यको गतिमा परिबर्तन हुनुपर्ने अपेक्षा जनसमुदायले राखेका छन् । खास गरी हाल सम्म विकासको हरेक अवयवहरुमा समान रुपले दृष्टिले ध्यान पुग्न नसक्दा जनतामा आएको वितृष्णा र आक्रोशले राज्य व्यवस्थाको परिवर्तन गर्ने सम्मको अवस्था निम्त्यायो र परिणामस्वरुप देश संघिय लोकतान्त्रिक गणतन्त्रमा प्रबेश गऱ्यो भने विकासको प्रतिफल देशको सबै स्थानमा समान रुपले पुऱ्याउन सकियोस भनेर संघिय प्रणालीमा मुलुक संचालन हुने संवैधानिक व्यवस्था भयो । यो सबै गर्नुको एउटै उद्धेश्य मुलुक र जनतालाई संबृद्ध बनाउनु हो ।

हाम्रो देश नेपाललाई समृद्ध बनाउने मुख्य उपायहरु मध्ये पर्यटन क्षेत्रको विकासले अहंम भुमीका निर्वाह गर्ने कुरामा दुईमत छैन । नेपाल संसारका रहेको विरलै देश मध्ये एउटा त्यस्तो देश हो जहाँ सानो क्षेत्रफलमा पनि विविधतायुक्त हावापानी, जमीन, १२५ प्रकारका जातजाती, १२३ प्रकारका भाषा, सबै जातजातीमा आआफ्नै र भिन्न भिन्न संस्कृति, धर्म र चालचलनको अद्वितिय संगम छ ।नेपाल सरकारले पनि कुल ग्राहस्थ उत्पादनको २० -२५% पर्यटनबाट गर्ने लक्ष्य राखेको छ । पर्यटन एउटा यस्तो क्षेत्र हो जसको विकास तथा प्रवर्द्धन गर्न सकेमा समाजका सबै तहहरु / व्यक्तिहरु केही न केही रुपमा प्रभावित पारेको हुन्छ । एयरलाईन्स, होटल, रेष्टुरेन्ट, यातायात, लगायत गाउँघरका होमस्टे, टुरिष्ट गाईड, दुरसंचार, कृषक सबैले प्रत्यक्ष / अप्रत्यक्ष रुपमा पर्यटनबाट फाईदा लिन सक्छन् । नेपाल सरकारले समेत आन्तरिक पर्यटन प्रवर्द्धनको लागि पहिला देश अनि विदेश भन्ने नारा अगाडी सारेको अवस्थामा यस रघुगंगा गाउँपालिकाले पर्यटनको विकास गुरुयोजना निर्माण गर्ने कार्य सहानीय छ । यस गुरुयोजनाले यस गाउँपालिकाको आर्थिक विकास र संवृद्धिको यात्रमा कोशेढुंगा सावित हुनेछ भन्ने विश्वास लिएका छौं ।

कुनै क्षेत्रको विकास गर्न सरल तरिकाले वाटो तय गर्नु जरुरी हुन्छ । अहिले हामीसित के छ ? हामी कुन अवस्थामा छौं? अव कहाँ जाने वा पुग्ने हो? र यो कसरी सम्भव छ? यी प्रश्नहरुको सरल जवाफ नै विकासका सरल उपायहरु हुन् । पहिलो र दोश्रो प्रश्नको जवाफ वस्तुगत विवरण मार्फत प्राप्त हुन्छ भने तेश्रो र चौथो प्रश्नको उत्तर गुरुयोजना मार्फत प्राप्त गरिन्छ । यसै सन्दर्भमा रघुगंगा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको पर्यटन विकास गुरुयोजना निर्माणको लागि सहयोगी संस्थाको रुपमा शुभारम्भ उद्यमशिल नेपाल प्रा.लि म्याग्दीलाई छनौट गरेर अवसर प्रदान गर्नुभएकोमा गाउँपालिकाका अध्यक्ष श्री भववहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत श्री नारायण चापागाईं लगायत सम्पुर्ण गाउँपालिका परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

यो पर्यटन विकास गुरुयोजनालाई सकेसम्म यथार्थपरक र उपयोगि वनाउन प्रयास गरिएकोछ।यो गुरुयोजना निर्माणमा विज्ञको रुपमा कार्य गर्नु हुने श्री रामचन्द्र सेढाई र लक्ष्मी पुनको मेहेनतको यहाँ प्रशंसा जति गरेपनि त्यो कम नै हुनेछ। यो प्रोफाइल तयार गर्न समन्वयकर्ताको रुपमा कार्य गर्नुहुने प्रा.लि. का कार्यक्रम अधिकृत श्री कुलचन्द्र रेग्मी, प्रति पनि विशेष धन्यवाद ज्ञापन गर्दछौं।

१५ असार २०७५

शुभारम्भ उद्यमशिल नेपाल प्रा.लि
म्याग्दी

# प्रकाशकीय

विकास निर्माणका कार्यहरुका निर्दिष्ट लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि योजनावद्ध तरिकाले अगाडि बढ्नुपर्ने कुरामा राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय लगायत जुनसुकै स्तरमा कसैको पनि दुईमत छैन। स्थानीय योजना तयारीको लागि आधारभूत खम्बाको रुपमा सम्बन्धित क्षेत्रको विस्तृत वस्तुगत सुचनाहरुको आवश्यकता जरुरी हुन्छ।तिनै वस्तुगत सूचकाङ्कले संकेत गरे अनुसार स्थानीय निकाय तथा स्थानीय सरकार अगाडी बढ्न सके त्यसबाट प्राप्त प्रतिफल दिगो र प्रभावकारी हुन्छ। यसले सुशासन प्रवर्द्धनमा समेत सहयोग पुग्नेछ। यसका लागि शुरु देखि अन्त्य सम्म स्थानीय जनसहभागिता जुट्न सक्ने पारदर्शी र दिगो विकास प्रकृयाहरुको आवश्यकता टड्कारो रुपमा देखिएको छ। नेपालको सन्दर्भमा लोकतन्त्रको स्थापनासँग नेपालको संविधान २०७२ ले स्थानीय जनतालाई शासन सञ्चालनमा प्रत्यक्ष र नजिकको हक स्थापना गर्दै राज्यको पुन संरचनाको व्यवस्था गरेको छ। जस अनुसार साविकको स्थानीय निकायको रुपमा रहेका गाउँ विकास समितिहरुको सिमांकनमा हेरफेर गरी नयाँ संरचनामा स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न गाउँपालिका र नगरपालिकाको अवधारणा अगाडी ल्याएको छ। यसै क्रममा स्थानिय निकायमा भएका आर्थिक विकासका सम्भावनाहरुलाई पहिचान गर्दै स्थानिय निकायको दीगो विकासको आधारलाई मजवुत वनाउन पर्यटन क्षेत्रले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । त्यसका लागि पहिले गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको पहिचान गर्नु पर्ने र चरणबद्ध रुपमा बिकास गर्नुपर्ने साथसाथै पर्यटकीयस्थल तथा पदमार्गको प्रवद्र्धन र दिगो विकासका साथै नयाँ गन्तव्यको पहिचान गरी पर्यटकीय स्थलका रुपमा विकास गर्न भौतिक पूर्वाधारका आवश्यक कार्यक्रम तर्जुमा गरि गाउँपाकिकाको पर्यटन क्षेत्रको पहिचान गर्ने, पर्यटकीय संभावना रहेका धार्मिक, साँस्कृतिक, भौतिक, मनोरञ्जनात्मक, पैदलयात्रा, लगायत पर्यटन क्षेत्रको खोजीगर्ने र भाबि योजनाहरुका बारेमा बिस्तृत क्षेत्र समेट्ने गरि यो गुरु योजना तयार प्राथमिक र द्धितिय स्तरका सूचनाहरु संकलन गरी त्यसैको आधारमा यो गाउँपालिकास्तरको पर्यटन विकास गुरुयोजना तयार गरिएको छ ।त्यस्तै रघुगंगा गाउँपालिकाको ग्रामीण पर्यटन विकास गर्नको लागि गाउँपालिका भित्रका पर्यटकीय सम्भावना वोकेका स्थानहरुको पहिचान गर्नु, पर्यटकीय दृष्टीकोणले विकास गर्नुपर्ने आवश्यक पुर्वाधारहरुको वारेमा अध्ययन गर्नु, स्थानीय रहनसहन, संस्कृति, चालचलन, परम्पराहरु, धार्मिक साँस्कृतिक र पर्यावरणीय अवस्थाको वारेमा अध्ययन गरी पर्यटकीय आकर्षण गर्ने स्थानको रुपमा विकास गर्न के के गर्न सकिन्छ भनेर अध्ययन गरी सोही अनुरुप लगानी गर्दै जानकोको लागि मार्गदर्शन गर्नु नै यस गुरुयोजनाको मुख्य उद्देश्य रहेकोछ ।

**संक्षिप्त रुप**

गा.पा. - गाउँपालिका

न.पा. —नगरपालिका

जि.स.स. — जिल्ला समन्वय समिति

गा.वि.स -गाउँ बिकास समिति

सा. ब. — सामुदायिक बन

प्रा. लि. - प्राइभेट लिमिटेड

प्र.अ. — प्रधान अध्यापक

वि.सं — विक्रम सम्वत

कि.मी. - किलोमिटर

**TAAN – Tracking Agency Association of Nepal**

**NATTA - Nepal Association of Travel and Tour Agents**

NATO - Nepal Association of Tour Operators

HAN - Hotel Association of Nepal

REBAN - Restaurant and Bar Association of Nepal

HOSAN - Homestay Association of Nepal

SOTTO - Society of Travel and Tourism Organization

# विषय सुची


परिच्छेद १ः परिचय....१
१.१ पृष्ठभूमी....१
१.२ गाउँपालिकाको संक्षिप्त परिचय....१
१.३ गुरुयोजनाको उद्धेश्य....३
१.४ योजना तर्जुमा बिधि तथा प्रकृया....३
१.५ पर्यटन योजनाको ढाँचा....४
परिच्छेद २ःपर्यटन विकासको हालको अवस्था....५
२.१ पर्यटकीय आकर्षणका सम्पदाहरुः....५
२.१.१ प्राकृतिक तथा वातावरणीय सम्पदाहरु....५
जमीन....५
जंगल....५
जल....६
वोटविरुवा तथा वनस्पति....६
जडीवुटी....६
स्तनधारी जनावरहरु....६
चराचुरुङ्गीहरु....६
पुतली....७
माछा....७
सरीसृपहरु....७
२.१.२ साँस्कृतिक सम्पदाहरुः....७
मुख्य मुख्य चाडपर्वहरु....७
भेषभुषाहरुः....९
कला, संगीत, लोकगीत, लोककथा, किंवदन्तीहरु/हस्तकला / परम्परागत सीपहरु / व्यवसायहरु....१०
२.१.३ धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरु....१२
२.१.४ सांस्कृतिक / जनजातीय संग्रहालयहरूको विवरण....१५
२.१.५ ऐतिहासिक किल्ला, महल/दरवार, खंडहर....१५
२.१.६ मुख्य मुख्य दृश्यावलोकन गर्न सकिने स्थानहरु....१५

२.२ हालको वजार अवस्था ................ १७
२.३ पुर्वाधार ................ १७
२.३.१ यातायात ................ १७
२.३.२ खानेपानी तथा सिंचाई ................ १८
२.३.३ विजुली तथा उर्जा ................ १८
२.३.४ सूचना तथा संचार सेवा ................ १८
२.३.५ उद्यम व्यवसाय ................ १९
२.३.६ होटल / रेष्टुरेण्ट तथा चिया खाजा घरहरु ................ १९
२.३.७ होमस्टे ................ १९
२.३.८ स्वास्थ्य चौकी ................ १९
२.३.९ सार्वजनिक शौचालय ................ १९
२.३.१० सरसफाई तथा फोहोर व्यवस्थापन ................ २०
२.३.११ पर्यटन सूचना केन्द्र ................ २०
२.३.१२ सुरक्षा चौकी ................ २०
२.३.१३ हवाई सेवा ................ २०
२.३.१४ व्यापारीक केन्द्र ................ २१
पदयात्रा ................ २२
होमस्टे (गन्तव्य गाउँ) ................ २३
तिर्थाटन ................ २३
साहसिक यात्रा ................ २४
मनोरन्जनात्मक कृयाकलापहरु (पर्व तथा मेलाहरु) ................ २४
झोलुङ्गे पुल अवलोकन ................ २५
टेन्टिङ / क्याम्पिङ ................ २५
२.६ खनिज तथा खानीहरु ................ २६
२.७ झरना, गल्छी तथा तालहरु ................ २६
२.७ सवाल, अवसर तथा चुनौतीहरु ................ २७
परिच्छेद३:पर्यटन योजनाको सोच, लक्ष्य तथा उद्धेश्यहरु ................ २८
३.१ पर्यटन योजनाको सोच ................ २८
३.२ पर्यटन योजनाको लक्ष्य ................ २८
३.३ पर्यटन योजनाको उद्धेश्यहरु ................ २८

३.४ पर्यटन योजनाका अपेक्षित उपलब्धीहरु .......... २९
३.५ पर्यटन योजनाको प्रमुख रणनीतिहरु .......... ३२
३.६ पर्यटन गन्तव्यको विकासका चरण अनुसार अवलम्वन गरिने रणनीतिहरु .......... ३३
३.७ प्रमुख कार्यक्रम, क्षेत्र तथा कृयाकलापहरु .......... ३४
३.७.१ संस्थागत संरचना सुदृढीकरण तथा क्षमता अभिवृद्धी .......... ३५
३.७.२ पर्यटन पुर्वाधारहरुको विकास, स्तरोन्नती तथा विस्तार .......... ३७
३.७.३ पर्यटन सूचना तथा संचार .......... ३८
३.७.४ पर्यटन गन्तव्य, प्रवर्धन तथा वजारीकरण .......... ३८
३.७.५ पर्यटन उद्यम / व्यवसाय श्रृजना, रोजगारी अभिवृद्धी तथा स्थानीय समुदायको सहभागिता .......... ३९
३.७.६ सांस्कृतिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरुको दीगो संरक्षण तथा प्रवर्धन .......... ४१
परिच्छेद ४ : योजना कार्यन्वयन, अनुगमन तथा मुल्यांड्कन .......... ४२
४.१ योजना कार्यान्वयन व्यवस्था .......... ४२
४.२ वजेट/स्रोत व्यवस्थापन .......... ४४
४.२.१ प्रस्तावित अनुमानित वजेट .......... ४४
४.२.२ स्रोत संभाव्यता प्रक्षेपण तथा नपुग स्रोत परिचालन .......... ४४
४.३ योजना अनुगमन तथा मुल्याङ्कन .......... ४५
४.४ प्रमुख कार्यक्रम, क्रियाकलाप, वजेट तथा कार्यान्वयन जिम्मेवारी .......... ४६
अनुसूचीहरु .......... ५४
*अनुसूची १- पदमार्गको नक्शा* .......... ५४
*अनुसूची २- पर्यटकिय स्थलहरुको नक्शा* .......... ५६
*अनुसूची नं ३: तथ्याङ्क संकलन तथा छलफल गोष्ठीहरु र योजनाको प्रस्तुतिकरणमा सहभागिहरुको विवरण* .......... ५७
*अनुसूची ४- फोटोहरु* .......... ६१
सन्दर्भ सामाग्री .......... ६३

# तालिका सुची


| तालिकाहरुको विवरण | पेज नं. |
|---|---|
| *तालिका नं. १ मुख्य बस्तिहरुको विवरण* | २ |
| *तालिका नं. २: प्राकृतिक तथा वातावरणीय सम्पदाहरुको विवरण* | ५ |
| *तालिका नं. ३: मुख्य मुख्य चाडपर्वहरुको विवरण* | ७ |
| *तालिका नं. ४: मुख्य भाषा र भेषभुषाहरुको विवरण* | ९ |
| *तालिका नं ५: कला, संगीत, लोकगीत, लोककथा, किंवदन्तीहरुको विवरण* | १० |
| *तालिका नं. ६: धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको विवरण* | १२ |
| *तालिका नं. ७: मुख्य मुख्य दृश्यावलोकन गर्न सकिने स्थानहरु विवरण* | १५ |
| *तालिका नं. ८: गा.पा. भित्र रहेका सडकहरुको विवरण* | १७ |
| *तालिका नं. ९: पर्यटन विकासमा संलग्न संस्थाहरु र हाल सम्मका प्रयासहरुको विवरण* | २१ |
| *तालिका नं. १०: पर्यटन पदमार्गहरुको विवरण* | २२ |
| *तालिका नं. ११: ताल, गल्छी तथा झरनाहरुको विवरण* | २५ |
| *तालिका नं. १२: पर्यटन योजनाको अपेक्षित उपलब्धिहरु एवं प्रमुख परिमाणात्मक लक्ष्यहरु* | ३० |
| *तालिका नं. १३: निर्माण तथा स्तरोन्नती गर्नुपर्ने संरचनाहरुको विवरण* | ३६ |
| *तालिका नं. १४: प्रमुख कार्य क्रम तथा प्रस्तावित अनुमानित बजेट* | ४३ |
| *तालिका नं. १५: पर्यटन विकास योजना अनुगमन तथा मूल्याङ्कन तालिका* | ४४ |
| *तालिका नं : १६ प्रमुख कार्यक्रम, कृयाकलाप, बजेट तथा कार्यान्वियन जिम्मेवारी तालिका* | ४६ |

## कार्यकारी सारांश

<table>
<tr><td>योजनाको नाम</td><td colspan="3">रघुगंगा गाउँपालिका म्याग्दीको पर्यटन विकास गुरुयोजना</td></tr>
<tr><td>योजना अवधी</td><td colspan="3">आ.व. २०७५/०७६ देखी आ.व. २०८०/८१</td></tr>
<tr><td>दीर्घकालिन सोच</td><td colspan="3">आगामी पाँच वर्षमा रघुगंगा गाउँपालिका भित्र समुदायमा आधारित, समावेशी, संरक्षणमुखी र दीगो पर्यटन विकास प्रवर्धन र व्यवस्थापनको नमुना गन्तव्यको रुपमा विकसित हुनेछ ।</td></tr>
<tr><td>योजनाको लक्ष्य</td><td colspan="3">समुदायमा आधारित दिगो पर्यटन व्यवस्थापन र विकासको माध्यमवाट जैविक विविधता, धार्मिक एवं सामाजिक सांस्कृतिक सम्पदाहरुको संरक्षण अहम योगदान पुग्नुका साथै गाउँपालिकाका स्थानिय समुदायहरुको जीवनस्तरमा सुधार ल्याई स्थानीय अर्थतन्त्रमा सहयोग पुर्याउने ।</td></tr>
<tr><td>योजनाका उद्देश्यहरु</td><td colspan="3">१.आन्तरिक तथा वाह्य पर्यटन प्रर्वधन गरि स्थानीय समुदायका मानिसहरुको जीवनस्तरमा सुधार ल्याउने ।<br>२.स्थानीय कला, संस्कृतिको संरक्षण र व्यवसायिकरण गर्नको लागि सहयोग गर्नु,<br>३. पर्यटन विकासका लागि उपयुक्त र वातावरण मैत्री भौतिक पुर्वाधारहरु निर्माण र विकासको लागि सहयोग पुराउनु,<br>४. स्थानीय रुपमा रहेका मौलिक तथा हस्तकला सम्वन्धी व्यवसायहरुको संरक्षण तथा प्रचार प्रसारका लागि वजार विस्तार गर्न सघाउ पुर्याउने ।<br>५.यस गाउँपालिकाका क्षेत्र भित्र आर्थिक विकासका सम्भावनाहरुलाई उजागरगर्ने,</td></tr>
<tr><td>प्रमुख रणनितिहरु</td><td colspan="3">१. पर्यटनलाई दीगो आर्थिक विकासको मेरुदण्डको रुपमा विकस गर्ने<br>२. पर्यटन गन्तब्य, उत्पादन तथा आयआर्जनका कृयाकलापहरुको विकासमा जोड दिने<br>३. विभिन्न निकायहरु संग समन्यव, सहकार्य र साझेदारीको अवधारणा विकास गर्ने</td></tr>
<tr><td>प्रमुख कार्यक्रम क्षेत्रहरु</td><td colspan="3">१. संस्थागत शुसासन तथा क्षमता अभिवृद्दी<br>२. उत्पादन तथा आयआर्जनका कृयाकलापहरुमा वृद्दी<br>३. पर्यटन प्रवर्धनका लागि मानविय संसाधनको विकास र परिचालन<br>४. वातावरण तथा संस्कृति मैत्री भौतिक पुर्वाधारहरुको विकास विस्तार तथा स्तरोन्नती<br>५. वजारिकरण तथा प्रवर्धन<br>६. जैविक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र पर्यटकिय सम्पदाहरुको दीगो संरक्षण तथा प्रवर्धन</td></tr>
<tr><td rowspan="11">परिमाणात्मक लक्ष्यहरु</td><td>लक्ष्य / सुचकहरु</td><td>आधार वर्ष तथ्य</td><td>आ.व २०७९/८०</td></tr>
<tr><td>पर्यटक आगमन (आन्तरीक)</td><td>१८००</td><td>२५०००</td></tr>
<tr><td>पर्यटक आगमन (वाह्य)</td><td>५००</td><td>१०,०००</td></tr>
<tr><td>पर्यटक वसाई अवधि (आन्तरीक)</td><td>३</td><td>७</td></tr>
<tr><td>पर्यटक वसाई अवधी (वाह्य)</td><td>२</td><td>५</td></tr>
<tr><td>आन्तरीक पर्यटक खर्च (दैनिक)</td><td>१५००</td><td>३०००</td></tr>
<tr><td>वाह्य पर्यटक खर्च (दैनिक)</td><td>२५००</td><td>५०००</td></tr>
<tr><td>पर्यटनवाट श्रृजित रोजगारी</td><td>०</td><td>१००</td></tr>
<tr><td>प्रत्यक्ष रोजगारी</td><td>३</td><td>१००</td></tr>
<tr><td>अप्रत्यक्ष रोजगारी</td><td>०</td><td>३००</td></tr>
<tr><td>पर्यटकीय होटल, लज र होमस्टे</td><td>३</td><td>१००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | आधारभुत वेटर / वेट्रेस्ट तालिम प्राप्त जनशक्ति | ० | १०० |
| | टुर गाईड | ३ | २० |
| | आधारभूत कुकिङ | ४ | ५० |
| | होमस्टे व्यवस्थापन | १८ | १०० |
| | आधारभूत भाषा तालिम | ० | २० |
| | हस्तकला विक्री केन्द्र पसल | ० | १ |
| | साँस्कृतिक / जातीय संग्राहलय | ० | २ |
| | पर्यटन सूचना केन्द्र | ० | ३ |
| | गाउँ पर्यटन गुरुयोजना | ० | १ |
| | पर्यटनबाट प्राप्त हुने राजश्व | ० | ५०००००।- |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमी

नेपाल विश्व मानचित्रमा सानो देश भएपनि यहाँ धेरै भौगोलिक विविधता र फरक फरक हावापानी पाईन्छ । फरक हावापानी र भूगोलमा धेरै प्रकारका जातजाती, भाषा, धर्मसंस्कृति, चालचलन र रीतिरिवाजलाई आत्मसाथ गर्ने समुदायहरुको वसोवास रहेको छ । नेपालमा कुनै पनि त्यस्तो क्षेत्र छैन जहाँ एकल भाषा धर्म र संस्कृति रहेको होस । नेपालको जनगणना २०६८ अनुसार १२६ जातजाती र १२३ प्रकारका भाषाहरु रहेको पाईन्छ ।त्यसरी नै यस रघुगंगा गाउँपालिकामा पनि मगर, छन्त्याल, वाहुन, क्षेत्री, गुरुङ्ग, दमाई, कामी, सार्की, थकाली, नेवार, लगायतका जातीहरुको वसोवास रहेको छ । मगर तथा छन्त्यालको आफ्नै मातृभाषा रहेको यस स्थानमा सवै जातजातीले आ — आफ्नै प्रकारका चाडपर्वहरु मान्ने र संस्कृति अवलम्वन गर्ने गरेका छन् ।विशेष गरीसमाजमा वसोवास गर्ने अनेक जातजाति र धर्म संस्कृति एवम् परम्परा मान्ने मानिसहरु पारस्परिक सद्भाव, सहयोग र सुसम्वन्ध कायम गर्न सदा तत्पर रहन्छन् । जुनसुकै भाषा वा धर्म संस्कृति मान्ने भए पनि हामी एक अर्काको सम्मान र आदर गर्ने आम नेपाली संस्कृति यहाँ पनि देख्न पाईन्छ ।


म्याग्दी जिल्ला प्राकृतिक धार्मिक, ऐतिहासिक विविधताको धनि जिल्ला हो।भौगोलिक, प्राकृतिक, धार्मिक, सास्कृतिक, भाषिक र जातिय विविधता यस जिल्लाको मुख्य विशेषता हो।यस जिल्लामा धौलागिरी सेन्चुरी पदमार्ग, पश्चिम धौलागरी पदमार्ग, धौलागिरी आइसफल पदमार्ग, गुरिला पदमार्ग, अन्नपुर्ण चक्रिय पदमार्ग, अन्नपुर्ण धौलागिरी सामुदायिक पदमार्ग, फ्रेन्च पास, धम्पुसपास, हिडन भ्याली जस्ता पर्यटकिय स्थल र पैदल मार्गहरु रहेका छन। त्यसैगरी जलविधुत एवम जलविहारका लागि उपयुक्त म्याग्दी, काली, रघुगंगा नदिका साथै मिरिस्ती, रुप्से जस्ता अनेकौ खोलाहरु, विविधता युक्त प्राकृतिक सम्पदाहरु, जिल्लाको हिमाली तथा पहाडी जंगलमा पाईने लालीगुराँस एवम पाँचऔले, यार्सागुम्वा, सुगन्धवाल, जटामसी , निरमसी, टिमुर, सिल्तिमुर, लौठसल्ला जस्ता औसधिजन्य महत्वपुर्ण जडिबुटिहरु र महत्वपुर्ण वनस्पति अर्गेली, लोक्ता, चाल्ने सिस्नो जस्ता गैरकाष्ठ वन पैदावारहरु लगायतका यस जिल्लाका मुख्य भौगोलिक, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र पौराणिक विशेषताहरु हुन।

मगर जातिको वाहुल्यता रहेको यस जिल्लामा ब्रामण, क्षेत्री, बिश्वकर्मा, दर्जी, छन्त्याल, चर्मकार, ठकुरी, नेवार, गुरुङ्ग, थकाली, किसान तामाङ, सन्यासी/दशनामी, मुसलमान जस्ता जातजातीहरुको बसिवास भएको हुनाले म्याग्दीमा उत्पत्ती भएको थालीनाँच, मगर, छन्त्याल समुदायको पुर्ख्यौली नाच, नेवार समुदायको हनुमान, जोगी, लाखेनाँच, ब्रमण क्षेत्रीको चुड्का भजन लगायतका नाँचहरु तथा नेवार, थकाली, छन्यत्याल, विश्वकर्मा लगायतका जातजातीका भेषभुसाहरु समेत पर्यटकीय आकर्षक वन्न सक्दछन।

## १.२ गाउँपालिकाको संक्षिप्त परिचय

रघुगंगा गाउँपालिका म्याग्दी जिल्लामा रहेका ६ वटा स्थानीय निकाय मध्ये एक हो । नेपालको पुनर्संरचना हुनुभन्दा अगाडीका तत्कालिन ८ वटा गा.वि.स हरु (वेगखोला, भगवती, राखुपिप्ले, दग्नाम, चिमखोला, कुईनेमंगले, पाखापानी र झीं) मिलेर यो गाउँपालिका वनेको छ । यसको सिमाना पुर्वमा अन्नपुर्ण गाउँपालिका र पर्वत जिल्लाको जलजला

गाउँपालिका, पश्चिममा मालिका र धवलागिरी गाउँपालिका, उत्तरमा मुस्ताङ जिल्ला र दक्षिणमा मंगला गाउँपालिका तथा वेनी नगरपालिका सँग जोडिएको यस गाउँपालिकाको कुल क्षेत्रफल ३७९.१३ वर्ग कि.मी. क्षेत्रफल रहेको यस रघुगंगा गाउँपालिका विश्व मानचित्रमा अक्षांश उत्तर ८३°२५÷१२÷÷ देखि ८३°३७÷३÷÷ उत्तर सम्म रदेशान्तर २८°२२÷ ३०÷÷ पूर्वदेखि २८°४१÷५२÷÷ पूर्व सम्म फैलिएको छ । कुल क्षेत्रफल मध्ये ५५% जङ्गल तथा चरन क्षेत्र, ४% खेतीयोग्य जमीन र ४१% जमीन पाखोवारी क्षेत्र रहेको देखिन्छ । यो गाउँपालिका समुद्री सतह देखी सबै भन्दा कम उचाईको भुभाग ८६१ मि. वडा नं. ३ को गलेश्वर पर्दछ भने सबै भन्दा अग्लो स्थान वडा नं.८ मा पर्ने धौलागिरी हिम श्रृंखला अन्तर्गतको हिमाली भुभाग ६९६२ मिटर उचाईमा शितोष्ण तथा समशितोष्ण खालको हावापानी पाईन्छ । यस गाउँपालिकाको जनसंख्या १५७७२ रहेकोमा महिला ५६ %, पुरुष ४४% छ । मुख्यरुपमा मगर र अल्पसंख्यकको रुपमा छन्त्याल समुदायको वसोवास रहेको यस गा.पा मा वाहुन, क्षेत्री, ठकुरी, दमाई, कामी, सार्की लगायतका जातजातीहरुको वसोवास रहेको छ। यस गाउँपालिकाको मुख्यवालिको रुपमा आलु, कोदो, मकै, धान, जौ, फापर उत्पादन हुने गर्दछ । यस ठाउँका मानिसहरुले जनै पुर्णिमा, हरेलो मेला, दशैं, तिहार, माघे संक्रान्ती, साउने सक्रान्ती, उधौली, उभौंली, ल्होसार, तीज, कृष्णाष्टमी, फागुपुर्णिमा, चैतेदशैं लगायतका चाडपर्वहरु मनाउने गर्दछन् । अधिकांश वस्तीमा नेपाली भाषा बोल्ने भएपनि मातृभाषाको रुपमा मगर भाषा तथा छन्त्याल भाषा चलनचल्तीमा रहेको छ । यहाँ वसोवास गर्ने व्यक्तिहरुले मुख्यतया हिन्दु, वौद्द, क्रिश्चियन धर्म प्रति विश्वास गर्दछन् भने पूजाआजाका लागि विभिन्न स्थानहरुमा मठमन्दिर, गुम्वा, चर्च, थानहरु र मेला लाग्ने स्थानहरु रहेका छन् (श्रोतः गाउँ विकास समितिका प्रोफाईलहरु २०६७)




रघुगंगा गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । ती सबै वार्डहरुमा सघन वसोवास भएका वस्तीहरु र छरिएर रहेका वस्तीहरु रहेका छन् । यस गाउँपालिकामा रहेका मुख्य मुख्य सघन वस्तीहरु विवरण निम्नानुसार रहेको छ ।

*तालिका नं. १ मुख्य वस्तिहरुको विवरण*

| क्र.स | वार्ड नं | मुख्य मुख्य वस्तीहरु |
|---|---|---|
| १. | वार्ड नं १ — वेगखोला | वेग, वाँदुक र तिप्ल्याङ |
| २. | वडा नं २, भगवती | ठूलाघर, कटुवाटोल, तल्लाघर, भगवतीटोल, ठाँटीघर, धपीचौर, सिजलगाउँ, साँझपानी र साजापानी |

| | | |
|---|---|---|
| ३. | वडा नं ३ , राखु | बगैचा, धरमपानी, दुलेपानी, कलेजावाङ, फुलवारी राहुघाट र मौवाफाँट |
| ४. | वडा नं ४, दग्नाम | दग्नाम र दर्मिजा |
| ५. | वडा नं ५, झीं | झीं |
| ६. | वडा नं ६, पाखापानी | ठाडाखानी, झिगरुक, कोटगाउँ, कमनाथ, रायखोर र कालमुढा |
| ७. | वडा नं ७, चिमखोला | चिमखोला, गौंडामुनी, नगलडाँडा , जस्लावाङ र पात्लेखेत |
| ८. | वडा नं ८, कुईनेमंगले | कुईने, मंगले, घ्यासीखर्क, पात्लेखर्क, चौरखानी र दुवाडी |

## १.३ गुरुयोजनाको उद्धेश्य

नेपाल गाउँ नै गाउँले भरिएको प्राकृतिक रुपमा मनोरम स्थानहरुले भरिपुर्ण देश हो । पर्यटनको कुरा गर्दा बित्तिकै नेपालमा ग्रामीण पर्यटन विकासको कुरा सबैभन्दा अगाडी आउँछ । पर्यटन भनेको वहुआयामिक क्षेत्र ओगटेको व्यवसाय हो । कुनै पनि कार्यको शुरुवात गर्नुभन्दा पहिला त्यस कार्य सँग सम्वन्धित सम्पुर्ण पक्षको अध्ययन गर्न जरुरी हुन्छ । त्यस्तै रघुगंगा गाउँपालिकाको ग्रामीण पर्यटन विकास गर्नको लागि गाउँपालिका भित्रका पर्यटकीय सम्भावना वोकेका स्थानहरुको पहिचान गर्नु, पर्यटकीय दृष्टीकोणले विकास गर्नुपर्ने आवश्यक पुर्वाधारहरुको वारेमा अध्ययन गर्नु, स्थानीय रहनसहन, संस्कृति, चालचलन, परम्पराहरु, धार्मिक साँस्कृतिक र पर्यावरणीय अवस्थाको वारेमा अध्ययन गरी पर्यटकीय आकर्षण गर्ने स्थानको रुपमा विकास गर्न के के गर्न सकिन्छ भनेर अध्ययन गरी सोही अनुरुप लगानी गर्दै जानकोको लागि मार्गदर्शन गर्नु नै यस गुरुयोजनाको मुख्य उद्देश्य हो । यसको साथै

१. आन्तरिक पर्यटनको प्रर्वदनको लागि उपयुक्त स्थलहरुको पहिचान गर्नु,
२. स्थानीय कला, संस्कृतिको संरक्षण र व्यवसायिकरण गर्नको लागि सहयोग गर्नु,
३. पदमार्गहरुमा उपयुक्त भौतिक पुर्वाधारहरु निर्माण र विकासको लागि सहयोग पुराउनु,
४. स्थानीय रुपमा रहेका मौलिक तथा हस्तकला सम्वन्धी व्यवसायहरुको संरक्षण गर्ने,
५. यस गाउँपालिकाका क्षेत्र भित्र आर्थिक विकासका सम्भावनाहरुलाई फराकिलो पार्ने,
६. स्थानिय निकाय मार्फत पर्यटन क्षेत्रमा लगानिका लागि मार्ग प्रशस्त गर्ने,

## १.४ योजना तर्जुमा बिधि तथा प्रकृया

यस पर्यटन विकास गुरुयोजना निर्माण गर्ने क्रममा यस प्रा.लि. ले मुख्य रुपमा प्रारम्भिक तथ्याङ्कहरु संकलनमा जोड दिईएको थियो । सन् २०१३ मा जिल्ला तहको पर्यटन विकास गुरुयोजना निर्माण भएको पाईयो । अहिलेको वर्तमान राज्यको संरचना बमोजिम सो स्थानीय सरकारले आफ्नो भौगोलिक क्षेत्रभित्र विभिन्न किसिमका कार्यहरु गर्नको लागि

प्रयास गरिरहेको र सो मध्ये पर्यटन बिकास सम्बन्धी कार्यकहरु गर्नको लागि गुरुयोजना बनाई क्रमश कार्यान्वयन गर्दै लाने उद्देश्यले यो पर्यटन विकास गुरुयोजना तयार गरिएको हो । यो पर्यटन विकास गुरुयोजना तयार गर्दा

१. गाउँपालिकाको प्रत्येक वार्डहरुमा गई निर्वाचित जनप्रतिनिधिहरु, समाजसेवीहरु, समुदायका अगुवा व्यक्तिहरु, विद्यालयका प्र.अ हरु सँग छलफल तथा अन्तरक्रिया गरी तथ्याङ्कहरु संकलन गरिएको,
२. तथ्याङ्क संकलन गर्नु अगाडी प्रमुख प्रशासकीय अधिकृत ज्यु सँग फिल्ड लेभलबाट संकलन गरिने तथ्याङ्कहरुको बारेमा छलफल गरिएको,
३. भौगोलिक सूचना प्रणाली विज्ञको सहयोगमा आवश्यक श्रोत नक्साहरु तयार गरिएको,
४. पर्यटन क्षेत्रमा काम गरेका विज्ञहरुको सहयोगमा प्रारम्भिक प्रतिवेदन तयार गरिएको,
५. प्रारम्भिक प्रतिवेदनलाई गाउँपालिकाका जनप्रतिनिधिहरुको बीचमा प्रस्तुत गरी छुटेका कुराहरुको बारेमा राय सल्लाह र सुझावहरु संकलन गरिएको,
६. श्रोत सामाग्रीको रुपमा जिल्ला तहको पर्यटन विकास गुरुयोजना, पर्यटन सूचना केन्द्रबाट प्राप्त ब्रोसर, विभिन्न अनलाईन तथा पत्रिकामा प्रकाशित सामाग्रीहरुलाई समेत सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको,
७. प्राप्त सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयार गरीएको ।

## १.५ पर्यटन योजनाको ढाँचा

यस पर्यटन योजनालाई ४ परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद १ मा गाउँपालिका क्षेत्रको पृष्ठभूमिका साथै गाउँपालिका संक्षिप्त परिचय, गुरुयोजनाको उद्धेश्य, योजना तर्जुमा विधि प्रकृया र पर्यटन योजनाको ढाँचा यस परिच्छेदमा व्याख्या गरिएकोछ ।

परिच्छेद २ मा गाउँपालिका क्षेत्रको पर्यटन विकासको विद्यमान स्थिति प्रस्तुत गरिएको छ जसमा पर्यटन विकासको हालको अवस्थाको बारेमा चर्चा गरिएको छ जस अन्तरगत पर्यटकीय आकर्षणका प्राकृतिक तथा वातावरणीय सम्पदाहरु सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक सम्पदाहरु, संग्रहालयको विवरण, ऐतिहासिक किल्ला र दरबारहरु, मुख्य दृश्यावलोकन गर्न सकिने स्थानहरु, हालको बजार अवस्था, पुर्वाधारहरु, पर्यटन विकसमा संलग्न संस्थाहरु र हालसम्म गरिएका प्रयासहरु, पर्यटकिय कृयाकलापहरु र पर्यटन क्षेत्रसंग सम्बन्धित सवाल अवसर तथा चुनौतिहरुको बारेमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

परिच्छेद नं. ३ मा पर्यटन योजनाको सोच, लक्ष्य र उद्धेश्य अन्तरगत रघुगंगा गाउँपालिका क्षेत्रको आगामी ५ वर्षका लागि तयार गरिने पर्यटन योजनाको सोच, लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धीहरु, प्रमुख रणनितीहरु मुख्य कार्यक्रमका क्षेत्रहरु र मुख्य क्रियाकलापहरु प्रस्तुत गरिएकोछ ।

परिच्छेद ४ मा योजना कार्यान्वयन, अनुगमन र मुल्याङकन अन्तरगत पर्यटन योजना तर्जुमाको कार्यान्वयन, स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनका विधिहरु र कार्यक्रम, बजेट तथा जिम्मेवारी सहितको तालिका/ फ्रेम प्रस्तुत गरिएको छ । योजनासँग सम्बन्धित अनुसूचीहरु योजनाको अन्तिम खण्डमा समावेश गरिएको छ ।

# परिच्छेद २:पर्यटन विकासको हालको अवस्था

## २.१ पर्यटकीय आकर्षणका सम्पदाहरुः

### २.१.१ प्राकृतिक तथा वातावरणीय सम्पदाहरु

**जमीन**

यस गाउँपालिकाको कुल क्षेत्रफल ३७९६.६३ हेक्टर रहेकोमा भु-उपयोगको अवस्था निम्नानुसार रहेको छ ।

*तालिका नं. २: प्राकृतिक तथा वातावरणीय सम्पदाहरुको विवरण*

| क्र.स | जमीनको प्रकार | क्षेत्रफल (हेक्टरमा) | प्रतिशतमा |
|---|---|---|---|
| १. | कृषि | ४१७९.४७ | ११.०१ |
| २. | बन | १७४६२.८४ | ४६ |
| ३. | झाडी बुट्यान | ३९२६.२२ | १०.३४ |
| ४. | चरन क्षेत्र | ५६२०.५४ | १४.८० |
| ५. | चट्टानी क्षेत्र | ५३८८.१३ | १४.१९ |
| ६. | नदी किनार | ३८.७ | ०.१० |
| ७. | बालुवा क्षेत्र | १७०.२२ | ०.४५ |
| ८. | हिमनदी | १११७.३३ | २.९४ |
| ९. | ताल पोखरी | ४.०३ | ०.०१ |
| १०. | भिर, पहिरो | ५८.१५ | ०.१५ |

*श्रोतः सामुदायिक वन उपभोक्ता समुहहरुको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन २०७३/७४, जिल्ला बन कार्यालय म्याग्दी*

माथि उल्लेखित जमीनको प्रकारहरुको अध्ययन गर्दा समेत यस गाउँपालिकाको भौगोलिक विविधता तथा प्राकृतिक श्रोतको अवस्थाको वारेमा स्पष्ट हुन मद्दत पुग्ने देखिन्छ ।

**जंगल**

यस गाउँपालिकाको कुल भुभागको ४६% भुभाग जंगलले र २५.१५ वुट्यान तथा चरण क्षेत्रले ओगटेको पाईन्छ जसमध्ये ५५ वटा सामुदायिक वनहरु रहेको र तिनले कुल ४३२९.०७ हेक्टर क्षेत्रफल ओगटेको छ ।वाँकी बन क्षेत्रमा राष्ट्रिय वन रहेकोछ । अधिकांश क्षेत्र घाँसे मैदान तथा चरन क्षेत्र रहेकाले पशुपालन व्यवसायको लागि उपयुक्त रहेकोछ । साथै यस गाउँपालिका भित्रका पदमार्गहरुको अधिकांश क्षेत्र जंगलको मार्ग भएकाले जङ्गली जनावर, चराचुरुङ्गी, जडिवुटी तथा वनस्पतिहरु, देख्न पाईन्छ । दृश्यावलोकनाका रुपमा मनोरम स्थान हरु रुईसे, पक्षेत्रको धुरी, मालिका धुरी, सोवाङ डाँडा च्यामेली डाँडा जस्ता स्थानहरु पर्ने र ति स्थानहरुवाट माछापुच्छ्रे, अन्नपुर्ण, धौलागिरी, निलगिरी लगायतका हिमश्रृंखलाहरुको दृश्यावलोकन साथै म्याग्दी जिल्लाका साबिकका केही गा.बि.स. हरु र पर्वत बाग्लुङ्गका केहि भू-भागहरुको दृश्यावलोकन गर्न सकिन्छ ।

यस गाउँपालिका क्षेत्रमा भएका जंगलहरु मध्ये विशेष गरी पक्षेत्र धुरी वरिपरीको जंगल, भेडीओडार, रुईसे, रानीबन, दग्नामको सामुदायिक वन, टोड्के, सिद्दपाखा, झुलढुंगा बन, श्री कृष्ण सामुदायिक बन (कुईनेमंगले) आदीमा वसन्त ऋतुमा ४ /५ प्रकारका लालीगुँरासहरु फुलेको देख्न सकिन्छ । त्यस्तै यस गाउँपालिकाको अधिकांश क्षेत्र जंगल, वुट्यान तथा पाखोवारीले ढाकिएकोले पशुपालनको लागि देउराली खर्क, नागी खर्क, चिमखोला जस्ता स्थानहरु प्रसिद्ध रहेका छन् ।



## जल

यस गाउँपालिकामा रहेका पानीका स्रोतहरुमा वेगखोला, खरभिर खोला, वगर खोला, जागा खोला, कल्लेरी खोला नर्मदा खोला, दुवाडीखोला, छहरेखोला, खहरेखोला, कोप्रेछहरे खोला, लुकुर खोला, मानेखर्कखोला, लगायत मुख्य पानीको स्रोतको रुपमा कालिगण्डकी नदी र राहुघाटखोला, रहेका छन् ।यसका साथसाथै दर्मिजामा रहुघाट खोलाको किनारमा गन्ध रहित प्राकृतिक तातोपानी कुण्ड रहेको छ । विभिन्न प्रकारका विशेष गरी छाला सम्वन्धी रोगहरु,गानोगोला, सड्के मर्केको तथा ग्यास्ट्रिक निको हुने विश्वासमा ग्रामीण भेगका मानिसहरु तातोपानीमा डुव्न तथा स्नान गर्न आउने गर्दछन् ।

## वोटविरुवा तथा वनस्पति

यस गाउँपालाकमा विशेष गरि चिलाउने, सल्ला, ओखर, कटुस, तिजु, उत्तीस, फलाँट, खसु, बाँझ, पाङ्ग्रा, टुनी, गुराँस, काउलो, गावा, पैयौ, झिगनु, वर, पिपल, समि, काफल, मौवा, सिमल, लेकसल्ला, जामुन, गुयलो, बाँसआदी जातका वनस्पतीहरु पाईन्छन ।

## जडीवुटी

यस गाउँपालिकाको जंगल, वुट्यान तथा झाडी क्षेत्रमा लोक्ता, अल्लो, चिराईतो, सुनगाभा, सुगन्धवाल, झ्याउ, शिलाजीत, लौठसल्ला, बनतरुल, सुगन्धकोकीला, तालिसपत्र, कटुकी, तेजपत्ता,दालवचिनी, केतुकी, चावो, ओखर, यसर्सागुम्वा, टिमुर, पँचऔले, कुरिलो, डालेचुक, ओखर, सत्तुवा, लौठसल्लो, कुरिलो, वनतरुल, जटामसी, बोधो, विष, गुचिच्याउ, अमृसो, यार्सागुम्बा, निरमसी, टुसा, निउरो आदी जडिवुटीहरु पाईन्छ ।

## स्तनधारी जनावरहरु

यस गाउँपालिकाको जंगल क्षेत्रमा चितुवा, मृग, भालु, घोरल, झारल, व्वाँसो, बनविरालो, रतुवा, स्याल, फ्याउरो, मलसाप्रो, न्याउरी मुसा, बाँदर, आदी जंगली जनावरहरु पाईन्छन् ।

## चराचुरुङ्गीहरु

मुनाल, डाफे, चील, गिद्द, कालिज, काग, न्याउली, कोईली, बौडाई, ढुकुर, चित्रा, सुगा, भँगेरा, गौंथली, फिस्टो, जुरेली, लामपुच्छ्रे, कोकले, रानीचरी, भद्राई, धोविनी, आदी चराचुरुङ्गीहरुको वासस्थान रहेको छ ।

### पुतली

यस गाउँपालिका क्षेत्रमा कागती पुतली, गौंथलीपुच्छ्रे पुतली, सेतो पुतली, सेतो धर्के पुतली, कैलो पुतली आदी पुतलीहरु पाईने गर्दछन् ।

### माछा

यस क्षेत्रमा वग्ने खोला तथा नदीहरुमा बिभन्न प्रजातीहरुका माछाहरु जस्तै शहर माछा, चुच्चे वाम माछा, असला माछा, कत्ले माछा, गडेलामाछा, बुदुना माछा, फगटेमाछा, गुर्दीमाछा, रहुमाछा, बाघी माछा, चेपामाछा, राजबाम माछा पाईने गर्दछन् ।

### सरीसृपहरु

सर्प, धामन, हरेउ, ओरीगाँठे, हिमाली कालो सर्प, छेपारो, माउसुली, भ्यागुता, खर्सेभ्यागुता जस्ता जीवहरु पाईने ।

## २.१.२ साँस्कृतिक सम्पदाहरुः

### मुख्य मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा मुख्यतया हिन्दु, वौद्ध तथा क्रिश्चियन धर्म मान्ने समुदायहरु / व्यक्तिहरु रहेकोले आफ्नो आफ्नो धर्म र संस्कृति अनुसारका चाडपर्वहरु मनाउने गर्दछन् । चाडपर्वहरुलाई लक्षित गरी विभिन्न किसिमका मेलाहरु आयोजना गर्ने पनि गर्दछन् ।यस्ता मेलाहरुलाई अलि व्यवस्थित र नियमित गर्न सके आन्तरीक पर्यटन पर्वर्द्धनमा ठूलो टेवा पुग्ने देखिन्छ । गाउँपालिका क्षेत्रमा मनाईने मुख्य मुख्य चाडपर्वहरु र मेलाहरु यसप्रकार रहेका छन् ।

*तालिका नं. ३: मुख्य मुख्य चाडपर्वहरुको विवरण*

| क.स | मुख्य मुख्य चाडपर्वहरु | चाडपर्व पर्ने / मनाईने समय | विशेषताहरु |
|---|---|---|---|
| १ | दशैं | असोज / कार्तिक | मठ मन्दिरहरु सिगार्ने, धार्मिक विधि पुर्वक देवीको पुजा अर्चना गर्ने,<br>हिन्दु संस्कृति अनुसार मान्यजनहरुवाट टीका, जमरा र आशिर्वाद ग्रहण गर्ने |
| २ | तिहार | असोज / कार्तिक | दाजुभाईले दिदी बहिनीबाट ससरङ्गी टीका तथा आशिर्वाद लिने / दिने<br>देउसी , भैलो कार्यक्रम सहित मनोरन्जनपुर्ण तरीकाले मनाईने |
| ३ | माघेसक्रान्ती | माघ | तरुल / चाकु खाने, माघेसक्रान्तीको उपलक्ष्यमा मेलाहरुको आयोजना गरिने । |
| ४ | भिमसेन पुजा (वेगखोला) | भदौ | - भिमसेनथान पुजामा भिमसेन सिगार्ने, प्रत्येक घरमा ढोका खुल्ला राख्ने<br>- पूजा गर्नुको कारण रोग ब्यथा आदी नआओस भनी पूजा अर्चना गर्ने,<br>- केटा र केटी झगडा गर्ने, केटीले जित्न नहुने, केटीले |

| | | | |
|---|---|---|---|
| | | | जितेमा अनर्थ हुने विश्वास |
| ५ | जनै पुर्णिमा | साउन / भदौ | जनै पुर्णिमाको दिन बराह पुजा गरिने, नौली वराहमा मेला लाग्ने, ठाउँठाउँमा मेलाहरु आयोजना गरी मनाईने । |
| ६ | तीज | भदौ | शिव मन्दिरहरुमा पुजाअर्चना, महिलाहरु वर्त वस्ने, नाचगान गर्ने, लाखेनाच, मेलाहरु आयोजना गर्ने । |
| ७ | भुमेपुजा | | भुमे पुजा गर्दा लिङ्गो प्रर्तिस्पर्धा हुने, नदेखे गरि लिङ्गो ल्याउने र रङ्ग तथा लेजाले सिगार्ने, |
| ८ | चैतेदशैं पुजा | चैत्र | शक्तिको स्वरपको रुपमा देवी भगवतीको पूजा गर्ने, मेलापर्वहरुको आयोजना गर्ने |
| ९ | हरेलो पुजा | भदौ | कृषिबालीमा रोगव्याधी नलागोस भनेर पुजा गर्ने, खेलकुद मेलाहरु संचालन गर्ने, |
| १० | मालिका पुजा | चैत (सवै समयमा) | मन्दिरहरु सिगार्ने, मनले आटेको पुराहुने जनविश्वास |
| ११ | शिवरात्री | माघ / फाल्गुण | शिवमन्दिरहरुमा विशेष पुजा गर्ने, वर्त वस्ने, शिव धुनी जगाउने, भजन किर्तन गर्ने, शिवरात्री मेला संचालन हुने |
| १२ | सिद्धवराह पुजा | जेष्ठी र कार्तिक | पुर्णिमाको दिन पुजाआजा हुने |
| १३ | कुलपुजा | जेष्ठ / असार र दशैं | विभिन्न जातजातिका कुल मन्दिर तथा थानहरुमा विशेष पुजा आजा हुने,<br>वेगखोला — बराहाथान<br>भगवती - लाहुरेडाँडा (दलित)<br>कटुवालटोल (कटुवाल)<br>धुपिचौर (भण्डारी)<br>साझापानी (भण्डारी)<br>पचासटोल (मल्ल)<br>रानीपौवा (कार्की)<br>पिप्ले — धुरियाखर्क (सुबेदी)<br>भुवानीथान (रिजाल)<br>शेरगाउँ (भण्डारी)<br>रानीपौवा (कार्की)<br>दग्नाम —नागीसिद्ध<br>झीं - सार्कीबारी (पुन)<br>कोलबोट (थजाली)<br>पाखापानी — देउराली<br>चिमखोला - वधमखुअमल्छे<br>कुइनेमंगले — चौराखानी |

भेषभुषाहरुः

यस गाउँपालिकामा रहेका विभिन्न समुदायहरुका आ-आफ्नो परम्परा, संस्कृति र चालचलन अनुसार फरकफरक भेषभुषाहरु रहेको पाईन्छ । मुख्य रुपमा मगर समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा रहेको भेषभुषाहरु निम्न छन् ।

*तालिका नं. ४: मुख्य भाषा र भेषभुषाहरुको विवरण*

| क.स | मुख्य समुदायहरु | भाषा र भेषभुषाहरु |
|---|---|---|
| १. | मगर समुदाय | भाषाः मातृभाषा मगर र बोलीचालीको भाषा नेपाली<br>पुरुषः खादी, भाङ्ग्रा, आस्कोट र नेपाली टोपी<br>महिलाः गुन्यूचोली, घलेक र पटुकी |
| २. | छन्त्याल समुदाय | भाषाः मातृभाषा छन्त्याल र वोलीचालीको भाषा छन्त्याल / नेपाली<br>पुरुषः खादी, भाङ्ग्रा, आस्कोट, हर्दुलो र नेपाली टोपी<br>महिलाः गुन्यूचोली, घलेक र निलो पटुकी, टेखि, कन्थी |
| ३. | नेवार समुदाय | भाषाः मातृभाषा नेवारी र वोलीचालीको भाषा नेवारी / नेपाली<br>पुरुषः दौरा सुरुवाल, आस्कोट र नेपाली टोपी<br>महिलाः गुन्यूचोली र पटुकी (हाकुपटासी) |
| ४. | ब्राहमण, क्षेत्री र अन्य | भाषाः नेपाली<br>पुरुषः दौरा सुरुवाल, कोट / आस्कोट र नेपाली टोपी<br>महिलाः चोलो, साडी |



मगर तथा छन्त्याल समुदायको भेषभुषा

**कला, संगीत, लोकगीत, लोककथा, किंवदन्तीहरु/हस्तकला / परम्परागत सीपहरु / व्यवसायहरु**

यस गाउँपालिकामा वसोवास गर्ने विभिन्न जातजाती तथा समुदायहरुको आ-आफ्नै मौलिक कला, संगीत, संस्कृति, विश्वास, किंवदन्ती र परम्परागत सीप तथा व्यवसाय रहेका छन् । मगर समुदायको वाहुल्य रहेको यस क्षेत्रमा यानीमाया, सालैजो, शिरमा फूल जस्ता लोकभाकाहरु र खेली, सोरठी नृत्यहरु मुख्य मानिन्छन् ।

*तालिका नं ५: कला, संगीत, लोकगीत, लोककथा, किंवदन्तीहरुको विवरण*

| क.स | वार्ड | मुख्य वस्तीहरु | कला, संगीत, लोकगीत, लोककथा, किंवदन्तीहरु | हस्तकला / परम्परागत सीपहरु / व्यवसायहरु |
|---|---|---|---|---|
| १. | वार्ड नं १, वेगखोला | वेग र वाँदुक | - खेली, सोरठी नृत्य र नौमती वाजा<br>- यानीमाया, साईलो भाका, शिरमा फूल, चुके भाका, झ्याउरे<br>- भिमसेनथान पुजामा भिमसेन सिगार्ने, प्रत्येक घरमा ढोका खुल्ला राख्ने<br>- पूजा गर्नुको कारण रोग व्यथा आदी नआओस भनी पूजा अर्चना गर्ने,<br>- केटा र केटी झगडा गर्ने, केटीले जित्न नहुने, केटीले जितेमा अनर्थ हुने विश्वास | भाङ्ग्रा वुन्ने, डोको, थुन्से वुनाई, वाँसको फोटो फ्रेम, फूलदानी, कलमदानी र भाँडाकुँडा वनाउने |
| २. | वार्ड नं २, भगवती | ठूलाघर, कटुवाटोल, तल्लाघर, भगवतीटोल, ठाँटीघर, धपीचौर, सिजलगाउँ, साँझपानी र साजापानी | - नेवारी समुदायमा लाखे नाच<br>- किम्वदन्ती- प्रसिद्ध पौलत्स्य ऋषि यस क्षेत्रको पूला अन्तर्गत पर्छे भन्ने स्थानमा तपस्यारत रहन्थे । उनका नाति रावणलाई उत्तराखण्ड भ्रमण गराइ फर्काएर ल्याउने क्रममा राखु नजिक आएर वास वस्नको लागि यता वासको व्यवस्था हुन्छ कि हुदैन, यहाँ राखूँ कि के गरुँ भनेर भरियाले सोध्दा यहाँ नराख अरु नै ठाँउमा राख भनी भरियालाई जवाफ मिलेकोले भरियाले वेनीदेखि उत्तरतर्फ केही माथिपट्टिको स्थानमा वास राखे । पहिले 'राखूँ+ भनेर सोधिएको स्थानकोनाम नै कालान्तरमा राखू रहन गयो । राखू भन्ने ठाँउमा भगवतीको मन्दिर रहेकोले यस ठाँउको नाम राखू भगवती हुन गएको किम्वदन्ती । | - डोका, डाला, मोढा, झोला स्विटर लगायतका हस्तकलाका सामानहरु |
| ३. | वार्ड नं ३, राखुपिप्ले | वगैचा, धरमपानी, दुलेपानी, कलेजावाङ, | - रानिपौवा - प्राचिन समयमा तत्कालीन महाराजा गिर्वाणयुद्ध शाहकी माइली वडामहारानी सुवर्णप्रभादेवीले गुठीको स्थापना गरेकी, यस राखुपिप्ले वाट | - डोका, डाला, मोढा, झोला स्विटर लगायतका |

| | | फुलवारी राहुघाट र मौवाफाँट | चामल संकलन गरि मुक्तिनाथ मन्दिरमा पुर्याउने प्रचलन रहेको | हस्तकलाका सामानहरु |
|---|---|---|---|---|
| ४. | वार्ड नं ४, दग्नाम | दग्नाम, दर्मीजा, | - भुमे पुजा गर्दा लिङ्गो प्रर्तिस्पर्धा हुने, नदेखे गरि लिङ्गो ल्याउने र रङ्ग तथा लेजाले सिगार्ने र थानमा चढाउने,<br>- लिङ्गाको पछाडी बाजागाजा सहित पुर्खेउली नृत्य<br>- सोरठी , यानिमाया , सालैजो लगायतका लोक भाकाहरु | - सौंस्कृतिक बाजाहरु कर्नल, दमाहा, टयामकुरो आदी तयार हुने<br>- डोको, नाम्लो, जोला लगायतका हस्तकलाका सामानहरुको साथै अगरवत्ती तयार गरिने, भौंग्रा बुनाई |
| ५. | वार्ड नं ५, झीं | झीं | - भुमे पुजा गर्दा लिङ्गो प्रर्तिस्पर्धा हुने, साईलो भाका गाएर लिङ्गो गाड्ने,<br>- चैते दशैमा माईको पुजा- रोग निको हुने मान्यता,<br>- सिद्द बराह —जेष्ठी पुर्णिमा र कार्तिकको पुर्णिमाको दिन पुजाआजा<br>- पुर्खेउली नृत्य<br>- सेरठी , यानिमाया , सालैजो लगायतका लोक भाकाहरु | ढाका बुनाई, झोला बुनाई, भौंग्रा बुनाई |
| ६. | वार्ड नं ६, पाखापानी | ठाडाखानी, झिगरुक, कोटगाउँ, कमनाथ, रायखोर, कालमुढा | - पुर्खेउली नृत्य सेरठी , यानिमाया , सालैजो लगायतका लोक भाकाहरु | बाँस तथा निगालाका सामाग्री हरु निर्माण, भौंग्रा बुनाई, काम्लो, हर्दुलो बुनाई, तामाका भाँडा वर्तनहरु वनाउने । |
| ७. | वार्ड नं ७, चिमखोला | चिमखोला, गौंडामुनी, नगलडाँडा , जस्लावाङ र पात्लेखेत | - थालीनाच, पुर्खेउली नृत्य, मारुनी नृत्य साथै सेरठी , यानिमाया , सालैजो लगायतका लोक भाकाहरु | उनको राडीपाखी, भाङ्ग्रा, डोको, नाम्लो, स्याखु, थुन्से, नाङ्ग्लो, चाल्नो, डाली, अल्लो धागो उत्पादन आदी |
| ८. | वार्ड नं ८, कुईनेमंगले | कुईने, मंगले, घ्यासीखर्क, पात्लेखर्क, चौरखानी र दुवाडी | - छन्त्याल समुदायको वाहुल्यता रहेको<br>- छन्त्याल समुदायको पुन्ख्यौंली नृत्य<br>- तामाखानीको स्रोतको रुपमा रहेको | राडी पाखी, हर्दुलो, खादी, भौंग्रा अल्लो धागो, बाँस निगालोका सामाग्री, तामाका भाँडा वर्तनहरु वनाउने आदी। |

### २.१.३ धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरु

नेपाल यसै पनि धार्मिक, साँस्कृतिक बिबिधताले भरिएको देश हो । हामी अधिकांश व्यक्तिहरु धर्म प्रति आस्था, श्रद्दा र विश्वास गरेका छौं । यस गाउँपालिकाका विभिन्न स्थानमा विभिन्न अवसरमा पुजा आजा गरिने ५५ भन्दा वढी साना ठूला धार्मीक स्थलहरु रहेका छन् । ती मध्ये पर्यटकीय रुपमा सम्भावना बोकेका र मानिसहरुको अलि वढी आवतजावत हुने धार्मिक स्थलहरु निम्न छन् ।

*तालिका नं. ६: धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको विवरण*

| क्र.स | धार्मिक स्थलको नाम | धार्मिक स्थल रहेको स्थान | आस्था / विश्वास / किंवदन्ती | विशेष पुजाआजा हुने समय |
|---|---|---|---|---|
| १. | धौलेश्वर शिवालय मन्दिर | वाड नं १ वेगखोला (देउराली) | - बेग गाउँको लिस्नेखोलामा वि.सं २०२५ साल तिर रातको समयमा बत्ती जस्तो वल्ने गरेको देखिने तर दिनको समयमा नदेखिने गरेको एक दिन स्थानिय झाँक्रीले रातको समयमा वत्ती बलेको ठाउँमा बत्ती वल्ने पत्थर पहिचान गरेपश्चात उक्त शिलालाई गाउँका मानिसहरुले गाउँमा बोकेर ल्याई शिवको प्रतिमा मानेर पुजा गर्न थालिएको किमवदन्ती रहेको ।यस मन्दिरमा पुजाआजा गरेपछि मनोकामना पुरा हुने जनविस्वास रहेको ।<br>- शिवरात्रीमा विशेष पुजा हुने मेला लाग्ने गरेको । | शिवरात्री, तिज |
| २. | भिमसेनथान मन्दिर | वाड नं १ वेगखोला (गाउँखोला) | - भिमसेनथान पुजामा भिमसेन सिगार्ने, प्रत्येक घरमा ढोका खुल्ला राख्ने<br>- पूजा गर्नुको कारण रोग ब्यथा आदी नआओस भनी पूजा अर्चना गर्ने,<br>- केटा र केटी झगडा गर्ने, केटीले जित्न नहुने, केटीले जितेमा अनर्थ हुने विश्वास रहेको । | जेठमा शनिवारको दिन पारेर पुजागर्ने चलन रहेको। |
| ३. | सिद्दबावा थान | वाड नं २ राखुभगवती | - सिद्दथानमा मनोकामना पुरा होस भनी पूजा आजा र भकल समेत गर्ने गर्दछन । | - कोजाग्रत पुर्णिमा |

| | | | | |
|---|---|---|---|---|
| | | | - कोजाग्रत पुर्णिमा र भाकल हुनेले जुनसुकै वेलामा पनि पुजा गर्न सक्ने, | |
| ४ | भगवती कोट मन्दिर | वाड नं २ राखु भगवती | - विशेष गरी बडादशैंमा घटस्थापना देखी पुर्णिमा सम्म विशेष गरी ठूलो मेला सहित पुजाआजा हुन्छ ।पूजाआजा तथा भाकल गर्दा मनोकामना पुरा हुने विश्वास गरिन्छ ।<br>- बैवाहिक अनुष्ठानहरु समेत हुने ।<br>- पुजारी मार्फत नियमित रुपमा पुजाआजा हुन्छ ।<br>- वि.सं १८६३ मा महारानी सुवर्ण प्रभादेवी मुक्तिनाथ दर्शन गर्न जाने क्रममा यस ठाउँमा आइपुगेर यस ठाउँमा गुठी स्थापना गरी ८ वटा देवालयहरु कोट भगवती, राज भुमे, रुइसे, देउराली मन्दीर, सिद्ध बराह, मालिका देवी, मण्डली र नरसिंहको संरक्षण तथा मुक्तिनाथ जाने दर्शनार्थीको खानपान तथा सेवा गर्ने व्यवस्था गरेको ।<br>- वि.सं १८६३ देखी गुठी संस्थानले पुजाआजा गर्दैआईरहेकोमा बहुदल प्राप्त भएपछि छोडेको, | - वडादशैंको घटस्थापना देखी पुर्णिमा सम्म विशेष मेला सहित पुजाआजा,<br>- नियमित पुजाआजा (पुजारी मार्फत)<br>- |
| ५ | गायत्री मन्दिर | वाड नं ३ राखुपिप्ले (राहुघाट) | - विशेष गरि ऋषीहरुलाई राखेर पुजागर्ने प्रचलन रहेको | - जेष्ठ |
| ६ | भगवती मन्दिर | वाड नं ३ राखुपिप्ले | - विशेष गरी बडादशैंमा घटस्थापना देखी पुर्णिमा सम्म पुजाआजा हुन्छ ।पूजाआजा तथा भाकल गर्दा मनोकामना पुरा हुने विश्वास गरिन्छ । | - वडादशैंको घटस्थापना देखी पुर्णिमा सम्म विशेष पुजाआजा<br>- चैतेदशैंमा पुजाआजा |
| ७ | मालिका मन्दिर | वाड नं ३ राखुपिप्ले | - मनोकामना पुरा हुने जनविश्वासरहेको । | तिज, दशैं |

| | | | | |
|---|---|---|---|---|
| ८ | शिव मन्दिर | वाड नं ३ राखुपिप्ले (मौवाफाँट) | - हरितालिका तिज र शिवरात्रीमा विशेष पुजाआजा हुने | शिवरात्री , तिज |
| ९ | भूमे थान | वाड नं ४ दग्नाम | - भुमे पुजा गर्दा लिङ्गो प्रतिस्पर्धा हुने, नदेखे गरि लिङ्गो ल्याउने र रङ्ग तथा लेजाले सिगार्ने र थानमा चढाउने,<br>- लिङ्गाको पछाडी बाजागाजा सहित पुर्खेउली नृत्य | जेष्ठ महिनाको पहिलो मंगलवार |
| १० | स्वर्गद्वारी मन्दिर | वाड नं ५ झीं ( टोड्के) | - स्वर्गद्वारी संग गुठिको सम्वन्ध रहेको तथा स्वर्गद्वारी बाट साधु आएर वस्ने गरेको तथा शिव मन्दिर स्वर्गद्वारीको शाखाको रुपमा रहेको।<br>- प्युठानको स्वर्गद्वारी पछिको दोस्रो स्वर्गद्वारीको रुपमा लिईने | शिवरात्री, दशैं |
| ११ | मालिका मन्दिर — पाखापानी<br>कोट मन्दिर - पाखापानी | वाड नं ६ पाखापानी | - जेष्ठी पुर्णिमा, चन्डी पुर्णिमा र भाईटिकाको दिन गरि वर्षमा ३ पटक पुजा गरिने<br>- मनोकामना पुरा हुने जनविश्वास | जेष्ठी पुर्णिमा, चन्डी पुर्णिमा र तिहार |
| १२ | मण्डलिथान | वाड नं ७ चिमखोला | - मण्डली बज्यैको पुज्ने गरिने, मेला लगाईने<br>- मनोकामना पुरा हुने विश्वास रहेको | भुमेपुजा तथा अन्य तिथिमा पुजा गर्ने |
| १३ | रिखार मन्दिर - कुईनेमंगले | वाड नं ८ कुईनेमंगले (रिखार) | - सोहरेखीको पुजा गरिने<br>- शिव र पार्वतीको अर्कोरुप मानिने<br>- मनोकामना पुरा हुने जनविश्वास | जनैपुर्णीमा |
| १४ | कृष्ण मन्दिर - कुईनेमंगले | वाड नं ८ कुईनेमंगले (मंगलेखानी) | | कृष्णाअष्टमी |
| १५ | चर्चहरु | वेगखोला, भगवति, चिमखोला लगायत | - क्रिस्चियन धर्मालम्विहरुले क्रिसमस लगायत अन्य समयमा पुजा तथा प्रार्थना गर्ने | क्रिसमस |

### २.१.४ सांस्कृतिक / जनजातीय संग्रहालयहरूको विवरण

यस गाउँपालिकामा मुख्यतया मगर र अल्पसंख्यक छन्त्याल समुदायको बसोवास भएकोले उनीहरुले आफ्नो कला, संस्कृति, भेषभुषा, पुर्ख्यौली रहनसहन र परम्पराहरुको संरक्षण गर्नको लागि गरिएका प्रयासहरुको बारेमा सूचना संकलनका क्रममा अध्ययन गरिएको थियो । यस गाउँपालिकाको वडा नं ८ अन्तर्गतको कुईनेमंगलेमा संग्राहलयको लागि भवन बनेको तर त्यसको पुर्णरुपले निर्माण कार्य सम्पन्न नभएकाले प्रयोगमा नआएको पाईयो । त्यस्तै सोही वार्डमा तामाखानी रहेकोले धेरै वर्ष पहिले त्यहीको तामाको प्रयोग गरी रोचे (तामाको ठुलो गाग्रो) बनाएको पाईयो जुन अहिले सम्मको प्राचिन वस्तुको रुपमा रहेको छ ।

### २.१.५ ऐतिहासिक किल्ला, महल/दरवार, खंडहर

ऐतिहासिक किल्ला महल भन्नाले नेपालको एकीकरण हुनु भन्दा पहिले त्यसबेलाका राजारजौटाहरुले बनाएका दरवारहरु, राज्यको सुरक्षाको लागि निर्माण गरेका पर्खाल, सुरुङ लगायतका ऐतिहासिक कुराहरु ठाउँ वा वस्तुहरु हुन । यस्ता स्थानहरु भत्केकै अवस्थामा भएपनि पुरातात्वीक महत्वका संरक्षण गर्नुपर्ने सम्पदाका रुपमा रहेका हुन्छन् । यस गाउँपालिकामा भगवती कोट मन्दिर र पाखापानी कोट मन्दिर प्राचिनकाल देखी नै रहदैं आएको मानिएको छ ।रघुगंगा २, भगवतीमा भगवती मन्दिर सँग सँगै ऐतिहासिक स्थानको रुपमा यहाँ बाइसे चौविसे मल्ल राज्य कालिन कोत हतियार राख्ने ठाउँ) हरुका अवशेषहरु अझै पाइन्छन् । यी ठाउँहरुमा ती पुराना देवालय तथा कोतसँग सम्बन्धित अवशेष तथा हतियारहरु रहेको पाईन्छ । ती कोतहरुमा हतियारको पुजा गरिने तथा भगवतीलाई शक्तिको देवीका रुपमा पुज्ने भएकाले यहाँका डाँडामा रामकोट, थामकोट र भोर्लाकोट जस्ता कोटहरु र भगवती मन्दिर स्थापना गरिएको अनुमान गर्न सकिन्छ । त्यसै क्रममा यी शक्ति पीठको पुजा गर्ने चलन हाल सम्म पनि जारी छ भने हाती बाँध्ने गरो, राजाको पँधेरो, राजाको विसौना तथा भुजेल गढी लगाएतका यस आसपासका ठाउँका नामहरुले पनि उक्त ऐतिहासिक कालका राज्यमा यस ठाउँ महत्वको रहेको भन्ने अनुमान गर्न सकिन्छ ।भगवती कोट मन्दिरमापौराणिक महत्वका सामानहरु र हातहतियार संरक्षित गरि राखिएको र विजयादशमीमा विशेष पुजाआजा गर्ने प्रचन रहिआएको छ ।त्यस्तै वाड नं ३ राखुपिप्ले अन्तरगत रहेको रानिपौवा दरवारमा प्राचिन समयमा तत्कालीन महाराजा गिर्वाणयुद्ध शाहकी माइली बडामहारानी सुवर्णप्रभादेवीले सदावर्त गुठी तथा वसन्त वोगटीले वोगटी गुठीको स्थापना गरेको, यहाँवाट चामल संकलन गरि मुक्तिनाथ मन्दिरमा पुर्याउने प्रचलन रहेको पाईन्छ ।

### २.१.६ मुख्य मुख्य दृश्यावलोकन गर्न सकिने स्थानहरु

*तालिका नं. ७: मुख्य मुख्य दृश्यावलोकन गर्न सकिने स्थानहरु विवरण*

| क.स | दृश्यावलोकनको स्थान | मुख्य मुख्य दृश्यावलोकन गर्न सकिने स्थानहरु | कैफियत |
|---|---|---|---|
| धुरी तथा डाँडाहरु | | | |
| १. | पक्षेत्रको धुरी | माछापुच्छ्रे, अन्नपुर्ण, धौलागिरी, निलगिरी लगायतका हिमश्रृंखलाहरुको दृश्यावलोकन, | वेगखोला |
| २. | नागीधुरी | म्याग्दी जिल्लाको पश्चिमीभेग लगायत माथिका हिमश्रृंखलाहरुको | भगवती |

## २.२ हालको वजार अवस्था

यस रघुगंगा गाउपालिकामा रहेका धार्मीक स्थलहरुमा (भगवती कोट मन्दिर, रिखार मन्दिर) छिमेकी गाउँपालिका तथा जिल्लाहरु बाट पुजाआजा गर्नको लागि बिभिन्न समयमा भक्तजनहरु आउने गरेको पाईएता पनि कुनै आधिकारिक तथ्याङ्क प्राप्त हुन नसकेको तर धौलागीरी वेसक्याम्प, घोरेपानी, मुस्ताङ तथा मुक्तिनाथ जाने पर्यटकहरु भने रघुगंगा गाउँपालिकाको बाटो हुदै कोरला नाका सम्म पुग्ने गरेका ।

वार्डस्तरको तथ्याङ्क संकलन तथा छलफलका आधारमा प्राप्त सुधनालाई हेर्दा गाउँपालिका भित्र पर्यटन वजारको हालको अवस्था यसप्रकार रहेको देखिन्छ ।

| पर्यटकका प्रकार / पर्यटनको किसिम | आन्तरिक पर्यटक (अनुमानित) | वाह्य पर्यटक (अनुमानित) |
|---|---|---|
| धर्म, तथा तिर्थटन | ८०० | - |
| मेला महोत्सव | १००० | - |
| पैदलयात्रा तथा घुमफिर | ५०० | ५०० |

*श्रोतः गाउँपालिका स्तरीय समुह छलफल तथा प्रस्तुतीकरण*

## २.३ पुर्वाधार

### २.३.१ यातायात

रघुगंगा गाउँपालिका म्याग्दी जिल्लाको दुर्गम गाउँपालिका हो । भौतिक पुर्वाधार विकासको हिसावले सडक संञ्जालमा यो गाउँपालिका जोडिएको भएपनि सवै मौसममा गाडी जाने संभावना छैन । अन्य क्षेत्रहरुमा जस्तै यो गाउँपालिकामा पनि कच्ची वाटो निर्माणले तिव्रता पाएकोछ । हाल सम्म यो गाउँपलिका भित्र करीव १९० कि.मि. कच्ची वाटो निर्माण भएकोछ ।यस गाउँपालिका वाट सदरमुकाम आउन जानका लागि गाउँपालिका भित्र व्यवस्थित वसपार्क निर्माण भएको छैन, सदरमुकाम बेनी वजारमा रहेको वसपार्कमा यस गाउँपालिकामा आउने जाने सावरि साधनहरु पर्किङ गरिने गरिएको पाईन्छ। रघुगंगा गाउँपालिका भित्र निर्माण भएका सडक संजालको विवरण तल प्रस्तुत गरिएकोछः

*तालिका नं. ८: गा.पा. भित्र रहेका सडकहरुको विवरण*

| क्र स | सडकको नाम | गाउँपालिकाभित्र सडकको अवस्थिति | | गाउँपालिका भित्रको दुरी | हालकोअवस्था |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | बेनी - पाखापानी - ठाडाखानी सडक | बेनी | ठाडाखानी | २८.९कि.मी. | कच्ची |
| २ | गलेश्वर- वैसरी — तिप्लयाङ | गलेश्वर | तिप्लयाङ | २८.३ कि.मी. | कच्ची |
| ३ | गलेश्वर- पिप्ले — मौवाफाट | गलेश्वर | मौवाफाट | ५.५ कि.मी. | कच्ची |

| क स | सडकको नाम | गाउँपालिकाभित्र सडकको अवस्थिति | | गाउँपालिका भित्रको दुरी | हालकोअवस्था |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| ४ | घुमाउनेताल—भगवती—बेग—चिमखोला सडक | घुमाउनेताल | चिमखोला | १४ कि. मी. | कच्ची |

## २.३.२ खानेपानी तथा सिंचाई

रघुगंगा गाउँपालिकाका घरधुरीमा खानेपानीको मुख्य श्रोतको रुपमा पाइप धाराको पानी उपयोग गर्दछन भने सहायक स्रोतहरुको रुपमा कुवा, मुल,जरुवा को पानी प्रयोग गर्ने गरेको पाईन्छ। भौगोलिक रुपमा दुर्गम भएपनि खानेपानीको श्रोतका हिसावले यो गाउँपालिका केहि वडाहरुमा वाहेक अन्य वाडमा खानेपानीको सुविधा सुगम रहेको छ । पर्यटन पदमार्गहरुमा समेत खानेपानीको लागि प्रयास स्रोतहरु रहेकाले खानेपानीको सुविधालाई सहज रुपमा लिन सकिन्छ।यस गाउँपालिकाका अधिकांश वडाहरुमा व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय संचालन गर्न सकिने खालको भुवनोट रहेको पाईन्छ । कृषि व्यवसायको लागि आवश्यक पर्ने सिचाई सुविधाका लागि राखुपिप्ले, भगवती, र वेगखोलाका केही वस्तिहरुमा हिउँदको समयमा पानीका मुहानहरु सुक्ने पाईएकाले सिचाई क्षेत्रमा केहि पहलगरी स्थानीय उत्पादनलाई वढावा दिन र अर्गानिक कृषि खेती मार्फत कृषि उपज उत्पादन गरि आयआर्जनका कृयाकलाप संचालन गरि गरिवी न्युनीकरणमा टेवा पुर्याउन सकिने देखिन्छ ।

## २.३.३ विजुली तथा उर्जा

यस गाउँपालिकाका वेगखोला, भगवती, राखुपिप्ले, दग्नाम, झीं, पाखापानी वडाहरुमा केन्द्रिय विद्युत लाईन जडान भैसकेको छ भने चिमखोला र कुईनेमंगले (७ र ८ नं वडा) मा विजुलीको स्रोतको रुपमा लघु जलविद्युत र सौर्य उर्जा उज्यालोको प्रमुख श्रोतको रुपमा रहेकोछ। यसका साथसाथै यसै गाउँपालिका अन्तरगत राहुघाट जलविद्युत आयोजना निर्माणाधिन रहेकोछ। जलविद्युत आयोजना हेर्न आउने आन्तरिक तथा वाह्य पर्यटकहरुलाई यस आयोजनाले पर्यटन आवागमनमा थप वढावा दिने देखिन्छ ।

## २.३.४ सूचना तथा संचार सेवा

रघुगंगा गाउँपालिकाको सुचनाको प्रमुख स्रोतको रुपमा रेडीयो टेलिभिजनलाई नै लिन सकिन्छ । भौगोलिक रुपमा विकट केहि क्षेत्रहरुमा भने सुचनाका स्रोतहरुको उपलव्धता सहज नभएको पाईन्छ ।त्यस्तै पत्रपत्रिका, ईमेल, ईन्टरनेट जस्ता सुचनाका स्रोतहरुलाई सहायक स्रोतको रुपमा लिन सकिन्छ। यस गाउँपालिकाका सवै वडाहरुमा संचार सेवा अन्तरगत मोवाईल फोन पुगेको पाईन्छ । चिमखोला, कुईनेमंगले पाखापानीका केही स्थानहरुमा स्पष्ट संचार सेवा अझैपनि पुग्न सकेको छैन । ईन्टरनेटको सुविधाका लागि मोवाईल डाटा नै प्रयोग गर्ने गरिएको पाईन्छ केही स्थानहरुमा महाविरपुन द्वारा संचालित वायरलेस ईन्टनेट सेवा जडान गरिएको भएतापनि प्रयाप्त वा भरपर्दो खालको भएको देखिदैन।

### २.३.५ उद्यम व्यवसाय

यस गाउँपालिकामा मुख्य व्यवसायको रुपका कृषि तथा पशुपालन रहेको पाईन्छ । परम्परागत रुपमा संचालन गरिदै आएका परम्परागत व्यवसायहरु जस्तै राडीपाखी वुन्ने, काम्लो, हर्दुलो, भाङग्रा, खादी, उनिझोला, ढाकासल तथा साडीहरु, च्याउ खेती, तरकारी खेती, अल्लो कपडा वुन्ने, नेपाली कागज वनाउने, जस्ता उद्यम व्यसायहरु व्यवसायिक रुपमा संचालन हुन नसकेको र परम्परागत घरेलु लघु व्यवसायको रुपमा संचालन गर्दैआएका छन् । यसका साथसाथै होटेल व्यवसाय, अगरवत्ती उत्पादन व्यवसाय, फर्निचर व्यवसाय, माछापालन, कुखुरा फारम, तरकारी खेती जस्ता व्यवसायहरु पनि संचालन गरेको पाईन्छ । यस गाउँपालिकाको कुईनेको काम्लो, चिमखोलाको डोको र वेगखोलाको अगरवत्ती व्ययसाय जिल्लावासीमा परिचित व्यवसायमा पर्दछन् ।

### २.३.६ होटल / रेष्टुरेण्ट तथा चिया खाजा घरहरु

सवै वडाहरुमा मोटरबाटो पुगेतापनि आन्तरीक तथा बाह्य स्थानहरुबाट आउने मान्छेको चाप नभएकोले यस गाउँपालिकाको कुनैपनि वडाहरुमा व्यवस्थित होटल/लज तथा रेष्टुरेण्टहरु संचालनमा नरहेता पनि केहि साधारण होटलहरु भने रहेका छन। यस गाउँपालिकाका केही व्यक्तिहरुले होटल/रेष्टुरेण्टको लागि आधारभुत कुकिङ तालिम लिएको सूचना प्राप्त भएता पनि नीजहरु वैदेशिक रोजगारीमा गईसकेको देखिन्छ । होटल / रेष्टुरेण्ट व्यवस्थापन तालिम मुख्यतया वैदेशिक रोजगारमुखी रहेको छ ।

### २.३.७ होमस्टे

यस गाउँपालिकाको कुनैपनि वडाहरुमा व्यवस्थित होमस्टे संचालनमा रहेका छैनन् ।धौलागिरी सेन्चुरी पदमार्ग यस गाउँपालिकालाई छिचोल्दै जानुपर्ने भएपनि आन्तरिक तथा बाह्य पर्यटनको खासै चाप नरहेको हुनाले होमस्टेहरु व्यवस्थित तवरले संचालनमा रहेका छैनन्।२०७२ सालमा झीं गाउँमा नेपाल सरकारले होमस्टे गाउँ घोषणा गरेर १८ जना व्यक्तिहरुले होमस्टे व्यवस्थापन तालिम प्रदान गरेको थियो ।

### २.३.८ स्वास्थ्य चौकी

यस गाउँपालिकाका प्रत्येक वार्डहरुमा एउटा/एउटा स्वास्थ चौकी रहेका छन।भौगोलिक रुपमा विकटरहेका केही वडाहरुमा स्वास्थचौकी सम्म पुग्न पनि घन्टौं समय लाग्ने गर्दछ। स्थानिय मानिसहरु सामान्य खालका रोगहरुको स्थानीय स्वास्थ चौकीमै उपचार गारउँदछन भने थप उपचारका लागी सदरमुकाम, पोखरा, काठमाण्डौ जाने गरेको समेत पाईन्छ ।

### २.३.९ सार्वजनिक शौचालय

म्याग्दी जिल्ला नै समग्रमा खुल्ला दिशा मुक्त जिल्ला घोषणा भईसकेको जिल्ला हो ।यद्यपी यस गाउँपालिका क्षेत्रभित्र कतै पनि सार्वजनिक शौचालय रहेको सुचना प्राप्त हुन सकेन । हामीले विकास गर्न खोजेको पर्यटन पदमार्ग, पिकनिक स्पट, क्याम्पिङ साईटहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गर्न जरुरी देखिन्छ ।

### २.३.१० सरसफाई तथा फोहोर व्यवस्थापन

सरसफाई तथा फोहोर व्यवस्थापनका लागि यस गाउपालिकामा सार्वजनिक शौचालय,फोहोर संकलन गर्ने तथा फाल्ने ठाउँहरु व्यवस्थित नभएको भएतापनि टोल तथा वाटोहरुमा फोहोर मलाई लेखेका डस्टविनहरु राखिएको र सड्ने तथा नसड्ने खालका फोहोरहरु छुट्टाएर फाल्ने गरेको पाईयो । प्राय सवै घरहरुमा स्थायी शौचालयहरु रहेको छ भने गाउँटोलहरुमा आमासमुह स्थानीय टोल सुधार समितिहरुको अगुवाईहरुमा समय समयमा वाटोघाटो तथा वस्ति टोलहरु सफा गर्ने गरिएको छ। गाउँघरमा व्यक्तिगत सरसफाई तथा सरसफाई युक्त वानी व्यवहारमा पनि अपेक्षाकृत सुधार हुँदै गएको पाईन्छ ।

### २.३.११ पर्यटन सूचना केन्द्र

जिल्ला भित्र आउने तथा वाहिरिने आन्तरिक तथा वाह्य पर्यटकका लागि जिल्ला स्तरमा पर्यटन सुचना केन्द्रको स्थापना भएको छ । म्याग्दी प्रवेशद्वारको रूपमा रहेको कालिपुल वसपार्कमा विद्युतीय (डिजिटल) सूचना केन्द्र स्थापना भएको छ । जिल्लामा भित्रिने आन्तरिक तथा वाह्य पर्यटकको तथ्यांक राख्ने र धार्मिक तथा पर्यटकीयस्थलको वारेमा जानकारी प्रदान गर्ने उद्देश्यले म्याग्दी उद्योग वाणिज्य संघले सूचना केन्द्रकोस्थापना गरेको हो ।वेनी नगरपालिका र नेपाल पर्यटन बोर्डको सहयोगमा स्थापित सूचना केन्द्रमा समग्र म्याग्दीलाई हेर्न र वुझन सकिने खालका सुचनाहरु राखिएको छ ।मिति २०७५।०१।३० गते म्याग्दी उद्योग वाणिज्य संघको पहलमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र अधिकारी वाट उदघाटन भएको सुचना केन्द्रमा जिल्लाका सम्पुर्ण स्थानिय निकायहरुमा पर्ने पर्यटकिय स्थल हरुको फोटो सहितको विवरण राखिएको छ । जसवाट पर्यटकहरुलाई जिल्लास्थित पर्यटकिय गन्तव्यहरुको वारेमा वुझ्न तथा आवश्यक जानकारी प्राप्त गर्न सहज भएको छ ।

### २.३.१२ सुरक्षा चौकी

रघुगंगा गाउँपालिकामा सुरक्षाका हिसावले वार्ड न २ र ६ मा गरि दुईवटा प्रहरी चौकी रहेका छन् । वाड नं २ राखु भगवतीमा रहेको प्रहरी चौकीवाट वाड नं १ वेगखोला, वाड नं २ राखुभगवती, वाड नं ३ राखुपिप्ले वाड नं ४ दग्नाम गरी चार वडाहरुमा सेवा प्रदान गरिरहेको पाईन्छ भने वाड नं ६ पाखापानी मा रहेको प्रहरि चौकीवाट वाड नं ५ झीं, वाड नं ६ पाखापानी, वाड नं ७ चिमखोला र वाड नं ८ कुईनेमंगले गरि वाँकी चार वडाहरुमा सेवा प्रदान गरिरहेको पाईन्छ।यसका साथसाथै गाउँपालिकाको नजिकमा रहेको गलेश्वरमा पनि सुरक्षा निकायको रुपमा प्रहरी चौकी रहेकोछ ।

### २.३.१३ हवाई सेवा

रघुगंगा गाउँपालिकामा हवाईसेवा सुविधा उपलव्ध छैन । यो गाउँपालिका मात्र नभई यो जिल्लामा नै विमान स्थल छैन । फाट्ट फुट रुपमा रिजर्भ गरेर ल्याइने हेलिकप्टर पनि वस्ने व्यवसायिक हेलिप्याड छैन । यहाँ आउने आन्तरिक तया वाह्य पर्यटक विशेपत काठमाडौ पोखरा हवाई मार्गवाट आउने जाने गर्छन ।अन्यथा वस, जिप, टयाक्सी जस्ता सवारीका साधन वाट वेनी हुदै अन्य जिल्ला जाने गर्दछन । यो गाउँपालिकाको सवै भन्दा नजिकको विमानस्थल वलेवा विमान स्थल हो जुन गाउँपालिका देखी चार घण्टाको सवारी दुरीमा रहेको छ ।

### २.३.१४ व्यापारीक केन्द्र

रघुगंगा गाउँपालिका व्यपारिक केन्द्रका हिसावले पनि पछाडि परेको देखिन्छ। यहाँका मुख्य वजार केन्द्रहरु छिमेकी बेनी नगरपालिकामा रहेको गलेश्वर तथा म्याग्दी जिल्लाको सदरमुकाम बेनी वजार हुन ।यस गाउँपालिकामा आउने पर्यटकहरुका लागि आवश्यक पर्ने अधिकांश सामानहरु बेनी तथा गलेश्वरवाट खरिद हुने गर्दछ। यो गाउँपालिका भित्र केही साना पसल भएका भगवती, तिप्लयाङ तथा राहुघाट क्षेत्रमा पर्ने वजार जस्ता व्यापारिक केन्द्रहरु रहेकाछन ।

## २.४ पर्यटन विकासमा संलग्न संस्थाहरु र हाल सम्मका प्रयासहरु


यस रघुगंगा गाउँपालिकामा पर्यटन बिकासको क्षेत्रमा विभिन्न सरकारी तथा गैहसरकारी संघ संस्थाहरुले कार्य गर्दै आईरहेका छन् । ति संलग्न संस्थाहरुले हाल सम्मका गरेका प्रयासहरुलाई निम्न अनुसार उल्लेख गरिएकोछ।

*तालिका नं. ९: पर्यटन विकासमा संलग्न संस्थाहरु र हाल सम्मका प्रयासहरुको विवरण*

| क्र.स. | संलग्न संस्थाहरु | हाल सम्मका प्रयासहरु |
|---|---|---|
| १ | जि. स. स. | - समग्र म्याग्दी जिल्लाको पर्यटन गुरुयोजना तयार भएको<br>- विभिन्न स्थानमा पदमार्ग तथा भौतिक पुर्वाधारहरु निर्माणमा सहयोग गरेको |
| २ | म्याग्दी उद्योग वाणिज्य संघ | - म्याग्दी भ्रमण वर्ष २०७५ मनाईरहेको (गत आव २०७३/७४ मा ७० हजार विदेशी पर्यटकले भ्रमण गरेको म्याग्दीमा भ्रमण वर्षको अवसरमा दोब्बर पर्यटक भित्र्याउने लक्ष्य राखिएको)<br>- आन्तरीक तथा वाह्य पर्यटक आकर्षण गर्नको लागि समय समयमा मेला महोत्सवहरु आयोजना गरिरहेको,<br>- स्थानीय उत्पादनहरुको वजारीकरणमा सहयोग गरिरहेको, पर्यटन सँग सम्वन्धित दक्ष जनशक्ति उत्पादनको लागि सीपमूलक तालिमहरु संचालन गरेको,<br>- नेपाल पर्यटन वोर्ड, TAAN र स्थानीय निकायहरु सँग मिली नयाँ पर्यटकीय गन्तव्य तथा पदमार्गको खोज तथा प्रचार प्रसार गर्ने कार्य गरेको |
| ३ | म्याग्दी जेसिज | आन्तरीक तथा वाह्य पर्यटक आकर्षण गर्नको लागि विभिन्न किसिमका सभा सम्मेलनहरु आयोजना गर्ने, पदमार्गको विकासमा सहयोग तथा प्रचार प्रसार गर्ने, आदी |
| ४ | TAAN | स्थानीय संघसंस्था सँग मिलेर नयाँ तथा वैकल्पिक पदमार्गहरुको पहिचान, खोजी / प्रवर्द्धन तथा वजारीकरण गर्ने |
| ५ | धौलागिरी पर्यटन परिषद | पर्यटन क्षेत्रमा कार्य गर्ने गैह सरकारी संस्था |
| ६ | नेपाल पर्यटन बोर्ड, | - स्थानीय निकायहरु सँग मिली नयाँ पर्यटकीय गन्तव्य तथा पदमार्गको खोज तथा प्रचार प्रसार गर्ने कार्य गरेको<br>- पदमार्ग निर्माणमा सहयोग |
| ७ | गैरआवासिय म्याग्देलीको संस्था मोना, | - आन्तरीक तथा बाह्य पर्यटक आकर्षण गर्नको लागि विभिन्न किसिमका सभा सम्मेलनहरु आयोजना गर्ने, पदमार्गको विकासमा सहयोग तथा प्रचार प्रसार गर्ने, आदी |
| ८ | हिमालयन म्याप हाउस | - पदमार्गहरुको पहिचान तथा नक्सा तयारमासहयोग |

## २.५ पर्यटकीय कृयाकलापहरु

**पदयात्रा**



यस गाउँपालिकाको मुख्य पर्यटकीय आकर्षण भनेकै पदमार्गहरु हुन । धौलागिरि आईसफल पदमार्ग, धौलागिरी सेन्चुरी पदमार्ग मुख्य पदमार्गको रुपमा रहेका छन् । यि पदमार्गहरु धौलागिरी वेसक्याम्प, लेते, मार्फा निस्कने पदमार्गहरु यस गाउँपालिकामा रहेका छन् यद्यपी तिनीहरुको उचित विकास र प्रचारप्रसार गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा रहेका मुख्य मुख्य पदमार्गहरु निम्नानुसार उल्लेख गरिएको छ।


*तालिका नं. १०: पर्यटन पदमार्गहरुको विवरण*

| क्र.स. | पदमार्गको नाम | पदमार्ग | अवधी (दिनमा |
|---|---|---|---|
| १ | धौलागिरी आईसफल पदमार्ग | गलेश्वर गायत्री मन्दिर - पिप्ले रानिपौवा — भगवति कोट मन्दिर — डडकोट — रुईसे भुमे मन्दिर(वाईसे चौविसे राजा वसेको दरवार) — रुईसे भ्युटावर (ताराखसे) — भेडिओडार —४ वाडको सिमाना भुजेलगढी थान (पानिडाक्ने डाँडा) (बेगखोला,भगवती, दग्नाम र चिमखोला) — मुटुकाटे डाँडा — हुलाकीचौतारा — भैसीखर्क — पछेत्रधुरी — सोवाङधुरी — लोसोधुरी — दहवुकी — कालिवराह ताल — निलिवराह ताल — पहेलीवराह ताल हुँदै धौलागिरी वेसक्याम्प — कालोपानी मुस्ताङ | ७ |
| २ | रघुगंगा पदमार्ग | गलेश्वर पुल — राहुघाट — मौवाफाँट — दग्नाम — अजिङ्गर भिर — नागिको शिद्दवराह थान — दर्मिजाको तातोपानि कुण्ड — मण्डलियान — घ्यासिखर्क — वन्दीघाट — छरी — फेदीक्याम्प — ओडारेक्याम्प हुदै धौलागिरी वेसक्याम्प— मुस्ताङ | ६ |
| ३ | धौलागिरी सेन्चुरी पदमार्ग | पुलाश्रम — टोड्के — पाखापानी — मालिकाधुरी — कोटगाउँ — रायखोर — मुलपानी — चौराखानी — घ्यासीखर्क - वन्दीघाट — छरी — फेदीक्याम्प — ओडारेक्याम्प हुदै धौलागिरी वेसक्याम्प— मुस्ताङ | ६ |
| ४ | तिप्लाङ — रुईसे — गलेश्वर पदमार्ग | तिप्लयाङ — लामोपुल वेगखोला — वेगगाउँ — धौलेश्वर शिव मन्दिर — वेग सिम — राखु देउराली — गनाखेडाँडा — नौलिवराह मन्दिर (ताल) — रुईसे भ्युटावर — राखु भगवती मन्दिर — रानिपौवा | १ |

| | | | |
|---|---|---|---|
| | | — झुवालेवगर — गायत्री मन्दिर हुदै गलेश्वर | |
| ५ | तिप्लाङ — धौलागिरी वेसक्याम्प पदमार्ग | तिप्लयाङ — लामोपुल वेगखोला — वेगगाउँ — धौलेश्वर शिव मन्दिर — वेग देउराली - मुटुकटे डाँडा — हुलाकीचौतारा — भैसीखर्क — पछेत्रधुरी — सोवाङधुरी — लोसोधुरी — दहवुकी — कालिवराह ताल — निलिवराह ताल — पहेलिवराह ताल हुँदै धौलागिरी वेसक्याम्प | ६ |

**होमस्टे (गन्तव्य गाउँ)**

पर्यटन पर्वर्द्धन तथा आकर्षणको लागि ४ वटा कुराहरु १. आकर्षण (Attraction), २. वासस्थान (Accommodation), ३. पहुँच (Accessibility) र ४. सर्वसुविधा (Amenities) को समीश्रण हुनु अति जरुरी रहेको हुन्छ । ती मध्ये ग्रामीण पर्यटनको लागि व्यवस्थित होमस्टेले महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ । हामीले सुन्दै आएको तनहुको बन्दीपुर, लम्जुङको घलेगाउँ, स्याङ्जाको शिरुवारी आदी स्थानहरु होमस्टेको कारणले नै वढी चर्चित भएका स्थानहरु हुन । दृश्यावलोकनको हिसावले हेर्ने हो भने ती स्थानहरु भन्दा यस गाउँपालिकाको पदमार्गमा पर्ने / देखिने प्राकृतिक दृश्यहरु अझै उत्कृष्ट रहेका छन। त्यसैले पदमार्गमा पर्ने गाउँहरुमा व्यवस्थित होमस्टेहरुको विकास गर्ने, पाहुनाहरुलाई स्थानीय संस्कृति अनुसार स्वागत तथा विदाई गर्ने, मनोरन्जनात्मक साँस्कृतिक कार्यक्रमहरुको प्रस्तुतीकरण गर्ने, स्थानीय परिकारहरुवाट निर्मित खाद्य पदार्थहरु उपलव्ध गराउने आदी कार्यहरु गर्नुपर्ने हुन्छ । होमस्टे पनि सेवामुलक व्यवसाय नै भएको र यसको कुशल व्यवस्थापन वाट आन्तरीक तथा वाह्य पर्यटनमा गुणात्मक फड्को मारिने भएकोले गाउँपालिकाले यस कार्यमा विशेष जोड दिनुपर्ने देखिन्छ । यस गाउँपालिकाको झीं, पाखापानी, ध्याँसीखर्क, चिमखोला, दग्नाम, भगवती र वेगखोलामा आवश्यकता अनुसार होमस्टेहरु संचालना ल्याउनुपर्ने देखिन्छ । होमस्टेको विकास गर्दा विशेषत पर्यटन कार्यालयले तोकेको मापदण्डको पालना गर्ने, व्यवस्थापन तालिम संचालन गर्ने, Basic Cooking Training, आधारभुत अङ्ग्रेजी भाषा तालिम र सरसफाई सम्वन्धमा जोड दिनुपर्ने हुन्छ ।



**तिर्थाटन**

पर्यटकिय आर्कपणको महत्वपुर्ण क्षेत्र तिर्थटन पनि हो । नेपालका अधिकांश मठमन्दिर तथा देवालयहरु तिर्थटनका रुपमा प्रशिद्ध छन ।पौराणिक समयमा महाराजा गिर्वाणयुद्ध शाहकी माइली वडामहारानी सुवर्णप्रभादेवी यसै मार्गबाट मुक्तिनाथ दर्शन गर्न आएको किम्वदन्तिले पनि यो क्षेत्र तिर्थटनका लागि महत्वपुर्ण रहेको कुरा शिद्द हुन्छ । मुक्तीनाथ जाँदा त्यसबेलाको एकमात्र मुलबाटो गलेश्वर' रानीपौवा'वेगखोला हुँदै जाने गरिन्थयो । विशेष गरि नेपाली आन्तरिक पर्यटक र भारतिय पर्यटकहरु तिर्थटनका रुपमा आउने गर्दछन ।छिमेकी जिल्ला मुस्ताङमा रहेको मुक्तिनाथ मन्दिर यसै गाउँपालिकाको वाटो भएर जाने भएकाले पनि यस गाउँपालिकालाई तिर्थटनको मार्गको रुपमा लिन सकिन्छ । यस

जिल्लाको प्रमुख धार्मिक क्षेत्रको रुपमा रहेको गलेश्वर मन्दिर, यसै गाउँपालिकामा रहको गायत्री मन्दिर, छिमेकी जिल्ला वाग्लुङको वाग्लुङ भगवति मन्दिर, पञ्चकोट, पर्वतको गुप्तेश्वर गुफा, अलपेश्वर गुफा, पोखराको विन्दवासिनी मन्दिर, फेवातालको विचभागमा रहेको वराह मन्दिर समेत तिर्थटनमार्ग भित्र पर्ने हुनाले पनि यस क्षेत्रलाई तिर्थटनका हिसावले प्रसिद्द मानिन्छ । यसै गाउँपालिका भित्रकातिर्थटनका रुपमा रघुगंगा गाउँपालिका वडा नं ८ कुईने मंगलेमा रहेको रिखार मन्दिरमा जनै पुर्णिमाको दिन पुजाआजा हुने तथा मेला लाग्ने भएको हुनाले आन्तरिक तिर्थालु भक्तजनहरु मनोकामना पुरा हुने जनविस्वास रहेको हुनाले रिखार मन्दिर जाने गरेको पाइन्छ। त्यस्तै वडा नं २ भगवतीमा रहेको भगवती कोट मन्दिरमा पनि नव दुर्गामा आन्तरिक तिर्थालु/भक्तालुहरु र पर्यटनको घुइचो लाग्ने गर्छ।यस मन्दिरमा पुजाआजा गर्नाले पनि मनोकामना पुरा हुने जनविश्वास रहिआएको छ।



## साहसिक यात्रा

भीर मौरीको मह शिकार गर्नुलाई आजकल साहसिक पर्यटनको रुपमा लिने गरिएको छ । परम्परागत रुपमा हाम्रा पुर्खाहरुले गर्दै आईरहेको मह शिकार गर्ने तरिकालाई पर्यटकहरुले साहसिक र अनौठो रुपमा लिई त्यसको दृश्यमा रमाउने गर्दछन् । रघुगंगा गाउँपालिकाको चिमखोला तथा कुईनेमंगलेमा पनि भीरमौरीको मह संकलन गर्ने कार्य हुँदै आईरहेकोमा त्यसलाई थोरै व्यवस्थित गरी निश्चित समय तथा दिन तोकेर र सो कार्यको व्यापक प्रचार प्रसार गर्न सकेको खण्डमा आन्तरीक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।

## मनोरन्जनात्मक कृयाकलापहरु (पर्व तथा मेलाहरु)



म्याग्दी जिल्लामा विभिन्न किसिमका मेला महोत्सव तथा खेलकुदका गतिविधीहरु भइनैरहेका हुन्छन् ।विशेष गरि म्याग्दी उद्योग वाणिज्य संघको आयोजनामा जिल्ला स्तरमा हरेक दुई वर्षमा म्याग्दी महोत्सव हुने गरेको पाईन्छ जसले आन्तरिक पर्यटन भित्रयाउन ठूलो भुमिका खेलेको छ । त्यस्तै यसै गाउँपालिका अन्तरगत पर्ने टोड्केमा आयोजना गरिने गुराँस महोत्सवले पनि गाउँपालिकाको पर्यटकिय सम्भावनालाई थप उजागर गरेको छ। त्यस्तै शिवरात्रीको समयमा वेगखोलाको धौलेश्वर शिव मन्दिरमा, वडादशैंमा भगवती कोट मन्दिरमा, चैतेदशैंमा रानिपौवा पिप्लेमा लाग्ने मेला, जेष्ठ महिनाको पहिलो मंगलवार दग्नामको भुमेपुजामा लाग्ने मेला,

बिमखोलाको मण्डलीपुजामा लाग्ने मेला, कोटगाउँ मेला घ्यासीखर्क मेला जस्ता मेला तथा पर्वहरुले समेत आन्तरिक पर्यटक भित्र्याउन योगदान पुर्याएको पाईन्छ । जिल्ला स्तरमा संचालन हुने विभिन्न खेलकुदका क्रियाकलापहरु जस्तै सेभेन ए साईड फुटवल, जेसिस कप, तारो हान्ने खेल, जिल्ला स्तरीय भलिवल, विद्यालय स्तीय क्रिकेट, विद्यालय स्तरीय खेलकुद प्रतियोगिता, रनिङशिल्ड जस्ता थुप्रै साना ठूला खेलकुद भईरहने हुनाले यस गाउँपालिकाले पनि एउटा व्यवस्थित खेलकुद मैदानको निर्माण गरी खेलकुद प्रतियोगिता आयोजना गरेर आन्तरीक पर्यटकहरुलाई आकर्पित गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ ।


## झोलुङ्गे पुल अवलोकन

रघुगंगा गाउँपालिका वडा नं.१ का बेग र बादुक गाउँ जोड्ने झोलुङ्गे पुल नेपालकै लामो झोलुङ्गे पुल निर्माण भएकोछजसको लम्बाई ३६५.८ मिटर रहेको छ । भौगोलिक विकटताका कारण एउटै वडामा रहेका बेग र बादुक गाउँको यात्रा २ घण्टा लाग्ने गरेकोमा भर्खरै सम्पन्न यस पुलका कारण यात्रा ३० मिनेटमा छोट्टिएको छ भने निकै लामो र अग्लो भएकोले यस पुल अवलोकन गर्न आन्तरिक तथा वाह्य पर्यटकको संख्या बढ्दो छ । पुल पार गर्न सरदर १० मिनेट लाग्छ । विकटतालाई पर्यटकिय स्थलको रुपमा रुपान्तरण गर्ने योजना अनुरुप यहाँका वडाले यस पुल सँग सँगै यस पुलबाट बेगको देउराली सम्म आई पुग्न रेलिङ सहितको खुटकिलाको पदमार्ग निर्माण गरिरहेको छ जसले बेग बादुक गाउँलाको सुन्दरता अझ वढाएको छ ।



## टेन्टिङ / क्याम्पिङ

यस गाउँपालिका भित्र रहेका विभिन्न पर्यटकिय आकर्षणका स्यानहरुमा रुईसे, भेडिओडार, सोवाङ धुरी, पक्षेत्र धुरी, भालुचुलि खर्क तथा धौलागिरी वेस क्याम्प जस्ता दृश्यावलोकन तथा टेन्टिङ क्याम्पिङ्गका लागि उपयुक्त पर्यटकिय ठाउँहरु अन्तरगत पर्दछन। यसका साथसथै धौलागिरी आईसफल पदमार्ग अन्तरगत पर्ने यि स्यानहरुवाट सुर्योदय, सुर्यअस्त तथा धौलागिरी, अन्नपुर्ण, माछापुछ्रे, हिमश्रृङखलाहरुको मनमोहक दृश्यहरु अवलोकन गर्नुका साथै, गुरास फुल्ने समयमा विभिन्न प्रकारका गुरासले ढकमक्क ढाकिएका गुरासका वनहरु, विभिन्न जाति प्रजातिका चराचुरुङ्गीहरु र तिनका चिरविर चिरविर आवाजहरुले आनन्दीत तुल्याउँछन ।पदमार्गका यि स्थानहरुमा पर्यटकिय क्रियाकलाप अन्तरगत पर्ने टेन्टिङ क्याम्पिङका लागि आवश्यक पुर्वाधार निर्माण गर्न सकेको खण्डमा पर्यटन प्रवर्धनमा सघाउ पुग्नेछ।



## २.६ खनिज तथा खानीहरु

करिब ७०/८० वर्ष पहिला छन्त्याल समुदायका व्यक्तीहरुको मुख्य पेशा खानिहरुको उत्खनन र तामाका सामाग्रीहरु निर्माण गर्ने भएको हुनाले यस गाँउपालिकाका विभिन्न ठाँउहरु पाखापानीको ठाडाखानी, कुहिने मंगलेको नुनयला, खोरिया, झीँ खानी, सिमखर्क, ताला क्षेत्रमा तामाखानी साथै बन्दीघारीमा स्लेट ढुङ्गाखानी उत्खनन् भएको पाईन्छ। त्यस्तै यस गाउंपालिकाको वाड नं २ मा रहेको खरिखानी रहेको पाईन्छ ।हाल यस्ता सम्पुर्ण खानीहरु बन्द अवस्थामा रहेका छन् । यस्ता खानीहरुको अध्ययन तथा उत्खनन गर्न सकेको खण्डमा गाउंपालिकामा औधोगीकरण हुने, रोजगारीहरुको श्रृजना हुने तथा पर्यटन प्रवर्दनमा समेत टेवा पुग्दछ ।

## २.७ झरना, गल्छी तथा तालहरु



पर्यटकिय आकर्षणका स्रोतहरुका रुपमा रहेका विभिन्न स्रोतहरुमध्ये झरना, तथा तालहरु पनि यस गाउंपालिकामा रहेका महत्वपुर्ण प्राकृतिक स्रोतहरु अन्तरगत पर्छन। यहाँ रहेका यि मनोरम पर्यटकिय सम्पदाहरुको प्रचारप्रसार गरिआन्तरिक तथा बाह्य पर्यटकहरुको पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न सकेको खण्डमा आयआर्जन तथा पर्यटन विकासको क्षेत्रमा महत्वपुर्ण भुमीका खेल्ने निश्चित छ। यस गाँउपालिका भित्र रहेका मुख्य झरना ताल तथा पोखरिहरु निम्नअनुसार रहेका छन।

*तालिका नं. ११: ताल , गल्छी तथा झरनाहरुको विवरण*

| क.स. | ताल , गल्छी तथा झरनाहरुको विवरण | स्थान |
|---|---|---|
| १ | झ्याल्टुङ छहरा | दरनाम |
| २ | छहरबोट झरना, | झीँ |
| ३ | नग झरना | झीँ |
| ४ | घोप्टेखोला छहरा, | पाखापानी |
| ५ | काइदारखोला छहरा, | पाखापानी |
| ६ | काली वराह ताल | चिमखोला |
| ७ | पहेली वराह ताल | चिमखोला |
| ८ | सेतिनी झरना, | चिमखोला |
| ९ | ताप्के वराह गल्छी | चिमखोला |
| १० | स्यारस्यारे झरना, | कुईनेमंगले |
| ११ | सुर्मा धुरिको ताल, | कुईनेमंगले |
| १२ | गाईखर्क ताल, | कुईनेमंगले |
| १३ | निलिवराह ताल, | कुईनेमंगले |

## २.७ सवाल, अवसर तथा चुनौतीहरु

- पर्यटनको प्रवर्द्धन र पर्यटकको आवागमनको वृद्धी हुँदै जाने कममा पारिस्थितीकीय प्रणाली, वन्यजन्तु वासस्थान र संस्कृतिमा पर्न सक्ने पर्यटनको बढ्दो नकारात्मक असरहरुलाई न्यूनीकरण र व्यवस्थापन गर्नुपर्ने ।
- पर्यटन सेवा तथा सुविधाहरुको गुणस्तर (खासगरी साना तथा मझौला होटल, लज र होमस्टेहरुमा) लाई कायम गरिराख्नुपर्ने आवश्यकता ।
- गाउँमा रहेका युवा जनशक्तिहरु वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो रुपमा रहेकाले गुणस्तरीय जनशक्तिको अभाव ।
- पर्यटकीय उत्पादनहरुको विकास एवं विस्तार, प्रर्वधन, बजारीकरण, पर्यटनको विकास जस्ता विषयहरुमा सरोकारवाला निकायहरु, व्यवसायीहरु र समुदायका सदस्यको क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता ।
- अधिकांश नयाँ पर्यटकीय पूर्वाधारहरु श्रृजना गर्नुपर्ने अवस्था ।
- पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनमा सम्वद्ध सरोकारवाला निकायहरुका बीच यथेस्ट समन्वय र साझेदारीको आवश्यकता।
- पर्यटन सेवामा पुर्वाधार तथा व्यवस्थापनको अभाव
- प्रचारप्रसारको अभाव
- सरोकारवाला तथा संघ संस्याहरुको कमी
- पर्यटनका विषयमा चेतनाको कमी
- पदमार्गहरु छोटिदै जानु तथा वैकल्पिक पदमार्गको पहिचान तथा निर्माण हुन नसक्नु
- ऐतिहासिक पुरातात्वीक, सांस्कृतिक, धार्मीक सम्पदाहरुको संरक्षण नहुनु
- पर्यटन सम्बन्धि तालिमप्रप्त जनशक्तीको कमी,

# परिच्छेद३ःपर्यटन योजनाको सोच, लक्ष्य तथा उद्धेश्यहरु

## ३.१ पर्यटन योजनाको सोच

रघुगंगा गाउँपालिका क्षेत्रको दिगो पर्यटन विकासका लागि देहाय बमोजिमको सोच प्रस्ताव गरिएको छ । "आगामी पाँच वर्षमा गाउँपालिका क्षेत्र समुदायमा—आधारित समावेशी, संरक्षणमुखि र दिगो पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनको उत्कृष्ट नमुना गन्तब्यको को रुपमा विकसित हुनेछ ।"

## ३.२ पर्यटन योजनाको लक्ष्य

रघुगंगा गाउँपालिकाक्षेत्रको पर्यटन योजनाको लक्ष्य देहाय वमोजिम किटान गरिएको छ । "समुदायमा—आधारित समावेशि, संरक्षणमुखी र दिगो पर्यटन विकास र व्यवस्थापनको माध्यमबाट जैविक विविधता एवं साँस्कृतिक सम्पदा संरक्षणमा उल्लेख्य योगदान पुर्‍याउनुका साथै स्थानीय समूदायको जीवनस्तरमा सुधार ल्याउने र स्थानिय अर्थतन्त्रमा योगदान पुर्‍याउने ।"

## ३.३ पर्यटन योजनाको उद्धेश्यहरु

गाउँपालिका क्षेत्रको पर्यटन विकास, प्रवर्धन एवं व्यवस्थापनका सोच एवं लक्ष्य हाँसिल गर्नका लागि देहाय बमोजिमका उद्देश्यहरु तय गरिएका छन् ।

१. **पर्यटन विकासको माध्यमवाट स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउने तथा अर्थतन्त्रमा योगदान पुर्याउनेः**
पर्यटन उत्पादनहरुको विस्तार, विविधिकरण एवं स्तरोन्नतिको माध्यमवाट उद्यम तथा रोजगारीको सृजना गरि पर्यटनको लाभ अधिकतम् समुदायसम्म पुर्याउने, समुदायको जीवनस्तरमा सुधार ल्याउने र अर्थतन्त्रमा पर्यटनको योगदानलाई बृद्धि गर्ने ।

२. **पर्यटनको नकरात्मक असर न्यूनिकरण गर्दे जैविक विविधता तथा साँस्कृतिक सम्पदा संरक्षणमा योगदान पुर्याउनेः**
समुदायमा आधारित पर्यटनलाई सहभागितामुलक संरक्षणको महत्वपूर्ण साधन (औजार) को रुपमा प्रर्बधन गरि जैविक विविधता, भू—परिधि र साँस्कृतिक सम्पदा संरक्षणमा योगदान पुर्याउने । सचेतना अभिवृद्धि, योजनावद्ध पर्यटन विकास, उपयुक्त प्रबिधिको प्रयोग र यथोचित ब्यबस्थापनको माध्यमवाट पर्यटनको नकरात्मक असर न्यूनिकरण गर्ने ।

३. **पर्यटन गन्तब्यको बिस्तार गर्ने र पर्यटकीय उत्पादन तथा क्रियाकलापको स्तरोन्नति, विविधिकरण एवं बिशिष्टिकरण गर्नेः**
गाउँपालिका क्षेत्रका अधिकतम् समुदायसम्म पर्यटनको प्रतिफल पुर्याउन, पर्यटकको संतुष्टि बढाउनका लागि पर्यटन उत्पादन र क्रियाकलापहरुको स्तरोन्नति, विविधिकरण एवं बिशिष्टिकरण गर्ने र पर्यटनन गन्तब्यको विस्तार गर्ने ।

४. **वातावरण तथा संस्कृति मैत्रि पर्यटन पूर्वाधारहरुको विकास, विस्तार तथा स्तरोन्नति गर्नेः**
गुणस्तरीय, संरक्षणमूखि र समुदायमूखि पर्यटन विकासका लागि स्थानीय वातावरण र संस्कृति मैत्री सामुदायिक तथा नीजि पर्यटन पूर्वाधारहरुको विकास, स्तरोन्नति तथा विस्तार गर्ने ।

५. **बृहत्तर गाउँपालिका क्षेत्रको प्रभावकारी प्रवर्धन गर्ने र बजार विस्तार एबं बिविधिकरण गर्नेः**
रघुगंगा गाउँपालिका क्षेत्रमा थप गुणस्तरीय पर्यटकहरु भित्राउनका लागि बृहत्तर गाउँपालिका क्षेत्रलाई उत्कृष्ट पर्यटन गन्तव्यको रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन बजारमा प्रभावकारी रुपले प्रवर्धन गर्ने र बजार विस्तार एवं बिविधिकरण गर्ने ।

## ३.४ पर्यटन योजनाका अपेक्षित उपलव्धीहरु

रघुगंगा गाउँपालिकाको पर्यटन योजनाले आगामी पाँच बर्षको अवधिमा देहाय वमोजिमका उपलब्धिहरु हाँसिल गर्नेछ ।

**उद्धेश्य नं. १ पर्यटन विकासको माध्यमवाट स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउने तथा  अर्थतन्त्रमा योगदान पुर्याएको हुनेछः**

उपलब्धि नं.१.१: पर्यटन उत्पादन, प्याकेजिङ, बजारखण्ड, प्रवर्धन, बजारीकरण आदिका वारेमा गाउँपालिका क्षेत्रका समुदायका सदस्हरुको चेतना अभिवृद्धि भई पर्यटन उद्यमशिलताको विकास हुनेछ ।

उपलब्धि नं.१.२: सीप, उपयुक्त प्रविधि, पुर्वाधार, वजारसम्वन्धी सूचना, पुजी आदि सम्मको पहुचमा अभिवृद्दि भई पर्यटनमा आधारित उद्यमहरुको विकास, स्तरोन्नती, तथा विस्तार हुनेछ ।

उपलब्धि नं.१.३: पर्यटन उत्पादन र क्रियाकलापहरुको स्तरोन्नति, विविधिकरण एवं विशिष्टिकरण भई रोजगारी र श्रमको वृद्दि हुनेछ ।

उपलब्धि नं.१.४: अर्गानिक उत्पादन र परम्परागत सत्कार एवं सीपमा आधारित पर्यटकीय वस्तु एवं सेवा हरुकोविकास र बिविधिकरण भएको हुनेछ

उपलब्धि नं.१.५: गाउँपालिका क्षेत्रका अधिकतम् समुदाय एवं सदस्यहरुले पर्यटनको प्रतिफल प्राप्त गरेका हुनेछन् साथै पर्यटन प्रतिफल समानुपातिक वितरण प्रणली विकास भई लागु भएको हुनेछ । पर्यटन विकास र संरक्षणमा स्थानिय समूदायको सक्रिय सहभागिता बढेको हुनेछ ।

**उद्धेश्य नं. २. पर्यटनको नकरात्मक असर न्यूनिकरण गर्दे जैविक विविधता तथा साँस्कृतिक सम्पदा संरक्षणमा योगदान पुगेको हुनेछः**

उपलब्धि नं.२.१: पर्यटकीय महत्वका जैविक विविधता, प्राकृतिक भु परिधि र सांस्कृतिक सम्पदाहरुको अभिलेखिकरण भई उक्त सम्पदाहरुको पर्यटकीय महत्व र पर्यटनवाट उक्त सम्पदाहरु माथि पर्न सक्ने नकरात्मक प्रभावका वारेमा गाउपालिका क्षेत्रका सामुदाय, पर्यटन व्यवसायी तथा स्कुल/कलेजका विद्यार्थीहरु पर्याप्त मात्रामा सुसूचित भएका हुनेछन् ।

उपलब्धि नं २.२: पर्यटनको नकरात्मक असर कम गर्नका लागि आवश्यक पर्ने नीतिगत खाकाहरु निर्देशिकाहरु , गाईड लाइन , आचार संहिता , पूर्वाधार स्टयाण्डर्ड तथा भवन कोड आदि तयार भई लागु भएका हुनेछन्

उपलब्धि नं २.३: पर्यटनको नकरात्मक असर कम गर्नका लागि उपयुक्त प्रविधि, स्वच्छ उर्जा र वातावरण मैत्री पूर्वाधारहरुको प्रयोग भएको हुनेछ ।

उपलब्धि नं २.४: पर्यटकीय दृष्टिकोणले समेत महत्वपुर्ण मानिएका जंगल, घाँसे मैदान, सिमसार क्षेत्र तथा नदिहरु संरक्षित भई पारिस्थितिकीय प्रणालीको गुणस्तरमा समेत सुधार आएको हुनेछ ।

उपलब्धि नं २.५: पर्यटन, समुदाय र गाउँपालिका बीचको अन्तर सम्वन्ध र पर्यटनका प्रभावका बारेमा नियमित रुपमा अध्ययन अनुसन्धान भई अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा पर्यटनका प्रभाव न्यूनिकरण तथा व्यवस्थापनका पद्वति लागु भएको हुनेछ ।

उपलब्धि नं २.६: महत्वपुर्ण सांस्कृतिक एवं ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको अभिलेखिकरण पुर्नरुत्थान, संरक्षण एवं निर्माण भई पर्यटकीय उत्पादनका रुपमा प्रवर्धित भएका हुनेछन् ।

**उद्देश्य नं. ३: पर्यटकीय गन्तव्य विस्तार हुनुका साथै पर्यटन उत्पादन तथा क्रियाकलापको स्तरोन्नति, विविधिकरणएवं विशिष्टिकरण भएको हुनेछ ।**

उपलब्धि नं ३.१: वजार सर्वेक्षण, अनुसन्धान तथा विस्तृत सम्भाव्यता अध्ययनका माध्यमवाट नयाँपर्यटन गन्तव्य, रुट तथा क्रियाकलापहरुको पहिचान एवं छनौट भएका हुनेछन् ।

उपलब्धि नं ३.२: उपयुक्त प्रविधिको प्रयोग, पर्यटन पुर्वाधारको स्तरोन्नति, उच्च गुणस्तरीय सेवा प्रदान गर्न सक्ने मानव संशाधनको विकास, स्तरीय प्याकेजिङ आदिको माध्यमवाट हालको पर्यटकीय सेवा तथा सुविधाहरुको गुणस्तरमा व्यापक सुधार भएको हुनेछ ।

उपलब्धि नं ३.३: समुदाय तथा पर्यटन व्यवसायीहरुको क्षमता अभिवृद्धि तथा वजार सर्वेक्षणका नतिजाका आधारमा विभिन्न थिम (प्रकृतिमा आधारित, संस्कृतिमा आधारित, कृषिमा आधारित, इभेन्टस्मा आधारित आदि) मा आधारित पर्यटन प्याकेज तथा इटेनरीहरु (Tourism Package and Itineraries) विकास भई प्रवर्धित भएको हुनेछन् ।

उपलब्धि नं ३.४: उच्च गुणस्तरका पर्यटन सूचना तथा अनुवादका सुविधाहरुको विकास भई पर्यटकको सन्तुष्टिमा वृद्दी हुनुका साथै नयाँ नयाँ पर्यटकीय स्थलहरुमा समेत पर्यटकको आगमनमा वृद्दी भएको हुनेछ ।

उद्देश्य नं. ४: वातावरण तथा संस्कृति मैत्रि पर्यटन पूर्वाधार विकास, विस्तार तथा स्तरोन्नति भएको हुनेछ ।

उपलब्धि नं ४.१: पर्यटकीय गन्तव्यहरुको सुरक्षा प्रत्याभूति, गन्तव्यको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि वैक तथा वित्तिय संस्था सम्मको पहुचको सुगमता, गा.पा.को समन्वयि भूमिका लगायतका माध्यमवाट लगानी मैत्रि वातावरण सृजना भई गाउँपालिका क्षेत्रको पर्यटन पुर्वाधारमा उल्लेख्य मात्रामा लगानी भएको हुनेछ ।

उपलब्धि नं ४.२: गाउँपालिकाको वाह्य र आन्तरिक पहुँचमा उल्लेख्य रुपमा सुधार भएको हुनेछ ।

उपलब्धि नं ४.३: पकाउने, तताउने तथा उज्यालो प्रयोजनका लागि वैकल्पिक उर्जाको प्रयोग भएको हुनेछ भने स्थानीय यातायात सेवाको लागि वातावरण मैत्री यातायात साधनको प्रयोग भएको हुनेछ ।

उपलब्धि नं ४.४: ठोस तथा तरल फोहोर पदार्थको उचित व्यवस्थापन भई सडक, वाटोघाटो, जंगल, नदि क्षेत्रहरु प्रदुषणवाट मुक्त भएको हुनेछन् ।

उपलब्धि नं ४.५:प्रत्येक पर्यटकीय स्थलमा सफा खानेपानी, मेडिकल सुविधा, पर्यटक प्रहरी तथाव सुरक्षा सम्वन्धि अन्य पूर्वाधारको विकास भएको हुनेछ । प्रत्येक पर्यटकीय गाउँहरुमा इन्टरनेट सुविधा उपलब्ध भएको हुनेछ ।

उपलब्धि नं ४.६: पर्यटन सूचना र गाइडको लागि यथेष्ट मात्रामा उच्च गुणस्तरका सूचना वोर्ड, साइनेज, एरोवोर्ड, पर्यटक सूचना केन्द्र आदिको स्थापना भई पर्यटकहरु नयाँ गन्तव्यहरुमा आर्कर्षित हुनुका साथै पर्यटकको बसाई अवधि लम्विनेछ ।

**उद्देश्य नं. ५: बृहत्तर गाउँपालिका क्षेत्रको प्रभावकारी प्रवर्धन भई वजार विस्तार एवं विविधिकरण भएको हुनेछ ।**

उपलब्धि नं ५.१: पर्यटक अनुभव सर्वेक्षण, पर्यटन वजार सर्वेक्षण र पर्यटकको हालको आगमन तथा वितरण अवस्था का आधारमा वृहत्तर गाउँपालिका क्षेत्रको पर्यटन प्रवर्धन रणनैतिक योजना तथा पर्यटन प्रवर्धन व्राण्ड/सव–व्राण्ड तयार भई लागु भएको हुनेछ ।

उपलब्धि नं ५.२: पर्यटन वजारको माग र सम्भाव्यताको आधारमा विभिन्न पर्यटन प्याकेजहरु तयार भई प्रवर्धन भएको हुनेछन् ।

उपलब्धि नं ५.३: वृहत्तर गाउँपालिका क्षेत्रको प्रवर्धनका निम्ति सञ्चार तथा प्रवर्धनात्मक सामाग्रिहरु जस्तै व्रोसर, नक्शा, गाइड वुक आदि प्रकाशित भई उपयुक्त च्यानलहरु मार्फत वितरण भएको हुनेछ ।

उपलब्धि नं ५.४: वृहत्तर रघुगंगा गाउँपालिका क्षेत्रको डिजिटल माध्यमहरु जस्तै वेभ साइट, Blogs, सामाजिक सञ्जाल आदिको प्रयोग भइ प्रभावकारी रुपमा प्रवर्धन भएको हुनेछ ।

उपरोक्त उपलब्धिहरु प्राप्त गर्नका लागि रघुगंगा गाउँपालिका क्षेत्रको पञ्च वर्षीय पर्यटन योजनाले देहाय वमोजिमका परिमाणात्मक लक्ष्यहरु हाँसिल गरेको हुनेछ ।

*तालिका नं. १२: पर्यटन योजनाको अपेक्षित उपलब्धिहरु एवं प्रमुख परिमाणात्मक लक्ष्यहरु*

| क.स | विवरण | परिमाणात्मक लक्ष्यहरु | | |
|---|---|---|---|---|
| | | ईकाइ | आधार वर्ष तथ्याङ्क | लक्ष्य |
| १ | पर्यटक आगमन (आन्तरीक) | जना | १८०० | २५००० |
| २ | पर्यटक आगमन (वाह्य) | जना | ५०० | १०,००० |
| ३ | पर्यटक वसाई अवधि (आन्तरीक) | दिन | ३ | ७ |

| | | | | |
|---|---|---|---|---|
| ४ | पर्यटक बसाई अवधी (बाह्य) | दिन | २ | ५ |
| ५ | आन्तरीक पर्यटक खर्च (दैनिक) | रुपैया | १५०० | ३००० |
| ६ | बाह्य पर्यटक खर्च (दैनिक) | रुपैया | २५०० | ५००० |
| ७ | पर्यटनबाट श्रृजित रोजगारी | जना | ० | ८०० |
| ८ | प्रत्यक्ष रोजगारी | जना | ३ | ३०० |
| ९ | अप्रत्यक्ष रोजगारी | जना | ० | ५०० |
| १० | पर्यटकीय होटल, लज र होमस्टे | वटा | ३ | १०० |
| ११ | आधारभुत बेटर / बेट्रेस्ट तालिम प्राप्त जनशक्ति | जना | ० | १०० |
| १२ | टुर गाईड | जना | ३ | २० |
| १३ | आधारभुत कुकिङ | जना | ४ | ५० |
| १४ | होमस्टे व्यवस्थापन | जना | १८ | १०० |
| १५ | आधारभुत भाषा तालिम | जना | ० | २० |
| १६ | हस्तकला बिक्री केन्द्र पसल | वटा | ० | १ |
| १७ | सौंस्कृतिक / जातीय संग्राहलय | वटा | ० | २ |
| १८ | पर्यटन सूचना केन्द्र | वटा | ० | ३ |
| १९ | गाउँ पर्यटन गुरुयोजना | वटा | ० | १ |
| २० | पर्यटनबाट प्राप्त हुने राजश्व | रुपैया | ० | ५०००००।- |

## ३.५ पर्यटन योजनाको प्रमुख रणनीतिहरु

रघुगंगा गाउँपालिका क्षेत्रको पञ्च वर्षीय पर्यटन योजनाले निर्दिष्ट गरेका सोच, लक्ष्य एवं उद्देश्यहरु प्राप्त गर्नका लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

**(क) पर्यटनलाई महत्वपुर्ण संरक्षण औजारको रुपमा प्रवर्धन गरिनेछ ।**

जैबिक बिबिधता, प्राकृतिक भु परिधि र सांस्कृतिक सम्पदामा आधारित पर्यटनको विकासबाट गाउँपालिका क्षेत्रका समुदायको जीबनोस्तरमा सुधार ल्याई पर्यटनलाई संरक्षणको महत्वपुर्ण औजारको रुपमा प्रवर्धन गरिनेछ ।स्थानिय स्तरका प्राकृतिक स्रोत माथिको चाप कम गर्न, गरिबिका कारण हुने गैह्र कानूनि चोरी लगायतका क्रियाकलाप रोक्न पर्यटनलाई बैकल्पिक जीबनयापनको माध्यमको रुपमा विकास गरिनेछ । दिगो पर्यटन बिकासको सुनिस्चितताको लागि स्थानीय समुदायको अगुवाई र सक्रिय सहभागिताद्धारा जैबिक बिबिधता तथा प्रकृतिक र सांस्कृतिक भु परिधि संरक्षण गर्ने अबस्था सृजना गरिनेछ ।पर्यटन बिकासका दृष्टिकोणले महत्वपूर्ण गाउँपालिका क्षेत्रका सामुदायीक बन, हिमाली क्षेत्र, नदीनाला, घाँसे मैदानलाई महत्वपूर्ण बन्यजन्तु एवं पंक्षीहरुको बैकल्पीक बासस्थानको रुपमा समेत बिकास गर्न सहयोग गरिनेछ ।

(ख) **पर्यटकीय गन्तव्यको बिस्तार र पर्यटन उत्पादन तथा क्रियाकलापहरुको विविधिकरण र एवं विशिष्टिकरण गरिनेछ ।**

रघुगंगा गाउँपालिका हुदै धौलागिरी वेसक्याम्प, पुनहिल, छिमेकी गाउँपालिका तथा छिमेकी जिल्ला मुस्ताङ सम्म जाने पर्यटक हरुको आगमनलाई यथावत राख्दै यस गाउँपालिकामा दिगो पर्यटन बिकास गर्नको लागि धौलागिरी आइसफल पदमार्ग, सेन्चुरी पदमार्ग, तथा धौलागिरी बेसक्याम्पमा अत्यावस्यक तथा आधार संरचनाहरु तयार गरि मुस्ताङ सम्मको पदयात्रा तय गर्न सकिने छ। यसैगरि गाउँपालिकामा पर्यटन उत्पादन र क्रियाकलापहरुको स्तरोन्नति र विविधिकरण गरि पर्यटकीय क्रियाकलापद्धारा मनोरम दृश्याअवलोकन गरिनुका साथै थप गुणस्तरीय पर्यटक र पर्यटन वजार खण्डलाई आकर्षित गरिनेछ । यसैगरि पर्यटन उत्पादन र क्रियाकलापको विविधिकरण र क्षेत्रगत रुपमा विस्तार गरि अधिकतम समुदायका सदस्यहरुलाई पर्यटन व्यवसाय र रोजगारीका अवसर सृजना गरिनुका साथै आगमन हुने पर्यटकको संख्या बसाइं अवधि र खर्चमा बृद्धि गरि पर्यटनको आम्दानीमा वृद्धि गरिनेछ।

(ग) **दीगो पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनको लागि समन्वय, सहकार्य र साझेदारी ।**

गुणस्तरीय पयटन सेवा र सुविधाको सनिश्चितता गर्ने, पर्यटन उत्पादन लाई विस्तार गर्ने, अधिकतम समुदायलाई पर्यटनको प्रतिफल प्रदान गर्ने, पर्यटन गन्तव्यको अझ प्रभावकारी रुपले प्रवर्धन एवं वजारीकरण गर्ने र पर्यटनको नकरात्मक असर न्युनिकरण गर्ने उदेश्य प्राप्तिका लागि सरकारी निकायहरु, नीजि क्षेत्र एवं व्यवसायीहरु, सामुदाय र नागरिक समाजका वीचमा प्रभावकारी — साझेदारी (PPPP), समन्वय र सहकार्य को वातावरण सृजना गरिनेछ । यसका लागि रघुगंगा गाउँपालिका कार्यालयले समन्वयकर्ता र सहजकर्ताको भुमिका खेल्नेछ । पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनका क्रियाकलापहरुलाई अन्य क्षेत्रगत (सेक्टरल) तथा स्थानीय तहका योजनाहरुसंग एकिकृत गरिनेछ । समग्र गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा प्रवर्धन र बजारकिरण गर्नका लागि पोखरा, काठमाण्डौ, लुम्बिनी, बाग्लुङ्ग, मुस्ताङ लगायतका गन्तव्यहरुसंग समन्वय र साझेदारीको रणनीति अवलम्वन गरिनेछ ।

## ३.६ पर्यटन गन्तव्यको विकासका चरण अनुसार अवलम्वन गरिने रणनीतिहरु

रघुगंगा गाउँपालिका क्षेत्रका सबै ठाँउहरुको विकास समान हैसियतमा नभएका कारण स्थान विशेषलाई ध्यानमा राखि पर्यटन विकास, प्रवर्धन र रणनीतिहरु कार्यान्वयन गरिनेछ । वृहत्तर गाउँपालिकाको समग्र पर्यटन विकासको अवस्थालाई देहाय वमोजिमका ३ वटा बिकास चरणमा विभक्त गरि सोहि वमोजिमका रणनीतिहरु तय गरिएको छ ।

क) **चरण १: पर्यटन गन्तव्यको लेखाजोखा तथा पर्यटन उत्पादन विकास**

- पर्यटन चेतना अभिवृद्धि
- पर्यटन पुर्वाधार विकास
- सीप विकास तालिम
- सर्वेक्षण, अध्ययन अवलोकन र अनुसन्धान
- संस्थागत संरचना विकास

**ख) चरण २ः पर्यटन उत्पादनको स्तरोन्नति, विविधिकरण, विशिष्टिकरण र विस्तार**

- स्थापित पर्यटन सेवा सुविधाहरुको गुणस्तर अभिवृद्धि
- पर्यटकीय क्रियाकलापहरुको विविधिकरण र स्तरीय प्याकेजिङ
- उच्च गुणस्तरका पुर्वाधार सहितका पर्यटकीय सेवा तथा सुविधा बिकास गर्नका लागि नीजि क्षेत्रको लगानी आकर्षण गर्ने
- पर्यटकीय उद्यम तथा रोजगारीको बिविधिकरण
- पर्यटन व्यवसायी र पर्यटन सम्बन्धि सेवा/सामाग्रिहरु बेच्ने उत्पादक/सप्लायर्सका बीच सम्वन्ध विस्तार
- वजार विस्तार तथा सञ्जाल विस्तार

**ग) चरण ३ः पर्यटन असर व्यवस्थापन तथा पर्यटन उत्पादन इनोभेशन एवं विविधिकरण**

- पर्यटन उत्पादन तथा क्रियाकलाप विविधिकरण
- नविन पर्यटकीय उत्पादन तथा क्रियाकलापको विकास
- पर्यटन असर न्युनिकरण एवं व्यवस्थापन
- उत्तरदायीपुर्ण दीगो पर्यटन अभ्यासका निर्देशिका, आचार सहिता निमार्ण कार्यान्वयन
- पर्यटक व्यवस्थापन
- वजार बिविधिकरण तथा उच्च मुल्यका बजारमा लक्षित पर्यटन प्रवर्धन
- अन्य पर्यटकीय स्थानसंगको सम्वन्ध विकास
- दिगो पर्यटन अभ्यास

## ३.७ प्रमुख कार्यक्रम, क्षेत्र तथा कृयाकलापहरु

रघुगंगा गाउँपालिकाको पञ्च वर्षिय पर्यटन योजनाले तय गरेका लक्ष्य, उद्धेश्य तथा उपलव्धिहरु पाप्त गर्नका लागि देहाय वमोजिमका ८ प्रमुख कार्यक्रम क्षेत्रहरुमा पर्यटन बिकास, प्रवर्धन र व्यवस्थापन सम्वन्धि क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।

१. सँस्थागत संरचना सुदृढिकरण तथा क्षमता अभिवृद्धि ।
२. पर्यटकीय गन्तव्य विस्तार र पर्यटन उत्पादन तथा क्रियाकलापहरुको स्तरोन्नति, विविधिकरण एवं विशिष्टिकरण ।
३. पर्यटन पूर्वाधारहरुको विकास, स्तरोन्नति तथा बिस्तार ।
४. पर्यटन सूचना तथा अनुवादका सुबिधा बिकास ।
५. पर्यटन प्रवर्धन तथा बजारीकरण ।
६. पर्यटन उद्यम सृजना, रोजगारी अभिवृद्धि तथा संरक्षणमा स्थानिय समूदायको सहभागितामा अभिवृद्धि ।
७. जैविक विविधता तथा भू–परिधिको दिगो संरक्षण, प्रवर्धन ।
८. सांस्कृतिक, धार्मिक तथा पूरातात्विक सम्पदाहरुको दिगो संरक्षण, प्रवर्धन ।

### ३.७.१ संस्थागत संरचना सुदृढीकरण तथा क्षमता अभिवृद्धी

१. रघुगंगा गाउँपालिका क्षेत्रलाई समुदायमा आधारित समावेशि, संरक्षण मुखि र दिगो पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनको उत्कृष्ट नमुना र गन्तव्यको रुपमा विकास गर्नका लागि तय गरिएका लक्ष्य, उद्धेश्य र रणनीतिहरुलाई प्रभावकारी तथा समन्वयात्मक ढंगले अगाडि वढाउनका लागि गाउँपालिका क्षेत्र र व्यवसायिक स्तरमा देहाय बमोजिमका संस्थागत संरचनाहरु स्थापना गरि सक्रिय बनाइने छन् ।

(क) रगुगंगा गाउँपालिका कार्यालय अन्तरगत रहनेगरी एउटा पर्यटन इकाईको गठन गरिनेछ । यसको नेतृत्व जनप्रतिनिधीले गर्नेछन् । यस इकाईले गाउँपालिका क्षेत्रमा सञ्चालन गरिने पर्यटनका सम्पुर्ण गतिविधिहरुको सहजीकरण गर्ने, तथ्यांक अध्यावधिक राख्ने र रिपोटिङ गर्ने कार्य गर्नेछ ।

(ख) समग्र रघुगंगा गा. पा. लाई पर्यटन क्षेत्रको रुपमा विकास गरी प्रवर्धन गर्नका लागि गाउँपालिका पर्यटन परिषद गठन गरि सक्रिय गराउन सहजिकरण गरिने छ । सो परिषदमा गा.पा. भित्रका उपभोक्ता समिति पर्यटन व्यवसायिक संगठनहरु, पर्यटन संग सम्बन्धित कार्यगत समुहहरु/समितिहरु (होमस्टे व्यवस्थापन समिति लगायत) आदि संस्थागत पदेन सदस्य रहने गरि व्यवस्था मिलाइने छ । सो परिषदले गा.पा. क्षेत्रको पर्यटन योजना निर्माण र पर्यटन उत्पादनहरुको विकास, प्रवर्धन तथा व्यवस्थापन कार्यको क्षत्रिय स्तरमा समन्वय र सहजीकरण गर्ने भूमिका खेल्नेछ । परिषद र परिषद सदस्य संस्थाले नेपाल पर्यटन बोर्ड, केन्द्रीय स्तरीय पर्यटन एशोसियसनहरु र संबन्धित विभाग तथा मन्त्रालय लगायतका निकायहरुसंग अग्रगामी सम्बन्ध विकास गरी पर्यटन विकास र प्रवर्धनमा सघाउ पुरयाउने छ भने मुस्ताङ, वाग्लुङ्ग,पोखरा, काठमाण्डौ लगायतका गन्तव्यका सरोकारवाला निकायहरु संग सहकार्य गरी गा.पा. लगायतका क्षेत्रको प्रर्वधनका प्रयासहरु अगाडि वढाउनेछ ।

२. पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी एवं समन्वयात्मक ढंगले अगाडी वढाउनका लागि सो संग सम्वन्धित सरकारी, नीजि तथा सामुदायिक / सामाजिक सस्थाहरुको क्षमता अभिवृध्दि गर्नका लागि देहाय वमोजिमका क्रियाकलापहरु सञ्चालन गरिने छन् ।

क. पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनमा संग्लन हुने गाउँपालिका र मातहतका सेक्टर कर्यालयहरु एवं विभिन्न इकाइहरुका कर्मचारीहरुलाई समुदायमा आधारित पर्यटन विकासका लागि योजना तर्जुमा प्रक्रिया, पर्यटन उत्पादन प्याकेजिङ पर्यटन सूचना तथा अनुवाद, आगन्तुक सूचना केन्द्र व्यवस्थापन पर्यटन प्रवर्धन एवं वजारीकरण, पर्यटन उद्यम विकास, पर्यटनको असर व्यवस्थापन, पर्यटक व्यवस्थापन समावेशी पर्यटनका अवधारण, पर्यटन विकासका लागि सहकार्य एवं साझदारी विकास लगायतका विषयमा तालिम, गाष्ठी, अन्तरक्रिया कार्यक्रम, भ्रमण गोष्ठी आदिका माध्यमवाट क्षमता अभिवृदि गरिने छ । सायै सो तत्तत् निकायमा पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार प्रविधि एवं सिप समेत उपलव्ध गराइने छ ।

ख. पर्यटनलाई स्थानीय सरकारको योजनामा एकिकृत एवं मूलप्रवाहिकरण गराउनका लागि समवन्धित गाउँपालिकाका पदाधिकारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, आमा समुहहरु, युवा कल्वहरु र उद्योग वाणिज्य संघका पदाधिकारीहरु लाई पर्यटन उत्पादनहरुको विकासको लागि योजना तर्जुमा, प्रर्वधन, वजारीकारण, पर्यटन उद्यम तथा

रोजगारी विकास, पर्यटन र संरक्षण सम्वन्धि आचार संहिताहरु, पर्यटनका असर व्यवस्थापन आदिका वारेमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

ग. होटल तथा लज व्यवसायी, रेष्टुरेन्ट व्यवसायी, होमस्टे सञ्चालक, पर्यटन यातायातका सेवा व्यवसायीहरु, हस्तकला व्यवसायी, टुर गाईड, आदिलाई पर्यटन, उत्पादन प्याकेजिङ अतिथी सत्कार डिजिटल प्रवर्धन एवं वजारीकरण, पर्यटन आचार संहिता, फोहरमैला व्यवस्थापन, अग्रगामी पश्चगामी सम्वन्ध विकास, पर्यटनका नकरात्मक प्रभाव न्युनिकरण वैकल्पिक उर्जाको प्रयोग, सूचना, प्रविधितथा सञ्चार, जिम्मेवारपूर्ण पर्यटन व्यवसाय सञ्चालन मोडल, जैविकविविधता, तथा संस्कृति संरक्षण आदिका सम्वन्धमा तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमवाट क्षमता अभिवृध्दि गरिने छ ।

३. पर्यटनको दिगो र योजनावद्ध विकासका लागि सहभागितामूलक विधिवाट योजनाहरु तयार गरि सो योजनाहरुलाई गाउँपालिका क्षेत्रका वार्षिक तथा आवधिक योजनाका साथै स्थानीय वडाहरुको योजना र अन्य विषयगत क्षेत्रगत योजना (वन, कृषि, पशु, शहरी विकास, सडक, सञ्चार, खानेपानी, उर्जा, यातायात आदि) हरुमा समेत समावेश गरिने छ ।

- मुख्य पर्यटकीय स्थल गन्तव्य हरुको गुरुयोजना वा रणनैतिक योजना
- होमस्टे गाँउहरुको गाँउ पर्यटन योजनाहरु
- पर्यटन विकासका सम्भावना भएका समुदायिक वनहरुको पर्यटन योजनाहरु
- पर्यटन विकास र संरक्षणका दृष्टिकोणले संवेदनशिल स्थलहरु (सिमसार, धार्मिक क्षेत्र आदि) को साइट योजनाहरु

४. दिगो पर्यटन विकास र व्यवस्थापनलाई सुनिश्चितता गर्नका लागि समुदाय स्तर र केन्द्रिय स्तरमा दिगो आर्थिक स्रोतका आधारहरु खडा गरिनेछन् । गाँउ स्तरमा समुदायिक पर्यटन तथा संरक्षण कोष खडा गरिने छ । सो कोषमा होमस्टे सञ्चालन, समुदायिक वन पर्यटन ( दृश्याअवलोकन, गुराँस फुल्ने बनहरुको अवलोकन लगायत जैविक विविधताको अवलिकन), सहासिक खेलहरु, दृश्याअवलोकन, टुरगाइड आदिवाट प्राप्त हुने आम्दानीको निश्चित प्रतिशत रकम जम्मा गर्ने व्यवस्था मिलाइने छ । कोषको रकम पर्यटन विकास र संरक्षणमा प्रयोग गरिनेछ । कोषमा म्याचिङ फण्डको रुपमा रकम जम्मा गर्नका लागि विभिन्न साझेदार निकायहरुलाई समेत अनुरोध गरिनेछ ।

५. पर्यटकीय गन्तव्य तथा रुटहरुलाई सुरक्षित बनाउनका लागि गाउँपालिकामा पर्यटन प्रहरीको सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

६. पर्यटन सूचना केन्द्र स्थापना तथा पर्यटन प्रवेश विन्दुहरु लाई थप सूचनामुलक, प्रविधियुक्त र सेवामुलक वनाउनेः पर्यटनको योजनावद्ध विकास, पर्यटन गतिविधिहरुको अनुगमन एवं मुल्यांकन, पर्यटकीय फाइदाहरुको वाडफाड, पर्यटनका नकरात्मक प्रभावहरुको न्युनिकरण एवं व्यवस्थापन र पर्यटन प्रवर्धन एवं वजारिकरण लगाएतका कार्यलाई सधाउ पुरयाउनका लागि व्यवसाय स्तर, गाउँपालिका/नगरपालिका स्तर जिल्ला स्तर सेक्टर स्तर र केन्द्रिय स्तरमा (पर्यटक सम्वन्धी, व्यवसाय सम्वन्धि, रोजगारी सम्वन्धि) राख्ने प्रणालीको व्यवस्था गरिने छ ।

## ३.७.२ पर्यटन पुर्वाधारहरुको विकास, स्तरोन्नती तथा विस्तार

गाउँपालिका क्षेत्रको पर्यटन बिकास शुरुवाती चरणमा रहेकोले पर्यटन क्षेत्रको बिकासको लागि धेरै कुराहरुको एकिकृत संयोजनको जरुरत रहेको हुन्छ । पर्यटन भनेको प्राकृतिक, साँस्कृतिक, मानवीय आतिथ्यता, भौतिक बिकास, कला, संस्कृति लगायतको प्रभावकारी संयोजन हो । यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमका भौतिक पुर्वाधारहरुको बिकास तथा स्तरोन्नती गरिनेछ।

*तालिका नं. १३: निर्माण तथा स्तरोन्नती गर्नुपर्ने संरचनाहरुको विवरण*

| क्र.स | निर्माण गर्नुपर्ने कुराहरु | स्थान |
|---|---|---|
| १. | स्वागत गेट | गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने मुख्य नाकाहरु जस्तै गलेश्वर, झीँ, तिप्ल्याङ |
| २. | पर्यटन सूचना बोर्ड (गाउँपालिका क्षेत्रभित्रका मुख्य मुख्य आकर्षणका स्थलहरु (फोटो सहित), त्यहाँ पुग्न सकिने माध्यमहरु, लाग्ने समय र विशेषताहरु उल्लेख गरेर) | गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने मुख्य नाकाहरु जस्तै गलेश्वर, झीँ, तिप्ल्याङ |
| ३. | पदमार्ग सूचना बोर्ड (पदमार्गको नक्सा, प्रत्येक दिन पुग्न सकिने ठाउँहरु, त्यस स्थानमा उपलव्ध हुने सेवा / सुविधाहरु (होमस्टे, क्याम्पिङ, दृश्यावलोकन गर्न सकिने स्थानहरु, संचार सुविधा आदी) सम्पर्क व्यक्ति र नम्वर समेत उल्लेख गरिएको, | गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने मुख्य नाकाहरु जस्तै गलेश्वर, झीँ, तिप्ल्याङ |
| ४. | पदमार्ग (संकेत वोर्ड र सचेत बोर्ड सहित) — वाटो नअल्मलिने गरी निर्माण भएको, हरेक दोवाटोहरुमा संकेत गरिएको, पदमार्गमा सचेतता अपनाउनुपर्ने भए सो को समेत जानकारी (जस्तै जंगली जनावर, पहिरो जाने क्षेत्र, एक्लै नहिड्ने आदी) | यस गाउँपालिका क्षेत्रमा पर्ने मुख्य ४ वटा पदमार्गहरुको पुर्ण निर्माण । आवश्यकता अनुसार संकेतवोर्डहरु र सचेत वोर्डहरु सहित |
| ५. | सडक (सम्भव भएसम्म पदमार्ग र सडक मार्ग फरक फरक हुनुपर्ने) | पदमार्गको शुरुवाती बिन्दु सम्मको सडक १२ महिना सम्म चल्ने हुनुपर्ने |
| ६. | संचार (गाउँपालिकाको सवै क्षेत्रमा पहुँच पुग्ने गरी मोवाईल टावरको विस्तार गर्ने, पदमार्गका बिभिन्न स्थानमा आपतकालिन अवस्थामा सहयोग लिनको लागि नजिकको गाउँ र सम्पर्क नम्वरहरु राख्नुपर्ने, | गाउँपालिकाका सवै वाडहरुमा संचार सुविधा पुग्नुपर्ने |
| ७. | खानेपानी | सवै पदमार्ग तथा धार्मिक स्थलहरुमा खानेपानी सुविधा उपलव्ध हुनुपर्ने |
| ८. | सार्वजनिक शौचालहरु | धार्मिक स्थलहरुमा सार्वजनिक सौचालय सुविधा उपलव्ध |

| | | |
|---|---|---|
| | | हुनुपर्ने |
| ९. | डस्टवीनहरु / कन्टेनरहरु | सबै वाड तथा सार्वजनिक स्थलहरुमा फोहोर व्यवस्थापन हुनुपर्ने |
| १०. | बगैंचा / पार्कहरु | पदमार्ग तथा पर्यटकिय स्थलहरुमा वगैचा तथा पार्कहरु निर्माण गर्नुपर्ने |
| ११. | छहारी, चौतारी, पाटी, पौवाहरु | शितलता प्रदान गर्नका लागि पटि पौवाहरु निर्माण गर्नुपर्ने , चौतारा तथा छहारीहरु मर्मत गर्नुपर्ने |
| १२. | भ्युटावर | दृश्यावलोकनका स्थलहरुमा भ्यु टावर निर्माण गर्नु पर्ने |
| १३. | सामुदायिक आवास गृह | धौलागिरी वेस क्याम्पको नजिकमा |
| १४. | संग्राहलय | गाउँपालिका स्तरमा संग्रहलय निर्माण गर्नुपर्ने |
| १५. | पर्यटन सुचना केन्द्र | मुख्य प्रवेशमार्गमा पर्यटन सुचना केन्द्र स्थापना गर्नु पर्ने |
| १६. | क्याम्प क्षेत्रको विकास | पदमार्गहरुमा क्याम्पिङ क्षेत्रको विकास |
| १७. | झोलुङ्गे पुल, कल्भर्ट | आवश्यकता अनुसार |
| १८ | खानि तथा खनिज संरक्षण | खानि भएका स्थानहरु |

### ३.७.३ पर्यटन सूचना तथा संचार

पर्यटकीय होटल, लज, होम–स्टे तथा रेष्टुरेण्टहरुमा इन्टरनेट सुविधा उपलब्ध गराईने छ । सामुदायिक लजहरुमा सामदायिक इन्टरनेट/वाईफाईको सुविधा उपलब्ध गराईनेछ ।

### ३.७.४ पर्यटन गन्तव्य, प्रवर्धन तथा वजारीकरण

पर्यटन क्षेत्रमा प्रचार प्रसारको महत्वपुर्ण भुमिका हुन्छ । प्रचार प्रसार भनेको कुनै पनि स्थान, क्षेत्र वा विषय सम्बन्धी सूचना तथा जानकारीहरु वढि भन्दा वढि व्यक्तिहरु समक्ष पुर्‍याउने कार्य हो । उचित प्रचार प्रसारको अभावमा थुप्रै महत्वपुर्ण र रमरणीय क्षेत्रहरु ओझेलमा परिरहेका छन।हाम्रो गाउँपालिकाका सम्भावित पर्यटकीय क्षेत्रहरुको वारेमा वारेमा मानिसहरुको ध्यान आकर्पित गर्नेगरी प्रसारप्रचार गर्नु महत्वपुर्ण कार्य हुन आउँछ । प्रचार प्रसार कार्य कुनै एक तरिका बाट मात्र नभई संचारका सम्पुर्ण माध्यमहरु मार्फत गर्नु जरुरी छ ताकी सवै किसिममा व्यक्तिहरु समक्ष सन्देश पुन्याउन सकियोस । प्रचार प्रसारको लागि गर्न सकिने केही कार्यहरु गरिने छन।

- व्रोसर निर्माण
- रेडियो , टेलिभिजन, पत्रपत्रिका मार्फत प्रचार प्रसार
- वेवसाईट, सामाजिक संजालको प्रयोग
- फोटो, डकुमेन्ट्री निर्माण
- पर्यटन अभियान (बैठक, अध्ययन अवलोकन मुख्य मुख्य स्थानहरु)
- होर्डिङ्ग वोर्डहरु

### ३.७.५ पर्यटन उद्यम / व्यवसाय श्रृजना, रोजगारी अभिबृद्धी तथा स्थानीय समुदायको सहभागिता

सामुदायमा आधारित पर्यटनको विकासको मध्यमबाट स्थानीय समुदायमा उद्यम/व्यवसायको विकास गर्ने र रोजगारीका अवसर सृजना गरि जैविक विविधता, प्राकृतिक र सांस्कृतिक सम्पदा संरक्षणमा यस क्षेत्रका समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

१. पर्यटन उद्यम विकास र रोजगारीका लागि चेतना अभिवृद्धि तथा उद्यमशिलता विकासः

यस गा.पा. क्षेत्रका पर्यटकीय आकर्षणहरु, पर्यटन उत्पादन तथा क्रियाकलापहरु, लक्षित बजार खण्डहरु, पर्यटक वितरणको अवस्था, बजार खण्ड र पर्यटकीय क्रियाकलाप बमोजिमका पर्यटकका रुचीहरु, सम्भावित पर्यटकीय उद्यम तथा रोजगारीका अवसरहरु, पर्यटन उत्पादन तथा क्रियाकलापको सकारात्मक र नकरात्मक असरहरु, पर्यटनका नकरात्मक असर न्यूनिकरणका उपायहरु आदिका बारेमा समुदायलाई अभिमूखिकरण तालिम सञ्चालन गरिनेछ । सो को आधारमा सम्भावय उद्यमीहरुले उपयुक्त उद्यम छनौट गरि व्यवसाय विकास योजना तयार गर्ने ।

२. उद्यम तथा व्यवसाय सृजना गर्न आवश्यक पूर्वाधारको विकास

उद्यमशिलता तथा सीप विकास तालिम, वैंक तथा सहकारी मार्फात सहज र सहुलियतपूर्ण ऋणको व्यवस्था, बजार संगको सम्बन्ध विकास, ठूला तथा साना व्यवसायीहरु र प्रवर्धकहरुका बीच सम्वन्ध स्थापना लगायतका पर्यटन व्यवसाय विकासका पहलहरु अगाडी बढाई सामुदायलाई देहाय बमोजिम पर्यटन उद्यम/व्यवसाय सृजना गर्न, स्तरोन्नति गर्न र विस्तार गर्न सहयोग गरिनेछ ।

क. पर्यटन बजारीकरण/ उद्यमव्यवसायहरुः, पर्यटन सूचना केन्द्र, पर्यटक पथ प्रर्दशक, स्थानीय उत्पादनहरुको विक्री गर्ने हस्तकला पसल आदि ।

ख. खानपिन तथा वसोवाससंग सम्बन्धित उद्यमहरुः होटल, होम–स्टे, फार्म–स्टे, क्याम्प साइट, रेष्टुरेण्ट, चियापसल, कफी सप, खाजाघर, आदि ।

ग. मनोरञ्जन र साइट सिइङः संग्रहालय सञ्चालन, सांस्कृति/सांगितिक केन्द/कार्यक्रम र सञ्चालन, पर्यटक पथ प्रर्दर्शक, हस्तकला पसल, कृषि अर्गानिक फार्महरु, भिलेज टुर आदि ।

३. दक्षता तथा गुणस्तर अभिवृद्धिका लागि सीप विकास तालिम सञ्चालनः

गाउँपालिका क्षेत्रमा पर्यटकीय सेवा तथा सुविधाहरुको विस्तार गर्न पर्यटन उत्पादन तथा क्रियाकलापहरुको विविधिकरण गर्नका लागि देहाय बमोजिमका व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरिनेछ । सो तालिमहरु सञ्चालन गर्दा परम्परागत ज्ञान र सीपलाई समेत प्रवर्धन गरिनेछ । तालिम सञ्चालनका लागि गाउँपालिका, समुदाय,नीजि क्षेत्रका तालिम प्रदायक संस्थाहरु, नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान संग सम्वन्धन प्राप्त तालिम इन्स्छिच्युटहरु आदि संग सहकार्य र साझेदारी गरिनेछ ।

क. आधारभूत एवं एडभान्स कुकिङ, हाउस किपिङ तथा लज व्यवस्थापन तालिमहरु

ख. आधारभूत एवं एड्भान्स होम–स्टे व्यवस्थापन तथा पाहुना सत्कार तालिमहरु

ग. आधारभूत एवं एड्भान्स पथप्रदर्शक तालिम

इ. पर्यटनमैत्री हस्तकला डिजाइन तालिम

च. सिलाई, बुनाई तथा इम्ब्रोइडरी तालिम

छ. संग्रहालय तथा पर्यटन सूचना केन्द्र व्यवस्थापन तालिम

ज. अर्गानिक कृषि उपज उत्पादन तालिम (तरकारी, माछा, मासु, दुध, मह, फलफूल आदि)

झ. सथानिय वातावरण र संस्कृति मैत्री सिकर्मी तथा डकर्मी तालिम

ञ. विपद जोखिम न्यूनिकरण, व्यवस्थापन, आपतकालिन उद्धार तथा प्राथमिक उपचार तालिम

**४. पर्यटन उद्योगमा आवश्यक पर्ने सेवा/ सामाग्रीहरुको उत्पादन र सुदृढिकरण**

क. व्यापक अभिमूखिकरण, क्षमता अभिवृद्धि कार्यक्रम, पूर्वाधार विकास, सहज ऋण पहुच र पर्यटन व्यवसायी संग सिधा सम्पर्क स्थापना जस्ता कार्यक्रम मार्फत स्थानीय सामुदायलाई पर्यटन क्षेत्रमा आवश्यक पर्ने सेवा तथा सामाग्रीहरु स्थानीय स्तरमै उत्पादन गरि खपत गरि वाह्य सेवा तथा सामाग्रिको आपूर्तिलाई न्यूनिकरण गरिनेछ ।

ख. कृषिजन्य उत्पादनहरु जस्तै तरकारी, फलफूल, माछा मासु, दूध, दहि, बटर, मह, अन्नवाली आदिको आपूर्ती स्थानीय क्षेत्रबाटै गर्ने, सकभर सबै उत्पादनलाई अर्गानिक बनाउने (रासयनिक मल र विपादी प्रयोग नगर्ने)

ग. पर्यटन उद्योगमा प्रयोग हुने सेवा तथा सामाग्रि उत्पादन गर्न आवश्यक पर्ने सामुदायिक पूर्वाधार विकास (सिचाई कुलो, चिस्यान केन्द्र, विजुली, सडक, सञ्चार आदि), सीप, प्रविधि र बजार सम्वन्धि सूचना एवं जानकारी उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

घ. स्थानीय स्तरमा उत्पादन गरिएका सामाग्रिहरु (तरकारी, फलफूल, हस्तकला आदि) विक्रीका लागि विक्री तथा प्रदर्शनी केन्द्रहरुको स्थापना गर्न पहल गरिनेछ ।

ङ. मेला तथा महोत्सवहरुका माध्यमबाट स्थानीय उत्पादनहरुको प्रचार प्रसार र बजारीकरणमा सहयोग गरिनेछ ।

च. होम–स्टे गाउँमा एक होम–स्टे घर एक करेशाबारीको अवधारणा अनिवार्य रुपमा लागु गरिनेछ ।

### ३.७.६ सांस्कृतिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरुको दीगो संरक्षण तथा प्रवर्धन

१. स्थानिय सरकार, नीजिक्षेत्र र समुदाय लगायतका सरोकारवाला निकायहरुसंग मिलेर गाउँपालिका क्षेत्रमा रहेका महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक सम्पदाहरुको खोजिनीति गरि पुस्तक एवं डकुमेन्ट्रीका रुपमा अभिलेखीकरण गरि पर्यटन श्रोत पुस्तिका सामाग्रीका रुपमा प्रयोग गरिनेछ ।

२. सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाको संरक्षण गर्न तथा पर्यटन विकासका कारण स्थानीय संस्कृति, वास्तुकला, भेषभुषा तथा रितिरिवाजमा पर्न सक्ने नकरात्मक प्रभावहरु न्यूनिकरण गर्नका लागि सांस्कृतिक सम्पदा संरक्षण शिक्षा कार्यक्रम संञ्चालन गरिनेछ ।

३. सांस्कृतिक, धार्मिक एवं पूरातात्विक महत्वका सम्पदाहरुको पुर्नउत्थान, पुननिर्माण, सौन्दर्यिकरण र संरक्षण गरि पर्यटकीय उत्पादनका रुपमा प्रवर्धन गरिनेछ । जस अन्तरगत सांस्कृतिक होम–स्टे, तीर्थाटन, आध्यात्मिक कार्यक्रम, अध्ययन अनुसन्धान, भिलेज टुर, मेडिटेशन, योगा आदि क्रियाकलाप सञ्चालन हुन सक्नेछन् । एक गाउँ एक होम स्टे उत्पादनको अवधारणा अनुरुप सामुदायिक होम स्टे स्थापना गरिनेछ ।

४. स्थानीय संस्कृति, परम्परा, रितिरिवाज, इतिहास झल्कने मेला तथा नाचगानहरु ओयोजना गरि पर्यटकीय आकर्षणका रुपमा विकास गरि र युवा पिढिलाई संरक्षणमा सहभागि गराइनछे । सांस्कृतिक समूहलाई सांगितिक सामाग्री, गर गहना तथा कोरियोग्राफी तालिम लगायतका सहयोग उपलब्ध गराईनेछ ।

५. स्थानीय वास्तुकला र संस्कृति झल्कने नीजि तथा सामुदायिक सम्पत्तिहरु (जस्तैः घर, मन्दिर आदि) को निर्माण गर्दा आर्थिक (वा सामाग्रि) प्रोत्साहन उपलब्ध गराइनेछ ।

६. सांस्कृतिक केन्द्र तथा जातिय संग्रहालयहरुको स्तरोन्नति तथा बिस्तार गरि थप सूचनामूलक र आकर्षक बनाइ पर्यटकहरुलाई आर्कषण गरिनेछ ।

७. सांस्कृतिक, धार्मिक र पूरातात्विक सम्पदाहरुको महत्वको बारेमा जानकारी दिन र त्यसको संरक्षणको महत्व जगाउनका लागि सूचनामूलक बोर्डहरु राखिनेछन् ।

# परिच्छेद ४ : योजना कार्यन्वयन, अनुगमन तथा मुल्यांङ्कन

## ४.१ योजना कार्यान्वयन व्यवस्था

यस पर्यटन योजनाको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी रघुगंगा गाउँपालिकाको हुनेछ । यस योजनामा तल उल्लेख गरिएका निकायहरुको सहयोग र सहजिकरणमा रही पर्यटन योजनालाई देहाय बमोजिम कार्यान्वयन गर्नेछ

**क. रघुगंगा गाउँपालिकाको कार्यालय र यस गाउँपालिका अन्तरगतका वाडहरुको नियमित वार्षिक कार्यक्रमको रुपमा सञ्चालन गरिने कार्यक्रमहरु:**

स्विकृत पर्यटन योजनामा समावेश गरिएका प्रमुख कार्यक्रम तथा कियाकलापहरुलाई वार्षिक योजनामा समावेश गरि विभिन्न उप समिति-समुहहरुद्धारा प्रत्यक्ष रुपमा वार्षिक कार्यक्रममा समावेश गरि यस योजनाका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गरिने छ ।

**ख. विकास तथा संरक्षण साझेदारहरुसंग सहकार्य गरि सञ्चालन गरिने कार्यक्रमहरु:**

हाल यस गाउँपालिकामा पर्यटन क्षेत्रको विकासका लागी कार्य गर्दै आईरहेका निकाय तथा संस्थाहरु, जिल्ला समन्यव समिति, म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी जेसीज, TAAN Nepal, निजि क्षेत्र लगायतका संस्थाहरु संग सहकार्य गरेर पर्यटन विकास र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।

**ग. अरु स्थानीय तहहरु, निजि क्षेत्र तथा अन्य सरकारी निकायहरुसंग सहकार्य गरि संचालन गरिने कार्यक्रमहरु:**

पर्यटन योजनामा समावेश गरिएका अन्य महत्वपुर्ण कार्यक्रम तथा कियाकलापहरु सम्वन्धित गाँउपालिकाहरु, नगरपालिकाहरु, महानगरपालिका, जिल्ला समन्वय समितिहरु, अन्य सरकारी निकायहरु, उद्योग वाणिज्य संघहरु, पर्यटन एशोसियशनहरु र गैर सरकारी संस्थाहरुसंग सहकार्य, समन्वय र साझेदारी गरि संचालन गरिनेछ र सोको समन्वय र सहजिकरण गर्ने कार्य समेत गाउँपालिकाको कार्यालयले गर्नेछ ।

यसका साथसाथै गाउँपालिका मार्फत सञ्चालन गरिने मुख्य कियाकलापहरुमा पर्यटन विकासका लागि संस्थागत संरचना तथा नीति नियहरुको सुनिस्चितता गर्ने, गा.पा. क्षेत्रभित्रका पर्यटकीय पूर्वाधारहरुको विकास एवं मर्मत संभार गर्ने, समुदायमो चेतना अभिवृद्धि गर्ने, उद्यमीहरुका लागि सीप विकास तालिम सञ्चालन गर्ने, पर्यटन उत्पादन, वजारखण्ड र पर्यटनका असरहरुका वारेमा अध्ययन अनुसन्धान गर्ने, पर्यटकीय असरहरुको व्यवस्थापन गर्ने आदि हुनेछन् । यसैगरी पर्यटकीय सम्पदाहरुको संरक्षण गर्ने, नयाँ पर्यटकीय रुट तथा स्थलहरुको पहिचान गरि विकास गर्ने, पर्यटकहरुको सुरक्षा प्रत्याभूत गर्ने आदि जस्ता कियाकलापहरु संचालन गरिनेछ ।

यस पर्यटन योजनाको कार्यन्वयनका लागि अन्य निकायको भूमिका देहाय वमोजिमका हुनेछन्ः

क) यस योजनको कार्यन्यवनका लागी गाउँपालिकाका साथसाथै यहाँ रहेका उपभोक्ता समितिहरु, अन्य सरकारी तथा गैहसरकारी निकायहरु, युवा कल्वहरु, आमा समुहहरु, टोल सुधार समितिहरु र विकास साझेदार सस्थाहरुसंग समेत सहकार्य र साझेदारी गरी पर्यटनका क्रियाकलापहरु कार्यन्यवयन गर्नेछन् । खासगरि उपभोक्ता समितिहरुले सचेतना अभिवृध्दि, सीप विकास तालिम सञ्चालन, पुर्वाधार विकास, लगायतका क्रियाकलापहरु सञ्चालनमा महत्वपुर्ण भुमिका खेल्नेछन्।

ख) सरकारी तथा नीजि क्षेत्रहरु होटल व्यवसायिहरु उद्योग वाणिज्य संघ लगायतका संस्थाहरुले होटल, लज, पर्यटन यातायात, सञ्चार, बैकिंङ, मेडिकल सेवा लगायतका पुर्वाधारहरुमा स्वमं लगानी गर्ने र लगानी आकर्षित गर्न अनुकुल वातावरण तयार गर्ने कार्य गर्नेछन्। यस वाहेक यी संस्थाहरुले नयाँ पर्यटकीय उत्पादन तथा गन्तव्यहरुको पहिचान तथा विकास गर्ने, सामुदायिक पुर्वाधारहरुको निर्माण गर्ने, उद्यमीहरुको सीप तथा क्षमता अभिवृध्दि गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं प्रवर्धन गर्ने र पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने, पर्यटकीय सेवा र सुविधाको गुणस्तर अभिवृध्दि गर्ने, कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धि गर्ने, पर्यटन उत्पादन तथा गन्तव्यहरुको प्रवर्धन र वजारीकरण गर्ने र पर्यटनका नकरात्मक असर कम गर्नका लागि उपयुक्त प्रविधि र पूर्वाधारको प्रयोग गरी फोहोर मैला व्यवस्थापन गर्ने, वायु प्रदुषण एवं जल प्रदुषण कम गर्ने लगायतका क्रियाकलाप समेत सञ्चालन गर्नेछन्।

ग) अन्य सरकारी निकायहरु जिल्ला प्रशासन कार्यालय, जि.स.स. प्रहरि कार्यालय तथा अन्य सुरक्षा निकायहरुले पर्यटक तथा पर्यटन व्यवसायीहरुको सुरक्षा गर्ने र पर्यटकीय लगानी तथा सम्पत्तिहरुको सुरक्षा गर्ने कार्य गर्नेछन् । साथै यस गाउँपालिका वाहिरका पर्यटकीय स्रोत एवं सम्पदाहरुको संरक्षण गर्ने र आन्तरिक पर्यटन विकास गर्ने कार्य गर्नेछन्। कृषि विकास शाखा, पशु विकास शाखा, उद्योग विकास शाखा आदिले तरकारी, माछा मासु, फलफुल, दुग्ध पदार्थ, हस्तकला लगायतका सामाग्रिको उत्पादन सम्वन्धि सीप, प्रविधि र पूर्वाधार सहयोग उपलव्ध गराउनेछन्।

घ) विकास साझेदारहरु संस्थाहरु तान नेपाल, धौलागिरी पर्यटन परिषद, उद्योग वाणिज्य संघ लगायतका विकास तथा संरक्षण साझेदारहरुवाट समुदायका सदस्य तथा उद्यमीहरुको क्षमता अभिवृद्धि, पर्यटन पूर्वाधार निर्माण, चेतना अभिवृद्धि, पर्यटन प्रवर्धन, सीप विकास तालिम लगायतका क्रियाकलापहरु सञ्चालन गर्न गाउँपालिकालाई सहयोग गर्नेछन्। यस वाहेक सहभागितामूलक योजना तर्जुमा एवं मुल्यांकन र अध्ययन अनुसन्धानमा समेत यी निकायहरुले सघांउ पुरयाउने छन्।

ङ) सडक विकास तथा स्तरोन्नती, पर्यटन वसपार्क, पर्यटन सूचना केन्द्र, फोहेरमैला व्यवस्थापन, वैकल्पिक उर्जा र वातावरण मैत्री यातायात साधनको प्रयोग लगायतका पर्यटन पुर्वाधारहरुको विकासका लागि सरकारी निकायवाट समेत लगानी भित्राउनका लागि आबश्यक समन्वय गरिनेछ ।

## ४.२ वजेट/स्रोत व्यवस्थापन

### ४.२.१ प्रस्तावित अनुमानित वजेट

यस गुरु योजनामा समावेश गरिएका कार्यक्रम तथा क्रियाकलापहरुको कार्यन्वयनको लागि रु ५,७३,३०,०००।- (अक्षेरुपी पाँच करोड त्रिहत्तर लाख तिस हजार को अनुमानित वजेट प्रस्ताव गरिएको छ ।

*तालिका नं. १४: प्रमुख कार्य क्रम तथा प्रस्तावित अनुमानित वजेट*

| क्र.स. | विवरण | वजेट (हजारमा .रु) | वजेट (प्रतिशतमा) |
|---|---|---|---|
| १ | पर्यटन पूर्वाधारहरुको विकास, स्तरोन्नति तथा विस्तार | ४६३३० | ८१ |
| २ | सस्थागत संरचना सुदृढिकरण तथा क्षमता अभिवृद्धि | ८२०० | १४ |
| ३ | पर्यटकीय गन्तव्य विस्तार र पर्यटन उत्पादन तथा क्रियाकलापहरुको स्तरोन्नति, विविधिकरण, प्रवर्धन तथा विशिष्टिकरण | २८०० | ५ |
| | कुल जम्मा | ५७३३० | |

### ४.२.२ स्रोत संभाव्यता प्रक्षेपण तथा नपुग स्रोत परिचालन

पर्यटन योजना कार्यन्वयनका लागि आवश्यक पर्ने वजेटको व्यवस्था देहाय वमोजिमका सम्भावित स्रोतहरु परिचालन गरि गरिनेछ ।

- निजि क्षेत्रले पर्यटन पूर्वाधार, सेवा, सुविधा र मानव संशाधन विकासमा गर्ने लगानी ।
- समुदाय र सामुदायिक संस्थाहरुले गर्ने लगानी ।
- छिमेकी नगरपालिका र गाउँपालिकाहरुले गर्ने लगानी ।
- जिल्ला स्थित अन्य सरकारी निकायले गर्ने लगानी (सीप मूलक तालिम, प्रविधि, पूर्वाधार विकास आदि) ।
- नेपाल पर्यटन वोर्डद्वारा पर्यटन प्रवर्धनका लागि गरिने लगानी ।
- समुदायका सदस्यहरुको जनसहभागिता ।

उपरोक्त नियमित र सम्भावित स्रोतहरुवाट प्राप्त हुने रकममा नपुग हुने रकम व्यवस्थापन गर्नका लागी देहाय वमोजिमका वैकल्पिक रणनीतिहरु अवलम्वन गरिने छन्।

क) समुदायका सदस्यहरुको जनसहभागिताको योगदानमा वृद्धी गरिने छ ।

ख) समुदाय र निजि क्षेत्रको लगानी प्रवर्धन गर्न आर्थिक प्रोत्साहन र प्रविधि सहयोग उपलव्ध गराइने छ ।

ग) सामुदायिक पुर्वाधार, सामुदायिक उद्यम सृजना र ठुला पर्यटन पुर्वाधार निर्माणमा सामुदायिक निजि समुदायिक साझेदारी (PPPP) अवधारणा लागु गरिनेछ ।

घ) गाउँपालिका भित्र सञ्चलनमा रहेका सहकारी संस्थाहरुलाई पर्यटनमा आधारित उद्यम बिकासका लागि प्रयोग गर्न सहजिकरण गरिनेछे छ ।

ङ) आवश्यकता अनुसार स्थानीय सरकारहरुसंग मिलेर अन्य बिकास तथा संरक्षण साझेदार निकायहरुको सहयोग जुटाउन पहल गरिने छ ।

च) बैंक, वित्तीय संस्था तथा सहकारीहरु लाई पर्यटन क्षेत्रमा लगानी गर्ने वातावरण सृजना गरिने छ ।

छ) समुदायमा आधारित संस्थाहरु र स्थानिय गैर सरकारी संस्थाहरुलाई पर्यटन क्षेत्रमा योगदान गर्न प्रोत्साहित गरिनेछ ।

## ४.३ योजना अनुगमन तथा मुल्याङ्कन

गाउँपालिकाले अन्य निकायहरुसंग समेत समन्वय र सहकार्य गरी आ—आफ्ना मातहतका निकायहरुको परिचालन गरि देहायका विधिहरु अवलम्वन गरी पञ्चवर्षिय पर्यटन योजनाको कार्यन्वयनको अनुगमन र मुल्यांकन गर्ने कार्य गर्ने छ ।

*तालिका नं. १५: पर्यटन विकास योजना अनुगमन तथा मूल्याङ्कन तालिका*

| क्र.स. | अनुगमन तथा मुल्याङ्कन कार्य | समय तालिका | अनुगमन विधी |
|---|---|---|---|
| १ | आधार प्रतिवेदन तयारी | आको ०७६/२०७५.व. महिना ६पहिलो | यसै योजनामा समावेश गरिएका विवरणहरु र विभिन्न समिति तथा निकायहरुवाट प्राप्त विवरण थप गरि प्रतिवेदन तयार गर्ने |
| २ | वार्षिक प्रगति समीक्षा प्रतिवेदन | आको अन्तमा .व. | बार्षिक प्रतिवेदन, वार्षिक प्रगति समीक्षा कार्यशाला गोष्ठी सञ्चालन |
| ३ | मध्यावधी मुल्याङ्कन | तेश्रो वर्षको दोश्रो तीन महिनामा | वाह्य स्वतन्त्र परामर्शदाता समूहबाट |
| ४ | योजनाको अन्तिम मुल्याङ्कन | पाँचौं वर्षको मध्यमा | वाह्य स्वतन्त्र परामर्शदाता समूहबाट |

अनुगमन तथा मुल्यांकनवाट प्राप्त नतिजाको आधारमा आवश्यकता अनुसार पर्यटन योजना कार्यन्वयनका रणनीति एवं क्रियाकलापहरु पुनरावलोकन र सुधार गरिने छ । नियमित अनुगमन तथा मुल्यांकन कार्यका अलावा पर्यटक र पर्यटक गाइड, पर्यटन व्यवसायी, पर्यटन समिति लगायतका निकायद्धारा दिइने सुझावहरुलाई समेत मुल्यांकनको महत्वपूर्ण तथ्याङ्क स्रोतका रुपमा लिइने छ । अनुगमन तथा मुल्यांकन वाट प्राप्त सुझावहरुका कार्यन्वयनका लागि गाउँपालिका, वाड प्रतिनिधिहरु कार्यरत संघ संस्थाहरु, आमा समुहहरु होमस्टे व्यवस्थापन समितिहरु, होटल व्यवसायिहरु, लगायतको संयन्त्रको परिचालन गरिनेछ ।

## ४.४ प्रमुख कार्यक्रम, क्रियाकलाप, बजेट तथा कार्यान्वयन जिम्मेवारी

१. सँस्थागत संरचना सुदृढिकरण तथा क्षमता अभिवृद्धि ।

२. पर्यटकीय गन्तव्य विस्तार र पर्यटन उत्पादन तथा क्रियाकलापहरुको स्तरोन्नति, विविधिकरण एवं विशिष्टिकरण ।

३. पर्यटन पूर्वाधारहरुको विकास, स्तरोन्नति तथा बिस्तार

४. पर्यटन सूचना तथा अनुवाद सुबिधा बिकास ।

५. पर्यटन प्रवर्धन तथा बजारीकरण ।

६. पर्यटन उद्यम सृजना, रोजगारी अभिवृद्धि तथा संरक्षणमा स्थानिय समुदायको सहभागितामा अभिवृद्धि ।

७. जैविक बिविधता तथा भू–परिधिको दिगो संरक्षण र प्रवर्धन ।

८. सांस्कृतिक, धार्मिक तथा पूरातात्विक सम्पदाहरुको दिगो संरक्षण तथा प्रवर्धन ।

*तालिका नं : १६ प्रमुख कार्यकम, कृयाकलाप, बजेट तथा कार्यान्वियन जिम्मेवारी तालिका*

| क.स. | प्रमुख कार्यकम तथा गतिविधी | स्थान | लक्ष्य | | बजेट .रु) (हजारमा | वार्षिक लक्ष्य | | | | | कार्यन्वयन गर्ने निकाय र लगानीको सम्भाव्य श्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ईकाई | परिणाम | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | सहयोगी संस्था | नेतृत्वदायी संस्था |
| भौतिक पुर्वाधार तर्फ | | | | | | | | | | | | |
| १ | प्रवेश द्वार निर्माण | राहुघाट, तिप्लयाङ, झीं | वटा | ३ | २४०० | २ | १ | | | | रघुगंगा गा.पा. | वाड नं १, ३ र ५ |
| २ | सुचना वोर्ड | रहुघाट, तिप्लयाङ र झीं | वटा | ३ | ६० | ३ | | | | | रघुगंगा गा.पा. | वाड नं १, ३ र ५, पर्यटन सुचना केन्द्र |
| ३ | संकेतहरु निर्माण | सबै पदमार्गहरुमा | वटा | आवश्कतानुसार | १५० | | | | | | रघुगंगा गा.पा. | समवन्धित वाड |
| ४ | पदमार्गहरु निर्माण तथा स्तरोन्नती | - धौलागिरी आईसफल पदमार्ग<br>- धौलागिरी सेचुरी पदमार्ग<br>- रघुगंगा पदमार्ग<br>- तिप्लाङ, रुईसे, गलेश्वर पदमार्ग<br>- तिप्लाङ, धौ वे क्याम्प पदमार्ग | वटा | ५ | ५००० | १ | २ | १ | १ | | रघुगंगा गा.पा.,TAAN, NATTA म्याग्दी उद्योग वाणिज्य संघ, जिसस, | सम्वन्धित वाड,TAAN, म्याग्दी उद्योग वाणिज्य संघ, |
| ५ | भ्यु टावर निर्माण | रुईसे,(ताराखसे) | वटा | १ | १५०० | १ | | | | | रघुगंगा गा.पा., म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी | रुईसे क्षेत्र विकास समिति, म्याग्दी उद्योग वाणिज्य |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | जिसस. | संघ, म्याग्दी जिसस. |
| ६ | सार्वजनिक सौचालय निर्माण | रुईसे, रिखार, मंगले कृष्णमन्दिर (निर्माणाधिन) टोड्के धवलागिरि वेस क्याम्प, मौवाफाँट | वटा | ६ | ६००० | ३ | २ | १ | | | रघुगंगा गा.पा. | सम्वन्धित वाडहरु तथा उपभोक्ता समितिहरु |
| ७ | खानेपानी धारा निर्माण | पदमार्गहरु, टोड्के, मालिका धुरी | वटा | १० | १२०० | ५ | ५ | | | | रघुगंगा गा.पा. | सम्वन्धित वाड, क्षेत्र विकास समितिहरु |
| ८ | फोहोर व्यवस्थापनको लागि डस्टविन खरिद | सबै वाड तथा पदमार्ग, धौलागिरी वेस क्याम्प | वटा | ५० | १२० | २० | २० | १० | | | रघुगंगा गा.पा. | सम्वन्धित वाड, टोल सुधार समितिहरु |
| ९ | झोलुङ्गे पुल निर्माण | चिमखोला (सिस्नेरी-राणखोर) दर्मीजा पाखापानी दग्नाम झी रिखार मन्दिर | वटा | ४ | १०००० | १ | १ | १ | १ | | रघुगंगा गा.पा. | सम्वन्धित वाडहरु |
| १० | वगैचा निर्माण | वादुक, रुइसे, राम्रुपिस्ले | वटा | ३ | १५०० | १ | १ | १ | | | रघुगंगा गा.पा. | सम्वन्धित वाड, |
| ११ | सत्तल पार्टी पौवा निर्माण | टोड्के, रिखार, वेसक्याम्प, दुवाडी गेट, | वटा | ४ | ४००० | | १ | १ | १ | १ | रघुगंगा गा.पा. | सम्वन्धित वाड, |
| १२ | पिकनिक स्थल निर्माण | रुईसे, टोड्के, मुट्टुकाटे डाँडा, पातलकटेरा | वटा | ४ | १२०० | १ | १ | १ | | १ | रघुगंगा गा.पा. | सम्वन्धित वाड, |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | संग्राहलय निर्माण | गाउँपालिका स्तरिय | वटा | १ | २००० | | १ | | | | रघुगंगा गा.पा., | रघुगंगा गा.पा., |
| १४ | मठ मन्दिर, सम्पदा संरक्षण तथा स्तरोन्नती | भगवती, टोड्के, गायत्री मन्दिर | वटा | ३ | १५०० | १ | | १ | | १ | रघुगंगा गा.पा. | सम्वन्धित वाड, |
| १५ | पर्यटन सुचना केन्द्र निर्माण | गायत्री मन्दिर, टोड्के, तिप्लयाङ | वटा | ३ | ३००० | १ | १ | | १ | | रघुगंगा गा.पा., पर्यटन सुचना केन्द्र बेनी | रघुगंगा गा.पा. |
| १६ | सामुदायिक आवास गृह निर्माण | दुवाडी | वटा | १ | ४००० | | १ | | | | रघुगंगा गा.पा. | सम्वन्धित वाडहरु |
| १७ | टेन्टिङ क्याम्पिङका लागि न्युनतम पुर्वाधार निर्माण | टोड्के, सोवाङ, दहबुकी, दुवाडी | वटा | ४ | १५०० | १ | | १ | १ | १ | रघुगंगा गा.पा. | सम्वन्धित वाडहरु |
| १८ | तातोपानी कुण्ड संरक्षण तथा प्रचार प्रसार | दर्मिजा | वटा | १ | १२०० | १ | | | | | रघुगंगा गा.पा. | तातोपानि कुण्ड विकास समिति |
| आयआर्जन तथा क्षमता विकास तर्फ | | | | | | | | | | | | |
| १९ | आधारभूत एवं एड्भान्स होम—स्टे व्यवस्थापन तथा पाहुना सत्कार तालिम तथा भ्रमण | चिमखोला, झि. बेग, | पटक | १ | ८०० | १ | | | | | रघुगंगा गाउँपालिका,HOSAN Nepal | सवै वाडहरु |
| २० | आधारभूत एवं एडभान्स कुकिङ, हाउस किपिङ तथा लज व्यवस्थापन तालिम | सवै वाडहरु | पटक | १ | ३०० | १ | | | | | रघुगंगा गाउँपालिका, HAN Nepal | सवै वाडहरु |
| २१ | पर्यटक गाईड तथा पथ प्रदर्शक तालिम | सवै वाडहरु | पटक | १ | ५०० | १ | | | | | रघुगंगा गाउँपालिका | सवै वाडहरु |
| २२ | पर्यटन क्षेत्रको विकासका लागि स्थानिय तहमा अभिमुखिकरण तथा | सवै वाडहरु | पटक | १ | ८०० | | १ | | | | रघुगंगा गाउँपालिका | सवै वाडहरु |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास | | | | | | | | | | | |
| २३ | सम्भाव्य पर्यटन उद्यमी तथा कामदारहरुलाई पर्यटन सम्वन्धी सचेतना तथा उद्यमशिलता विकास तालिम | सवै वाडहरु | पटक | १ | ८०० | १ | | | | | रघुगंगा गाउँपालिका, विभिन्न संघ सस्थाहरु | सवै वाडहरु |
| २४ | कृषी पर्यटनका लागि व्यवसायिक कृषी फारम संचालनमा सहयोग तथा अर्गानीक कृषी उपज उत्पादन तालिम | सबै वाडहरु | पटक | २ | १००० | | १ | १ | | | रघुगंगा गाउँपालिका | सम्वन्धित वाडहरु |
| २५ | पशु फार्महरु संचालनमा सहयोग | सबै वाडहरु | पटक | १ | १००० | | | १ | | | रघुगंगा गाउँपालिका | सम्वन्धित वाडहरु |
| २६ | माछा फर्महरु संचालनमा सहयोग | वेगखोला, राखूपिप्ले, | वटा | २ | ५०० | | १ | १ | | | रघुगंगा गाउँपालिका, | सम्वन्धित वाडहरु |
| २७ | हस्तकालाका सामाग्री निर्माण तालिम | सबै वाडहरु | पटक | १ | ५०० | | | | १ | | रघुगंगा गाउँपालिका, | सम्वन्धित वाडहरु |
| २८ | संग्राहलय तथा पर्यटन सुचना केन्द्र व्यवस्थापन तालिम | गाउँपालिका स्तर | वटा | १ | २०० | १ | | | | | रघुगंगा गाउँपालिका, पर्यटन सुचना केन्द्र, | रघुगंगा गाउँपालिका |
| २९ | स्थानिय वातावरण,सांस्कृति र परम्परागत वस्तुकला निर्माण सम्वन्धि सिकर्मी डकर्मी तालिम | सबै वाडहरु | वटा | १ | ५०० | | | १ | | | रघुगंगा गाउँपालिका, | सबै वाडहरु |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | विपद जोखिम न्युनिकरण, व्यवस्थापन, आपतकालिन उद्दार तथा प्रथामिक उपचार तालिम | सवै वाडहरु | पटक | १ | २०० | १ | | | | | रघुगंगा गाउँपालिका, जिल्ला विपद व्यवस्थापन समिति | वडा स्तरिय विपद व्यवस्थापन समिति |
| ३१ | प्रत्येक होमस्टेहरुमा कम्पोस्टिङ पिट तथा करेसावारी व्यवस्थापन तालिम | सवै वाडहरु | पटक | १ | ४०० | | १ | | | | रघुगंगा गाउँपालिका | होमस्टे संचालन हुने सवै वाडहरु |
| ३२ | लोप हुन लागेका गित संगित मेलाहरुको प्रवर्धन तथा सांस्कृतिक सांगितिक / कार्यक्रमहरु आयोजना | झीं , वेगखोला, चिमखोला, दग्नाम | पटक | १ | ४०० | | | १ | | | रघुगंगा गाउँपालिका, विभिन्न जातजातिका संघ सस्थाहरु | सवै वाडहरु |
| ३३ | सांस्कृतिक समुहहरुलाई सांस्कृतिका सामाग्री तथा तालिम | सवै वाडहरु | पटक | १ | ३०० | | १ | | | | रघुगंगा गाउँपालिका, विभिन्न जातजातिका संघ सस्थाहरु | सवै वाडहरु |
| **प्रवर्धन समन्यव तथा सहकार्य** | | | | | | | | | | | | |
| ३४ | पर्यटन ईकाईको स्थापना | गाउँपालिका स्तर | वटा | १ | १०० | १ | | | | | रघुगंगा गाउँपालिका, | रघुगंगा गाउँपालिका |
| ३५ | भिडियो डकुमेन्ट्रि, फुटेज निर्माण तथा पर्यटकिय सुचना प्रसारण (डिजिटल) | गाउँपालिका स्तर | पटक | १ | ५०० | १ | | | | | रघुगंगा गाउँपालिका, म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी जेसिज, धौलागिरी पर्यटन परिषद, जिल्ला | रघुगंगा गाउँपालिका |


| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | समन्वय समिति, पत्रकार महासंघ,मिडिया सोसाईटी, पर्यटन वोर्ड, टेलिभिजन | |
| ३६ | गाउँपालिका, म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी जेसिज, धौलागिरी पर्यटन परिषद, जिल्ला समन्वय समिति, पत्रकार महासंघ,TAAN Nepal, HAAN Nepal, HOSAN, NATO,SOTTO, REEBAN पर्यटन वोर्ड जस्ता निकायहरुसंग समन्यव तथा सहकार्य गर्ने | गाउँपालिका स्तर | पटक | २ | २०० | १ | | १ | | | रघुगंगा गाउँपालिका, म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी जेसिज, धौलागिरी पर्यटन परिषद, जिल्ला समन्वय समिति, पत्रकार महासंघ,TAAN Nepal, HAAN Nepal, पर्यटन वोर्ड, | रघुगंगा गाउँपालिका |
| ३७ | पर्यटन विकास र प्रवर्धनका लागि पर्यटन तथा संरक्षण कोष स्थापना गरि म्याचिङ फण्ड उपलव्ध गराउने | गाउँपालिका स्तर | पटक | १ | ५०० | १ | | | | | रघुगंगा गाउँपालिका, म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी जेसिज, धौलागिरी पर्यटन परिषद, जिल्ला समन्वय समिति, पर्यटन वोर्ड, | रघुगंगा गाउँपालिका |
| ३८ | पर्यटन विकास, प्रवर्धन र व्यवस्थापनाका उत्कृष्ट नमुनाहरुको | गाउँपालिका स्तर | पटक | १ | १००० | १ | | | | | रघुगंगा गाउँपालिका, | सवै वाडहरु |




| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अध्ययनका लागि अध्ययन अवलोकन भ्रमण आयोजना गर्ने | | | | | | | | | | | |
| ३९ | पर्यटकिय गन्तव्यका स्थानहरु, होमस्टे, होटलहरुमा प्रभावकारि इन्टरनेट तथा वाईफाई सुविधा उपलव्ध गराउन सहजिकरण | गाउँपालिका स्तर | पटक | १ | २०० | | १ | | | | गाउँपालिका स्तर, विभिन्न संचार तथा सुचना प्रविधि संग सम्वन्धित कम्पनिहरु | गाउँपालिका तथा वाडहरु |
| ४० | आन्तरिक पर्यटन वजारलाई आकर्षित र विस्तारका लागि पत्रिका,रेडियो, टेलिभिजन, मार्फत सामाचार तथा विज्ञापन प्रकाशन गर्ने, व्रोसर प्रकाशन गर्ने | गाउँपालिका स्तर | पटक | १ | ३०० | १ | | | | | रघुगंगा गाउँपालिका, मिडिया सोसाईटी पत्रकार महासंघ, पर्यटन वोर्ड, टेलिभिजन | रघुगंगा गाउँपालिका |

# अनुसूचीहरु


*अनुसूची १- पदमार्गको नक्शा*



# धौलागिरी सेन्चुरी पदमार्गको नक्सा



अनुसूची २- पर्यटकिय स्थलहरुको नक्शा



## अनुसूची नं ३: तथ्याङ्क संकलन तथा छलफल गोष्ठीहरु र योजनाको प्रस्तुतिकरणमा सहभागिहरुको विवरण

वडाको नामः वेगखोला　　वाड नं : १　　मितिः २०७५।०१।२१

| क.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | बिल व फगामी | वाड अध्यक्ष | रघुगंगा — १, वेगखोला |
| २ | विष्णु पुन | महिला सदस्य | रघुगंगा — १, वेगखोला |
| ३ | गौमाया वि.क. | दलित महिला सदस्य | रघुगंगा — १, वेगखोला |
| ४ | यम वहादुर गर्वुजा | टोल संयोजक | रघुगंगा — १, वेगखोला |
| ५ | याम वहादुर गर्वुजा | टोल संयोजक | रघुगंगा — १, वेगखोला |
| ६ | ओम कुमारी थापा फगामी | सामाजिक परिचालक | रघुगंगा — १, वेगखोला |
| ७ | लोक वहादुर फगामी | समाज सेवी | रघुगंगा — १, वेगखोला |
| ८ | गंगा वहादुर वि.क. | समाज सेवी | रघुगंगा — १, वेगखोला |
| ९ | रमेश परियार | समाज सेवी | रघुगंगा — १, वेगखोला |
| १० | सम वहादुर रोका | समाज सेवी | रघुगंगा — १, वेगखोला |
| ११ | वेल वहादुर थजाली | समाज सेवी | रघुगंगा — १, वेगखोला |
| १२ | भिम प्रसाद पुन | ना.प्रा.स्वा.प. | रघुगंगा — १, वेगखोला |
| १३ | केश वहादुर नेपाली | समाज सेवी | रघुगंगा — १, वेगखोला |
| १४ | सिता फगामी | समाज सेवी | रघुगंगा — १, वेगखोला |

वडाको नामः भगवती　　वाड नं : २　　मितिः २०७५।०१।२०

| क.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | रिम वहादुर के.सी. | वाड अध्यक्ष | रघुगंगा -२, भगवती |
| २ | विष्णु कुमारी भण्डारी | महिला सदस्य | रघुगंगा -२, भगवती |
| ३ | रसिला परियार | दलित महिला सदस्य | रघुगंगा -२, भगवती |
| ४ | वलराम पौडेल | वडा सचिव | रघुगंगा -२, भगवती |
| ५ | विस्न वहादुर भण्डारी | प्रा.स. | रघुगंगा -२, भगवती |
| ६ | देवेन्द्र वहादुर मल्ल | समाज सेवी | रघुगंगा -२, भगवती |
| ७ | चेतनाथ सुवेदी | समाज सेवी | रघुगंगा -२, भगवती |
| ८ | सविना कुमारी के.सी. | महिला स्वास्थ स्वयम सेविका | रघुगंगा -२, भगवती |
| ९ | माया शर्मा अधिकारी | सामाजिक परिचालक | रघुगंगा -२, भगवती |
| १० | सरस्वती के.सी. | समाज सेवी | रघुगंगा -२, भगवती |
| ११ | विमला गिरी | समाज सेवी | रघुगंगा -२, भगवती |
| १२ | पानमति कटुवाल क्षेत्री | समाज सेवी | रघुगंगा -२, भगवती |

वडाको नामः दग्नाम　　वाड नं :४　　मितिः २०७५।०१।२२

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | रुक वहादुर गर्वुजा | वाड अध्यक्ष | रघुगंगा - ४, दग्नाम |
| २ | धन प्रसाद गर्वुजा | वाड सदस्य | रघुगंगा - ४, दग्नाम |
| ३ | कृष्ण वहादुर गर्वुजा | वाड सदस्य | रघुगंगा - ४, दग्नाम |
| ४ | विना गर्वुजा | महिला सदस्य | रघुगंगा - ४, दग्नाम |
| ५ | सविता दर्जै | दलित महिला सदस्य | रघुगंगा - ४, दग्नाम |
| ६ | भोलानाथ आचार्य | वडा सचिव | रघुगंगा - ४, दग्नाम |
| ७ | मुकेश गर्वुजा | समाज सेवी | रघुगंगा - ४, दग्नाम |
| ८ | तुल वहादुर गर्वुजा | समाज सेवी | रघुगंगा - ४, दग्नाम |
| ९ | याम वहादुर विक. | समाज सेवी | रघुगंगा - ४, दग्नाम |
| १० | नन्द वहादुर गर्वुजा | समाज सेवी | रघुगंगा - ४, दग्नाम |

वडाको नामः झीं वाड नं :५ मितिः २०७५।०२।०६

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | मन वहादुर शेरमन्जा | वाड अध्यक्ष | रघुगंगा — ५, झीं |
| २ | वल वहादुर शेरपुन्जा | वाड सदस्य | रघुगंगा — ५, झीं |
| ३ | कृष्ण वहादुर पुन | वाड सदस्य | रघुगंगा — ५, झीं |
| ४ | डेक प्रसाद गर्वुजा | होमस्टे अध्यक्ष | रघुगंगा — ५, झीं |
| ५ | प्रेम प्रसाद जसवाल | हेईन्चार्ज .पो . | रघुगंगा — ५, झीं |
| ६ | जस वहादुर थजाली | वडा सचिव | रघुगंगा — ५, झीं |
| ७ | संक वहादुर थजाली | मोहनि भिर साअध्यक्ष .व. | रघुगंगा — ५, झीं |
| ८ | टिका वहादुर शेरपुन्जा | समाज सेवी | रघुगंगा — ५, झीं |
| ९ | पोक वहादुर पुन | समाज सेवी | रघुगंगा — ५, झीं |
| १० | पुर्ण वहादुर पुन | समाज सेवी | रघुगंगा — ५, झीं |
| ११ | मन वहादुर पुन | समाज सेवी | रघुगंगा — ५, झीं |
| १२ | दिल वहादुर शेरपुजा | समाज सेवी | रघुगंगा — ५, झीं |
| १३ | धन वहादुर थजाली | समाज सेवी | रघुगंगा — ५, झीं |
| १४ | अक्कल वहादुर थजाली | समाज सेवी | रघुगंगा — ५, झीं |
| १५ | मिन वहादुर रोका | समाज सेवी | रघुगंगा — ५, झीं |
| १६ | लुमायाँ गर्वुजा | समाज सेवी | रघुगंगा — ५, झीं |
| 17 | सिता शेरपुन्जा | समाज सेवी | रघुगंगा — ५, झीं |
| 18 | धन वहादुर शेरपुन्जा | समाज सेवी | रघुगंगा — ५, झीं |
| 19 | श वहादुर शेरपुन्जा | समाज सेवी | रघुगंगा — ५, झीं |
| 20 | दिलमाया छिनाल | समाज सेवी | रघुगंगा — ५, झीं |
| 21 | यज्ञ वहादुर कार्की | वडा सचिव | रघुगंगा — ५, झीं |

वडाको नामः पाखापानी वाड नं :६ मितिः २०७५।०२।०६

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | टेकजित छन्त्याल | वाड सदस्य | रघुगंगा — ६, पाखापानी |
| २ | धुर्व कुमार पाईजा | समाजसेवी | रघुगंगा — ६, पाखापानी |
| ३ | रुपी छन्त्याल | समाजसेवी | रघुगंगा — ६, पाखापानी |
| ४ | सिता पुन | समाजसेवी | रघुगंगा — ६, पाखापानी |
| ५ | द कुमारी पुन | समाजसेवी | रघुगंगा — ६, पाखापानी |
| ६ | चिना पुन | समाजसेवी | रघुगंगा — ६, पाखापानी |
| ७ | विनु पुन राम्जाली | अ.व.हे. | रघुगंगा — ६, पाखापानी |
| ८ | दिल कुमारी चोचाङ्गे | समाजसेवी | रघुगंगा — ६, पाखापानी |
| ९ | दालमाया पाईजा शेरपुन्जा | समाजसेवी | रघुगंगा — ६, पाखापानी |

वडाको नामः चिमखोला वाड नं : ७ मितिः २०७५।०२।०७

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | देउ प्रसाद पुन | वाड अध्यक्ष | रघुगघगा — ७, चिमखोला |
| २ | लक्ष्मन पुन | वाड सदस्य | रघुगघगा — ७, चिमखोला |
| ३ | नरसिंङ थापा | वाड सदस्य | रघुगघगा — ७, चिमखोला |
| ४ | वुद्दीमाया पहरे पुन | महिला सदस्य | रघुगघगा — ७, चिमखोला |
| ५ | तारादेवी वाग्दास | दलित महिला सदस्य | रघुगघगा — ७, चिमखोला |
| ६ | डङ्ग वहादुर पुन | टोल प्रतिनिधी | रघुगघगा — ७, चिमखोला |
| ७ | हिम वहादुर पुन | सा .व.प्रतिनिधी | रघुगघगा — ७, चिमखोला |
| ८ | भक्त वहादुर थापा | व्यपार व्यवसायी | रघुगघगा — ७, चिमखोला |
| ९ | पृथ वहादुर थापा | प्र.अ . | रघुगघगा — ७, चिमखोला |
| १० | धुर्व कुमार पाईजा | पर्यटन व्यवसायी | रघुगघगा — ७, चिमखोला |
| ११ | चिना पुन | व्यपार व्यवसायी | रघुगघगा — ७, चिमखोला |
| १२ | थविना तिलिजा | सामाजिक परिचालक | रघुगघगा — ७, चिमखोला |
| १३ | नरमाया वि.क. | समाज सेवी | रघुगघगा — ७, चिमखोला |

वडाको नामः कुईनेमंगले वाड नं : ८ मितिः २०७५।०२।०८

| क्र.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | गमान छन्त्याल | वाड अध्यक्ष | रघुगंगा — ८, कुइनेमंगले |
| २ | याम कुमारी घर्ती | वाड सदस्य | रघुगंगा — ८, कुइनेमंगले |
| ३ | ख वहादुर छन्त्याल | वुद्दिजीवी | रघुगंगा — ८, कुइनेमंगले |
| ४ | श्याम वहादुर छन्त्याल | युवा प्रतिनिधी | रघुगंगा — ८, कुइनेमंगले |


| | | | |
|---|---|---|---|
| ५ | कृतिमान छन्त्याल | वुद्दिजिवी | रघुगंगा — ८, कुइनेमंगले |
| ६ | विमाया घर्ती | वास सहजकर्ता | रघुगंगा — ८, कुइनेमंगले |
| ७ | निस्मा छन्त्याल | सा.स.पो. | रघुगंगा — ८, कुइनेमंगले |
| ८ | गिता पुन | आमा समुह प्रतिनिधी | रघुगंगा — ८, कुइनेमंगले |
| ९ | जित वहादुर वराल | शिक्षक | रघुगंगा — ८, कुइनेमंगले |
| १० | भविलाल खड्का | स्वास्थ संयोजक | रघुगंगा — ८, कुइनेमंगले |

**पर्यटन गुरुयोजनाको वस्तुगत विवरणको प्रस्तुतिकरण कार्यक्रममा उपस्थित सहभागीहरुको विवरण**



मितिः २०७५।०३।०७

| क.स. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | भव वहादुर भण्डारी | अध्यक्ष | रघुगंगा गा.पा |
| २ | कमला तिलिजा | उपाध्यक्ष | रघुगंगा गा.पा |
| ३ | नारायण प्रसाद चापागाईं | प्रमुख प्रासासकिय अधिकृत | रघुगंगा गा.पा |
| ४ | देउ प्र. पुन | वाड अध्यक्ष - ७ | रघुगंगा गा.पा |
| ५ | गमन छन्त्याल | वाड अध्यक्ष - ८ | रघुगंगा गा.पा |
| ६ | यम कुमारी गोतामे घर्ती | कार्यपालिका सदस्य | रघुगंगा गा.पा |
| ७ | प्रेम नाथ शर्मा | वाड सदस्य - ३ | रघुगंगा गा.पा |
| ८ | पदम वहादुर भण्डारी | कार्यक्रम अधिकृत | जिल्ला आयोजना कार्यन्वयन इकाई |
| ९ | लक्ष्मी प्रसाद पौडेल | संयोजक पशु सेवा शाखा | रघुगंगा गा.पा |
| १० | दयराम पौडेल | ना.सु | रघुगंगा गा.पा |
| ११ | त्रिविक्रम शर्मा | लेखापाल | रघुगंगा गा.पा |
| १२ | सोनिया शर्मा | खरिदार | रघुगंगा गा.पा |
| १३ | गोपी भण्डारी | का.स. | रघुगंगा गा.पा |
| १४ | वासुदेव सुवेदी | अध्यक्ष (अपाङ्ग समिति) | रघुगंगा गा.पा |
| १५ | शिव वहादुर थापा | | रघुगंगा गा.पा |
| १६ | राम चन्द्र सेढाई | पर्यटन विज्ञ | |
| १७ | लक्ष्मी पुन | पर्यटन विज्ञ | |

अनुसूची ४- फोटोहरु


वडा स्तरिय तथाङ्क संकलन तथा छलफल वैठक

पर्यटन गुरुयोजनाको प्रस्तुतिकरण कार्यक्रम



धौलागिरी वेस क्याम्प



रघुगंगा नदिको उद्गम स्थल

म्याग्दी भ्रमण वर्ष - २०७५
Visit Myagdi - 2075



## सन्दर्भ सामाग्री


१. जिल्ला पर्यटन विकास गुरुयोजना
२. गाउँपालिकाको वस्तुगत विवरण
३. गाउँ विकास समितिका वस्तुगत विवरणहरु
४. म्याग्दी उद्योग वाणिज्य संघका स्मारिकाहरु
५. म्याग्दी भ्रमण वर्ष २०७५ ब्रोसर
६. बिभिन्न अनलाईन पत्र पत्रिकाहरु
७. संस्कृति पर्यटन तथा नागरिक उडड्यान मन्तत्रालयको वेवसाईट
८. राष्ट्रिय प्रकृति संरक्षण कोषको वेवसाईट
९. जिल्ला समन्व समितिको वेवसाईट
१०. चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्र पर्यटन योजना २०७४/०७५ — २०७८/०७९
११. सामुदायिक वन उपभोक्ता समुहहरुको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन २०७३/७४, जिल्ला वन कार्यालय म्याग्दी